# बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय-
अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह
दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
सोमनाथ शर्मा
रोल नं १०३
त्रि.वि. रजिष्ट्रेसन नं ६-३-२८-२१७-२०११
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०७३

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका विद्यार्थी श्री सोमनाथ शर्माले **बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण** शीर्षकको प्रस्तुत शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७३/११/०२

...............................

उपप्रा. डा. अशोक थापा

नेपाली केन्द्रीय विभाग

कीर्तिपुर

# त्रिभुवन विश्वविद्यालय

## मानविकी तथा सामाजिकशास्त्र सङ्काय

## नेपाली केन्द्रीय विभाग, कीर्तिपुर

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागका छात्र **सोमनाथ शर्मा**ले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण** शीर्षकको शोधपत्रको आवश्यक मूल्याङ्कन गरी स्वीकृत प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
| --- | --- |
| १. प्रा.डा. देवीप्रसाद गौतम<br>(विभागीय प्रमुख) | ................................ |
| २. उप. प्रा. डा. अशोक थापा<br>(शोध निर्देशक) | ................................ |
| ३. सह. प्रा. डा. लक्ष्मण गौतम<br>(बाह्य परीक्षक) | ................................ |

मिति: २०७३/११/१२

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरू उपप्रा. डा. अशोक थापाको प्राज्ञिक निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र चुनौतिहरूसँग जुध्ने प्रेरणा दिँदै सही मार्गनिर्देश गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यावहारिक कार्य व्यस्तताहरूलाई थाती राखी कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञताज्ञापन एवम् श्रद्धाभाव व्यक्त गर्दछु ।

प्रस्तुत शोध विषयमा उपयुक्त किसिमको सल्लाह दिई शोधकार्य गर्न अवसर जुटाउने आदरणीय गुरु प्रा.डा. देवीप्रसाद गौतम तथा नेपाली केन्द्रीय विभागप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

सदा इज्जत र प्रतिष्ठाका लागि जीवनमा सङ्घर्ष गर्नुपर्छ भन्ने नैतिक अर्ती उपदेश दिई "**विद्याधनं सर्वधनं प्रधानम्**" भन्ने मान्यतालाई आत्मसात गर्दै आर्थिक र व्यावहारिक समस्यासँग सङ्घर्ष गरेर आफ्नो अमूल्य श्रम र पसिना खर्च गरी मेरो अध्ययनलाई यस अवस्थासम्म पुऱ्याउनु हुने परम पूज्य पिता श्री धर्मेन्द्रप्रसाद शर्मा र माता उमादेवी शर्माप्रति आजन्म ऋणी छु । मलाई शैक्षिक प्रगतिको लागि सदा सहयोग, सल्लाह र "**विद्ययाऽमृतमश्नुते**" लाई आत्मसाथ गर्नु हुने साथै समय समयमा यस शोधलेखनका क्रममा विभिन्न किसिमका सहयोग गर्ने कुरेश पाण्डेय, प्रेमकुमार शर्माप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

सामग्री सङ्कलनका क्रममा त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाल भारत पुस्तकालय, वाल्मीकि विद्यापीठ पुस्तकालयप्रति आभार व्यक्त गर्दछु ।

शोधशीर्षक चयनदेखि शोधपत्रको अन्तिम स्वरूप तयार गर्दासम्म आइपरेका शैक्षिक समस्याको हल गर्न सहयोग गर्ने यानु शर्मा, शिवराज रेग्मी, प्रकाश सापकोटा, सन्तोष आचार्य, मणिराज दाहाल, वसन्तराज जोशीलाई म कहिल्यै बिसर्न सक्दिन । त्यसै गरी प्रस्तुत शोधकार्य शुद्धसँग टङ्कन गरिदिने न्यू प्रकृति कम्प्युटर सेन्टर कीर्तिपुरलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा म यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

शैक्षिक सत्र २०६९/०७०

क्याम्पस रोल नं. १०३

: २०७३/११/१२


........................

**सोमनाथ शर्मा**

स्नातकोत्तर तह दोस्रो वर्ष  मिति

नेपाली केन्द्रीय विभाग

त्रि.वि कीर्तिपुर

# विषयसूची

## परिच्छेद : एक


**शोधपत्रको परिचय** **१-६**

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ उद्देश्यकथन २

१.४ पूर्वकार्यको समिक्षा २

१.५ शोधपत्रको औचित्य र महत्त्व ५

१.६ शोधपत्रको सीमाङ्कन ५

१.७ सामग्री सङ्कलन विधि ५

१.८ सैद्धान्तिक ढाँचा र शोधविधि ५

१.९ सङ्गठन वा शोधपत्रको रूपरेखा ६


## परिच्छेद : दुई


**गजलको सैद्धान्तिक परिचय** **७-२५**

२.१ परिचय ७

२.२ गजलको व्युत्पत्तिगत अर्थ ८

२.३ गजलको कोशीय अर्थ ८

२.४ गजलको परिभाषा ९

२.५ गजलका तत्त्वहरू ११

२.५.१ गजलका आन्तरिक तत्त्वहरू १२

२.५.२ गजलका बाह्य तत्त्वहरू १३

२.५.३ निष्कर्ष २५

## परिच्छेद : तीन

## नेपाली गजलको विकासमा बर्दिया जिल्लाका प्रतिनिधि गजल सङ्ग्रको विश्लेषण र योगदान २६-४७


३.१ विषयपरिचय २६

३.२ नेपाली गजलको विकासक्रम २६

३.२.१ पहिलो चरण (१९४१ – २० २७

३.२.२. दोस्रो चरण (२००३ - २०३ २९

३.२.३ तेस्रो चरण (२०३६ – हालसम्म) ३१

३.२.३.१ पुनर्जागरण काल (२०३५ – २०५०) ३१

३.२.३.२ नेपाली गजलको विकासकाल (२०५०-हालसम्म) ३२

३.३ बर्दियाली गजलको वस्तुस्थिति र विकासक्रम ३६

३.३.१ गजल साहित्यलाई विकासक्रमका आधारमा दुई प्रकारले विभाजन गर्न सकिन्छ ३८

३.३.१.१ पहिलो चरण : वि. सं. २०५१-२०६२ ३८

३.३.१.२ दोश्रो चरण: वि.सं. २०६३ देखि हालसम्म ३८

३.४ बर्दिया जिल्लामा उदाएका गजलकारहरू ३९

३.५ बर्दियाली गजलको विकासमा लागेका पत्रपत्रिकाहरूको संक्षिप्त परिचय ४१

३.५.१ गजलमञ्जरी ४१

३.५.२ सपना ४२

३.५.३ गजलगङ्गा ४२

३.५.४ गजल उद्यान ४३

३.५.५ साहित्य गजल सरोवर ४३

३.५.६ शब्दासारथि ४३

३.५.७ लहर ४४

३.५.८ अविरल ४४

३.५.९ नयाँ मुलुक ४४

३.५.१० आरम्भ ४५

३.५.११ शारदासुधा ४५

३.५.१२ बबई पुञ्ज ४५

३.६ निष्कर्ष ४६

## परिच्छेद : चार

## बर्दिया जिल्लाक हरूको सर्वेक्षण ४८-१००

४.१ विषयप्रवेश ४८

४.२ गजलकार मधु ज्ञवाली र उनको 'पीडा अनन्त हुन्छ' गजलसङ्ग्रहको विश्लेषण ४८

४.३ गजलकार शशी मरासिनी र उनको 'नजुरेको धुन' गजलसङ्ग्रहको विश्लेषण ५०

४.४ गजलकार महानन्द ढकाल र उनको 'खण्डित आत्मा' गजलसङ्ग्रहको विश्लेषण ५२

४.५ गजलकार प्रकाश गिरी 'निश्चल' र उनको 'सपनाको सहर' गजलसङ्ग्रहको विश्लेषण ५५

४.६ गजलकार बी.वी. भिनाजु र उनको 'वेदनाका बुँदहरू' गजलसङ्ग्रहको विश्लेषण ५७

४.७ 'टहटह जून' गजलसङ्ग्रहको विश्लेषण ६०

४.८ 'अनन्त आकाशको यात्रा' गजलसङ्ग्रहको विश्लेषण ६३

४.९ स्मित गजलसङ्ग्रहको विश्लेषण ६५

४.१० आँशुको अनुवाद गजलसङ्ग्रहको विश्लेषण ६९

४.११ बर्दिया जिल्लाका फुटकर गजलकारहरू ७४

- ४.११.१ दीपक आचार्य 'जलन' ७४
- ४.११.२ निर्जल आकाश ७५
- ४.११.३ अञ्जानस्नेहा ७६
- ४.११.४ अमृत ढकाल निर्जन ७७
- ४.११.५ गोल्डेन उद्भास ७७
- ४.११.६ अञ्जु स्मारिका ७८
- ४.११.७ पर्वत ढकाल ७९
- ४.११.८ मानबहादुर खड्का ८०
- ४.११.९ अञ्जुस्मारिका सिंह ८१
- ४.११.१० अञ्जु अमेजन ८१
- ४.११.११ अभागी कान्छा ८२

४.११.१२ अन्जान अनुरागी ८२
४.११.१३ एम. के ८२
४.११.१४ कृष्ण गिरी मधुवन ८३
४.११.१५ तिर्थ थापा 'अविरल' ८३
४.११.१६ निर्जल आकास ८४
४.११.१७ प्रकाश थापा अनुपम ८४
४.११.१८ प्रज्ञा काफ्ले ८४
४.११.१९ प्रकाश न्यौपाने ८५
४.११.२० भागिरथ पौडेल ८५
४.११.२१ यशु केसी ८६
४.११.२२ राधिका भुषाल ८६
४.११.२३ विदुर खनाल ८७
४.११.२४ माल्दाई बी.सी ८७
४.११.२५ दत्तप्रसाद अधिकारी ८७
४.११.२६ अनुराधा गिरी सिर्जन ८८
४.११.२७ अशोक भण्डारी ८८
४.१२ बर्दियाली गजलका प्रवृत्तिहरू ८९
४.१३ निष्कर्ष ९९

**पाँचौ : परिच्छेद**

**उपसंहार तथा निष्कर्ष १०१-१०५**

**सन्दर्भग्रन्थसूची**

# सङ्क्षेपीकृत शब्दसूची

| सङ्क्षिप्त रूप | | पूर्ण रूप |
|---|---|---|
| अ.प्र. | : | अप्रकाशित |
| एम.ए. | : | मास्टर अफ आर्टस् |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| ते.सं. | : | तेस्रो संस्करण |
| सा.सं. | : | सातौँ संस्करण |
| गा.वि.स. | : | गाउँ विकास समिति |
| गो.प. | : | गोरखापत्र |
| ने.रा.प्र.प्र. | : | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | : | पृष्ठ |
| सम्पा. | : | सम्पादक |
| प्र. सम्पा. | : | प्रधान सम्पादक |
| त्रि.वि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| म.प. ग. प्र. | : | मध्यपश्चिम गजल प्रतिष्ठान |

# परिच्छेद : एक

# शोधपत्रको परिचय

## १.१ विषयपरिचय

नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रको भेरी अञ्चल अन्तर्गत पर्ने बर्दिया जिल्लाको सीमाभित्र रहेका गजलहरूको सर्वेक्षण यस शोधपत्रमा रहेको छ । बर्दिया नेपाली अवधि र थारु भाषीहरूको बसोबास भएको तराई जिल्ला हो । २०५५ वर्ग कि.मि. क्षेत्रफल ओगटेको बर्दिया जिल्ला प्राकृत धार्मिक, सांस्कृतिक, पर्यटकीय र कृषि उब्जाउका माध्यमले पनि महत्त्वपूर्ण मानिन्छ ।

बर्दिया जिल्लामा गजल लेखनको प्रारम्भ भने धेरै पछि मात्र भएको पाइन्छ । यस क्षेत्रबाट नेपाली भाषामा साहित्य सिर्जना गर्ने परम्पराको थालनी भने वि.सं. २०२९ सालमा 'वाणी' पत्रिका प्रकाशनसँगै भएको पाइन्छ ।

बर्दिया जिल्लामा गजललेखनको प्रारम्भ धरे पछि मात्र भएको पाइन्छ । वि.सं. २०३५/३६ देखि नेपाली भाषामा गजल लेख्ने जुन देशव्यापि लहर चल्यो त्यसको प्रभाव स्वरूप वि.सं.२०५१ सालदेखि बर्दियामा गजल लेखन कार्य आरम्भ भएको पाइन्छ । बर्दिया जिल्लाबाट पुस्तकाकार कृतिका रूपमा प्रथम प्रकाशित गजल सङ्ग्रह मधु 'साश्रु' को **पीडा अनन्त हुन्छ** (२०५७) हो । वि.सं. २०५१ देखि सुरु भएको गजल लेखनको यात्राले अहिले सम्म नव-नव प्रवृत्तिहरूलाई आत्मसात गर्दै अगाडि बढिरहेको अवस्था वर्तमान सम्म मधु 'साश्रु', महानन्द ढकाल, प्रकाश गिरी 'निश्चल', प्रकाश राजापुरी, दीपक आचार्य 'जलन', शशी मरासिनी, बि.बि. थापा 'भिनाजु' सुशील रेग्मी, करारा 'विवस' लगायतका गजलकारहरूले सक्रिय सहभागिताका साथ यस क्षेत्रबाट गजललाई नयाँ उचाइ प्रदान गरिएका छन । बर्दिया जिल्लाको गजल लेखन परम्परा अनुसन्धानको चरणसम्म आइपुगेको छ । त्यसैले अहिले सम्मका बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण विश्लेषण गर्ने हेतुले प्रस्तुत शोधकार्य गरिएको बर्दिया जिल्लाको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, भौगोलिक परिचयका साथै पत्रपत्रिका र संघ-संस्थाहरूले गजलमा गरेको योगदान र गजलहरूको सर्वेक्षण यस शोध कार्यमा गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधपत्र निम्न समस्यामा केन्द्रित रहेको छ ।

क) बर्दिया जिल्लामा गजललेखन परम्परा कस्तो रहेको छ ?

ख) बर्दियाली गजलको विकासमा संघ-संस्था र पत्रपत्रिकाहरूको के-कस्तो सन्दर्भ रहेको छ ?

ग) बर्दिया जिल्लाका गजलकार र तिनका गजलकृतिहरू के कस्ता छन् ?

## १.३ उद्देश्यकथन

प्रस्तुत शोधपत्र निम्न उद्देश्यमा केन्द्रित रहेको छ ।

क) बर्दिया जिल्लाको गजल लेखन परम्परा देखाउनु,

ख) बर्दियाली गजलको विकासमा पत्रपत्रिका र संघ संस्थाले पुऱ्याएको योगदान उल्लेख गर्नु,

ग) बर्दिया जिल्लाका गजलहरू र गजलकारहरूको सर्वेक्षण गर्नु,

## १.४ पूर्वकार्यको समिक्षा

बर्दिया जिल्लाबाट अहिलेसम्म साहित्यिक गतिविधि र गजल साहित्यका विषयमा भएका अध्ययन अनुसन्धानहरूलाई निम्नानुसार क्रमशः प्रस्तुत गरिएको छ ।

सतन रेग्मी (२०३९) ले **महेन्द्र सौरभ** पत्रिकामा साहित्यिक विकासको बाटोमा भेरी अञ्चल शीर्षकको लेख प्रकाशित गरेका छन । यस लेखमा बर्दिया जिल्लाको साहित्यिक वातावरण, केहि प्रमुख कवि गजलकार र तिनीहरूको प्रवृत्तिका विषयमा चर्चा गर्दै तिनमा पाइने  शृङ्गारिकताको सामान्य चर्चा गरेका छन् ।

प्रकाश गिरी  निश्चल (२०६१) ले **पूर्णिमा** साहित्यिक द्वैमासिक गजल विशेषाङ्कमा गजल एक पुर्ण साहित्यिक विधाको रूपमा शीर्षकको लेखमा मध्यपश्चिमाञ्चल क्षेत्रका गजल श्रष्टाहरूको चर्चा गर्ने क्रममा बर्दिया जिल्लाका गजलकार र तिनीहरूको गजलमा शृङ्गारिकताको उच्च प्रभाव रहेको कुरा पनि सामान्य रूपमा उल्लेख गरेका छन् ।

गुणनिधी आचार्य (२०६१) ले **नेपाली साहित्यमा बर्दिया जिललाको योगदान** शीर्षकको स्नातकोत्तर तहको शोधपत्रमा बर्दिया जिल्लामा रहेका साहित्यकारहरूको परिचय प्रस्तुत गर्ने क्रममा केहि गजलकार र तिनका शृङ्गारिक प्रवृत्तिलाई सामान्य चर्चा गरेका छन ।

महानन्द ढकाल (२०६२) ले बर्दिया साहित्यिक समूहबाट प्रकाशित गजलप्रधान त्रैमासिक पत्रिका **गुञ्जनमा** 'सपनाको सहरभित्र' शीर्षकको लेख प्रकाशित गरेका छन । उक्त लेखमा ढकालले बर्दियाली गजलकारहरूका गजलहरूको समसामयिक प्रवृत्ति चर्चा गर्ने क्रममा गजलमा भएको शृङ्गारिकताको संक्षिप्त चर्चा गरेका छन् ।

खगेन्द्र गिरी कोपिला (२०६२) ले **बर्दियाली गजल सरोवर** शीर्षकको गजल सङ्ग्रहको भूमिकामा बर्दिया जिल्लाका गजलकारहरूका गजलमा रहेका विषयवस्तुको चर्चा गर्ने क्रममा शृङ्गारिक भावको चर्चा पनि गरेका छन् । उनले शृङ्गारिक भाव अनुसार बर्दियाली गजल उत्कृष्ट रहेको कुरा उल्लेख गरेका छन् ।

कुरेश पाण्डेय (२०६३) ले **गजल सरोवर** नामक गजल प्रधान पत्रिकामा शृङ्गारिकता गजलको प्राण शीर्षकको लेखमा श्रृङ्गारिकता त्यसको गजलमा हुने उपादेयताका बारेमा चर्चा गरेका छन् । चर्चा गर्ने क्रममा बर्दियाका गजलहरूमा शृङ्गारिकताको कस्तो प्रभाव छ? भन्ने कुराको सामान्य चर्चा गरेका छन् ।

डा.कृष्णहरि बराल (२०६५) ले **गजल सिद्धान्त र परम्परा**शीर्षकको कृतिमा बर्दिया जिल्लाका गजलकार शशी मरासिनी र उनको नजुरेको धुन गजलसङ्ग्रह बारे चर्चा गर्ने क्रममा मरासिनीका गजलीय प्रवृत्तिमध्ये शृङ्गारिकता प्रवल रहेको कुरा उल्लेख गरेका छन् ।

रेशमा थापा स्नेहा (२०६५) ले बर्दिया जिल्लाबाट प्रकाशित **गजलगङ्गा** नाम गजल पत्रिकामा बर्दिया जिल्लाको गजल र गजलकारिता शीर्षकको लेखमा बर्दिया जिल्लाबाट प्रकाशित केही गजल सङ्ग्रह र यस क्षेत्रबाट गजलमा कलम चलाउने गजलकारहरूको विवरण प्रस्तुत गर्दै तिनका गजलमा देखिएका शृङ्गारिकताको पनि सामान्य उल्लेख गरेका छन ।

अमृत ढकाल निर्जन (२०६६) ले मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान मगरागाडीद्वारा प्रकाशित **गजलगङ्गा** नामक अर्धवार्षिक गजलप्रदान पत्रिकामा गजलका हस्ती प्रकाश राजापुरी

शिर्षकमा प्रकाश राजापुरीको गजलकारिताको चर्चा गर्दै उनले राजापुरीका गजलमा देखिएका प्रेमभाव र शृङ्गारिकताको कोटी उच्च रहेको कुरा संक्षिप्त रूपमा उल्लेख गरेको छन् ।

प्रकाश राजापुरी (२०६८) ले **गजलगङ्गा** अर्धवार्षिक गजल पत्रिकामा बर्दियाली गजल र यसको नेपाली साहित्यसँगको सम्बन्ध शीर्षकमा बर्दिया जिल्लामा देखिएका गजल र तिनको समसामयिक धारासँगको सम्बन्धलाई विश्लेषण गरेका छन् । विश्लेषण गर्ने क्रममा उनले बर्दियाली गजलले नेपाली साहित्यको विकासक्रमको धारालाई महत्त्वपूर्ण योगदान पुऱ्याएको र बर्दियामा साहित्यिक वातावरणलाई निर्माण गरेको कुरा उल्लेख गरेका छन् ।

गोविन्दराज भट्टराई (२०६९) ले **गजलगङ्गा** अर्धवार्षिक गजल विशेषाङ्क पत्रिकामा अधिकांश गजलहरू अनुप्रास र ध्वनिको खोजीमा हुन्छन् । शिर्षकको अन्तरवार्ता लेखमा बर्दियाली गजलहरूमा देखापरेका प्रवृत्तिहरूको चर्चा गर्दै अनुप्रास बर्दियाली गजलकारहरू अल्झेको कुरालाई व्यक्त गरेका छन् ।

समनश्री श्रेष्ठ (२०६९) ले **बर्दियाली प्रतिनिधि गजल** कृतिमा इतिहासको खोजीमा शीर्षकमा बर्दियाली गजलहरूको कालक्रमिक विश्लेषण गरेका हुन् । उक्त लेखमा श्रेष्ठले बर्दियाली गजलले नेपाली गजलको धारालाई पछ्याइरहेको कुरा उल्लेख गरेका छन् ।

बर्दिया जिल्लाको साहित्यिक गतिविधिसँग सम्बन्धित केहि पूर्वकार्यहरू भएपनि गजल विधाको समग्र अध्ययन हुन सकेको छैन । पत्रपत्रिकामा फुटकर रचना प्रकाशित हुनु र पुस्तकका भूमिकामा गजल सम्बन्धि सामान्य चर्चा गरिनु एवम् विवरण प्रस्तुत गरिनु बाहेक शृङ्गारिकताको बारेमा व्यवस्थित र सुक्ष्म अध्ययन हुन नसकेकाले यस प्रस्तावित शोधकार्यमा बर्दिया जिल्लाका गजलकारहरूका गजलहरूमा श्रृङ्गारिकताको विस्तृत र विश्लेषणात्मक अध्ययन गरिएको छ ।

## १.५ शोधपत्रको औचित्य र महत्त्व

बर्दिया जिल्लाको साहित्य गतिविधि बारे चिनारी दिने खालका पूर्वकार्य भएपनि गजलका बारेमा व्यवस्थित र पर्याप्त खोज अनुसन्धान नभएकाले बर्दिया जिल्लाको गजल लेखन परम्परालाई दर्साउँदै बर्दिया जिल्लाका गजलमा श्रृङ्गारिकता तयार पारिएको शोधपत्र औचित्यपूर्ण रहेको छ । प्रस्तुत शोधबाट बर्दिया जिल्लाका गजलको सर्वेक्षणका बारेमा जानकारी प्राप्त भएको छ । बर्दिया

जिल्लाको गजल लेखन परम्परा बारे ऐतिहासिकताको निरूपण गरिएको छ । क्षेत्रीय अध्ययन परम्पराको विकासमा सहयोग पुऱ्याउने हिसाबले यसको महत्त्व रहेको छ । बर्दियाली गजलकारहरूको सफलता असफलताको मूल्याङ्कन गर्ने र भविष्यमा यस क्षेत्रमा शोध गर्न चाहने शोधार्थीहरूलाई आवश्यक पथ देखाउने भएकाले यस शोधपत्रको औचित्य र महत्त्व सिद्ध हुन्छ ।

## १.६ शोधपत्रको सीमाङ्कन

प्रस्तुत शोधपत्रको सीमाङ्कन बर्दिया जिल्लाबाट प्रकाशित भएका गजलसङ्ग्रहको विश्लेषणमा सीमित रहेको छ ।

## १.७ सामग्रीसङ्कलन विधि

प्रस्तुत शोध विषयसँग सम्बद्ध तथ्याङ्क र अन्य आवश्यक सामग्रीहरू के कसरी कुन स्रोतबाट लिइएको हो भन्ने जानकारी गराउनु नै सामग्री सङ्कलन हो । यस शोधकार्यमा पनि पुस्तकालयीय, नमूना छनौट, सर्वेक्षण, अन्तर्वार्ता र प्रश्नावलीका माध्यमबाट सामग्री सङ्कलन गरिएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत शोधपत्र **बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण** शीर्षकमा केन्द्रित रहने हुनाले यसमा वर्णनात्मक, विश्लेषणात्मक र अन्तर्विषयात्मक शोधविधिको प्रयोग गरिएको छ ।

## १.९ सङ्गठन वा शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई सुसङ्गठित र सुसम्बद्ध पार्नका लागि पाँच परिच्छेदहरूमा विभाजन गरिएको छ ।

परिच्छेद एक :- शोत्रपत्रको परिचय

परिच्छेद दुई :- गजलको सैद्धान्तिक परिचय

परिच्छेद तीन :- नेपाली गजल साहित्यको विकासमा बर्दिया जिल्लाका प्रतिनिधि गजल सङ्ग्रहको विश्लेषण र योगदान

परिच्छेद चार :- बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण

परिच्छेद पाँच :- उपसंहार तथा निष्कर्ष

# परिच्छेद : दुई

# गजलको सैद्धान्तिक परिचय

## २.१ परिचय

वर्तमानमा अत्यन्त रुचाइएको विधा गजल हो । छोटो, मीठो र छरितो रचना भएका कारण गजलले सबैलाई आकर्षित गरेको पाइन्छ । गजलले अरबी भाषामा जन्मिएर फारसीमा मौलाउँदै विश्वका अन्य धेरै भाषामा आफ्ना प्रभाव जमाइसकेको छ । उर्दू, हिन्दी, नेपालीलगायत भारतीय उपमहाद्वीपमा बोलिने धेरै भाषामा गजललेखनको परम्परा लामो रहेको पाइन्छ । अझ अनुसन्धानकर्ताहरूले त अङ्ग्रेजी, जर्मनेली, फ्रान्सेलीलगायतका भाषाहरूमा पनि गजल लेखिएको कुरा गरेका छन् (बराल, २०६५ : १५) । महफिलहरूमा एवं दरबारहरूमा गाइने तत्कालीन राजा एवं शासकहरूको स्तुतिगानलाई 'कसिदा' भनिन्थ्यो । यो कसिदा गाउनुपूर्व गायकले कुनै प्रणयप्रसङ्गका मुक्तकीय अभिरचना गायन गर्दथ्यो । त्यसलाई तस्विव भनिन्थ्यो । तत्कालीन अवस्थामा कसिदाले काव्यिक रूप लिइसके तापनि तस्विवलाई मानिसले मन पराउन थाले र कसिदाभन्दा तस्विवमा जोड दिन थाले र हुँदाहुँदा कालान्तरमा तस्विवले नै कसिदालाई विस्थापित गर्दै गजलको रूप लियो । तस्विवबाट गजल बनेपछि यसले अरबी भाषाका साउदी अरेवियाको मक्कामदिनाका अमर इब्न आबि, रबि आह र जमिल अल उधरीलगायतका प्रतिभाशाली स्रष्टाहरूको साथ पायो । त्यसपछि इसाको सातौँ शताब्दीको अन्त्यतिर आइपुग्दा गजलले विधागत रूपलाई औपचारिक रूपमा गजललेखनको थालनी भएको पाइन्छ ( नेपाल, २०६४ : ३०) ।

प्रेमविषय तस्विवबाट गजलको विकास भएकाले गजलको विषयवस्तु प्रारम्भदेखि नै प्रेम हुनु स्वाभाविक थियो । प्रारम्भमा गजल प्रेमविषयमा नै लेखियो भने यसले प्रेमका संयोग र वियोग दुवै पक्षलाई सुरुदेखि नै आत्मसात् गरेको पाइन्छ । सातौँ शताब्दीतिरबाट, गजल स्पष्टरूपमा देखापरे पनि भारतीय साहित्यमा यसको तीव्र प्रभाव सत्रौँ शताब्दीमा देखा परेको पाइन्छ भने नेपालीमा आइपुगदा यसले वि.सं. १९४० सम्म पर्खिनुपऱ्यो ।

इतिहासकारबीच सामान्य मतमतान्तर भए पनि धेरैलाई नेपाली गजलको प्रारम्भ युग १९४० लाई स्विकारेका छन्, जुन युगका प्रवर्तक मोतीराम हुन् । त्यसपछि शम्भुप्रसाद ढुङ्गेल, लक्ष्मीदत्त पन्त 'इन्दु' हुँदै आजका दिनसम्म गजल आइपुगेको छ । आजसम्म आइपुग्दा गजलले

समाज, राजनीति, जीवन जगत्का विविध पक्षलाई समेट्न सफल भएको छ न कि प्रेम वा शृङ्गारलाई मात्रै ।

## २.२ गजलको व्युत्पत्तिगत अर्थ

अरबी भाषामा गजलशब्दको प्रयोग स्त्रीलिङ्गमा गरिन्छ । सामान्यतया प्रेमिकासँगको वार्तालाप वा प्रेमपूर्ण संवादलाई गजल भन्ने गरिन्छ । गजलकार मनु ब्राजाकीले 'ग+ज+अल्' यस्तो विग्रह गरी गजलको अर्थ दोहन गरेका छन् । अरबीमा 'ग'ले वाणी 'ज'ले नारी र 'अल'ले सँगलाई जनाउँछ, यसरी नारीसँगको बोलचाललाई गजल भनिन्छ भन्ने मनु ब्राजाकीको आशय रहेको छ । घाइले मृगशावकको करुणचीत्कार जस्तै हृदयविदारक एवं संवेदनशील भावविधान गजलमा हुने हुनाले कतिपयले अरबी भाषामा हरिणलाई बुझाउने गजल शब्दसँग पनि गजलको नाता जोडेका छन् भने कसैले संस्कृतको कज्जल (गाजल) लाई गजलको शुद्धरूप मानेका छन् । त्यसै गरी देवी पन्थीका आधारमा अफ्रिका वा एसियामा पाइने एकप्रकारको हरिणलाई अङ्ग्रेजीमा नबशभाभि भनिन्छ, त्यही शब्दबाट गजल शब्द बनेको हो (न्यौपाने, २०६४ : ३१) ।

अर्का गजलकार देवी नेपालले गजलको युगसापेक्ष व्युत्पत्ति गरेका छन् । जसअनुसार 'ग' भनेको गम्भीरता, गेयात्मकता वा गरिशीलता, 'ज' भनेको जीवन्तता, जयप्रिय वा जादुपूर्ण र 'ल' भनेको लयात्मकता, लाक्षणिकता वा ललितता भन्ने हुन्छ (नेपाल पूर्ववत्) । जस जसले जे भने पनि गजल एउटा लयात्मक, भावपूर्ण, मर्मस्पर्शी एवं आफ्ना छुट्टै संरचनागत अस्तित्व भएको साहित्यिक विधा हो ।

## २.३ गजलको कोशीय अर्थ

गजलका व्युत्पत्तिगत भिन्नाभिन्नै अर्थ भए जस्तै विभिन्न कोषकारहरूले पनि गजलको भिन्नाभिन्नै अर्थ गरेका छन् । **नेपाली शब्दसागर**मा वसन्तप्रकाश शर्माले शृङ्गार वा प्रेमप्रसङ्गको कविता, कुनै छन्दबद्ध नभई अन्तिम तुकमात्र हुने शृङ्गारिक कविता गजल हो भनेका छन् भने **नेपाली शब्द भण्डार**मा नरेन्द्र चापागाईंले एक प्रकारको गाउन हुने कविता, लय हालेर गाउने कवित्वसमेत भएको पद्यरचना, आफ्नै किसिमको विशिष्ट गेय रचना गजल हो भनेका छन् । त्यसै गरी **बृहत् हिन्दी शब्दकोश**मा गजललाई फारसी उर्दूमा मुक्तक काव्यको एक भेद जसको प्रधान विषय प्रेम हुन्छ, भनिएको छ भने **उर्दू-हिन्दी शब्दकोश**मा मोहम्मद मुस्ताफा खाँ "मुद्रदाह"ले पाँचदेखि एघार सेर भएको प्रेमविषयक, रदिफ र काफियामा आधारित र प्रत्येक सेरका पृथक कथ्य

भएको फारसी कविताको एउटा प्रकारलाई गजल भनेका छन् । **द अक्सफोर्ड इङ्लिस डिक्सनरी**ले विशेषतः प्रेमसम्बन्धी वा रत्यात्मक कविताको एक प्रकार, सीमित श्लोक र अनुप्रासको आवृत्तिले पश्चिमी पद्यभन्दा फरक रचना र **इन्साइन्लोपेडिया ब्रिटानिका**ले कसिदाको परिचयात्मक खण्डको स्वतन्त्र विस्तार भएको प्रायः प्रेमकविता समावेश भएको रचनालाई गजल भनेका छन् ।

यसरी विभिन्न भाषाका विभिन्न शब्दकोशहरूले गजलको परिभाषा गरेका छन् । हरेक शब्दकोशले गजललाई आफ्नै ढङ्गबाट अर्थ्याए पनि गजलमा प्रेमप्रसङ्ग रदिफ, काफिया, लयात्मकता, गेयात्मकता जस्ता अनिवार्य सर्तहरू भने हुनुपर्ने कुरालाई स्विकारेका छन् ।

## २.४ गजलको परिभाषा

गजल एउटा सशक्त साहित्यिक विधा हो । यसर्थ यसलाई परिभाषित गर्नका लागि धेरै विद्वान्हरूले प्रयास गरिसकेका छन् । आफ्ना अध्ययन र चिन्तनका आधारमा सबैले गजललाई परिभाषित गरेका छन् । त्यति हुँदाहुँदै पनि गजलको पूर्णरूपले परिभाषा गर्न भने सकेका छैनन् र एउटा साहित्यिक विधाको यो चाहिँ परिभाषा पूर्ण हो भनेर ठोकुवा गर्ने आधार पनि हुँदैन । तै पनि यहाँ गजलका सम्बन्धमा केहीको परिभाषाहरूलाई समावेश गरी गजलको सक्दो परिभाषा खोज्ने प्रयास गरिन्छ ।

गजलको परिभाषा दिने क्रममा डा. नरेन्द्रले गजललाई उर्दूको सर्वाधिक प्रसिद्ध र सरस भेद हो, जसमा स्थायीभाव प्रेम हुन्छ र रहस्यानुभूति, मस्ती, मदिरापानको मजा, धार्मिक विद्रोह, सञ्चारीभावका रूपमा हुन्छ भन्दै मतला, मकता, रदिफ, काफिया आदिमा परिबद्ध काव्यविधाका रूपमा स्विकारेका छन् (न्यौपाने, पूर्ववत्) । डा. नरेशले काफिया र रदिफको बन्धनमा रहेर एक लयखण्डमा रचिएको विभिन्न सेरहरूको माला हो, जसको पहिलो सेर मतला र अन्तिम सेर मकता हुने रचनालाई गजल भनेका छन् । भने डा. रोहिताश्व अस्थानाले शिल्पका दृष्टिले पाँच, सात वा तीभन्दा बढी सेरहरूको समूहको नाम नै गजल हो भनेका छन् । त्यसै गरी डा. सरदार मुजावरले गजललाई मनका भावहरूलाई सेरहरूका माध्यमबाट अभिव्यक्ति गर्ने कलाको नाम (नेपाल पूर्ववत्) । भनेका छन् भने जहीर कुरेबीले गजललाई अनेक विषयमा टुक्राटुक्रा संवाद हुने काव्यविधाका रूपमा, ज्ञान प्रकाश विवेकले गजललाई मुड र गुणको नाम हो भन्दै दुई मिसराको सबैभन्दा सजिलो र कठिन विधाका रूपमा, त्रिलोचन शास्त्रीले स्वतन्त्र सेरहरू हुने गेयता मुख्य शर्त भएको काव्य विधाका रूपमा, भवानी शङ्करले छन्दोबद्ध एक स्वतन्त्र काव्यविधाका रूपमा डा. गणेशदत्त

सारस्वतले अनुभूतिको तीव्रता एवंम् सङ्गीत चेतनायुद्ध काव्यविधाका रूपमा र डा. हुनमन्त नायडुले मानवमनका पीडालाई वाणी दिने गेय काव्यको एक लोकप्रिय विधाका रूपमा गजललाई परिभाषित गरेका छन् ।

हिन्दी एवं उर्दूका गजलकार र समालोचकहरूले झैँ नेपाली गजलकार एवं समालोचकहरूले पनि आफ्ना खोज एवं अध्ययनअनुसार गजललाई परिभाषित गर्ने कोसिस गरेका छन् । वरिष्ठ समालोचक वासुदेव त्रिपाठीले गजललाई कविताको सानो र लघुरूप भनेका छन् भने गजलकार ज्ञानुवाकर पौडेलले गजललाई सूक्ष्म र तिख्खर अभिव्यक्ति हुने संवेदनशील विधा भनेका छन् । त्यसै गरी अर्का गजलकार मनु ब्राजाकीले प्रणय, कामना र आन्तरिक पीडाका हार्दिक भावहरूको सन्तुलित अभिव्यक्तिलाई गजलका रूपमा परिभाषित गरेका छन् ।गजलकार ललिजन रावल कोमल र हार्दिक भावको सशक्त र सङ्क्षिप्त अभिव्यक्तिका रूपमा गजललाई चिन्दछन् अनि गजलकार बूँद रानाचाहिँ भाव, विचार र लयको सन्तुलित अभिव्यक्तिका रूपमा गजललाई अर्थ्याउँछन् । डा. घनश्याम परिश्रमीले एउटा प्रविधिक र शास्त्रीय काव्य, कविता र गीतको अविभाज्य विलयन एवं जीवन र जगत्का हरेक पक्षको प्रतिबिम्ब देखाउने ऐनाका रूपमा डा. कृष्णहरि बराललले भाव, कल्पना, बिम्ब तथा प्रतीक आदिको प्रयोग गरिने काव्यका रूपमा रवि प्राञ्जलले भावको पूर्णता, कोमलता, हार्दिकता, सङ्क्षिप्तता, अभिव्यक्ति कुशलताजस्ता तत्त्वहरूले युक्त निश्चित संरचना, लय र सङ्गीतको जगमा अडिएको काव्यविधाका रूपमा टीकाराम उदासीले विलक्षण शैलीमा तीव्र भावको विन्यास वा विषयको केन्द्रीयतामा भएको सरल, सुकोमल, सङ्क्षिप्त र प्रभावकारी पङ्क्तिपुञ्जहरूद्वारा निर्मित एक किसिमको गेयात्मक लयात्मक पद्यसंरचनाका रूपमा केशवराज आमोदीले शालीन, सुकुमार र सुन्दर शैलीमा काफिया रदिफको अनुशासनमा रहेर बहरबद्ध गरी रचना गरिने स्वतन्त्र काव्यविधाका रूपमा, देवी नेपालले छोटो संरचनाभित्र धेरै भन्न सकिने र एउटै झड्कामा पाठकका हृदयमा विद्युतीय शक्ति उत्पन्न गराउन सक्ने मुक्तकीय अथवा मितव्ययी एवं सन्तुलित अभिव्यक्तिका रूपमा र पदम गौतमले गीतसँगै लयको हिसाबले र चेतनाको हिसाबले नजिक रहने एउटा कोमल विधाका रूपमा गजललाई परिभाषित गरेका छन् ।

यसरी सबै परिभाषाकारहरूले गजलका अनिवार्य शर्तहरूको भने परिभाषामा चर्चा भने गर्न भ्याएका छन् । गजलमा हुनुपर्ने लयात्मकता, कोमलता, भावुकता, रसात्मकता, चमत्कारिता, रदिफ, काफिया लगायत गजलमा हुनुपर्ने बाह्य संरचनागत घटकहरूको सुललित प्रयोग, अलङ्कार, बिम्ब, प्रतीकात्मकता, बहरबद्धता आदिलाई प्रायः सबै परिभाषाकारहरूले पूर्ण एवं आंशिकरूपमा आफ्ना

परिभाषामा समावेश गरेका छन् । कसैले गजललाई काव्यविधा भनेका छन् भने कसैले स्वतन्त्र विधा भनेका छन् भने कसैले रदिफ, काफिया लगायतका गजलीय घटकहरूलाई मात्र हेरी भाव र विचारको चर्चा गरेका छन् । कसैले बाह्य संरचनालाई हेरी प्राविधिक एवं परिष्कारापेक्षी विधा भनेका छन् भने कसैले हार्दिकता, सङ्क्षिप्तता, अभिव्यक्तिकुशलता, भावमनोहारिता जस्ता तत्त्वहरूले युक्त निश्चित संरचना, लय, सङ्गीतको जगमा अडिएको काव्यविधाका रूपमा स्विकारेका छन् । जसजसले जे जे भने पनि संरचनागत रूपमा प्राविधिक कठिनता र भावविन्यासमा सरलता, कोमलता, रसात्मकता एवं जादुपूर्णता आदि हुनुपर्ने विधाका रूपमा गजललाई चिनिन्छ भन्ने निष्कर्ष माथिका परिभाषाहरूलाई अध्ययन गरेर निकाल्न सकिन्छ ।

## २.५ गजलका तत्त्वहरू

कुनै पनि विधाको सिङ्गो संरचना बन्नका लागि त्यसका तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । तत्त्व भनेको अङ्ग हो । अङ्गहरूको संयोजनबाट अङ्गी निर्माण हुन्छ । गजल बन्नका लागि पनि गजलका केही मुख्य घटकहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । ती घटकहरूलाई नै तत्त्व भनिन्छ । यद्यपि गजलका तत्त्वहरूको विषयमा भने समीक्षकहरूले एउटै मत भने व्यक्त गरेका छैनन् । तोयानाथ सापकोटाले भाव तथा शैलीलाई गजलका तत्त्व भनेका छन् (सापकोटा, २०५४ :११) ।

नीलमणि खनालले गजलकार मोतीराम भट्ट शोधप्रबन्धमा सेर, मतला, काफिया आदिलाई गजलका तत्त्वका रूपमा विवेचना गरेका छन् (खनाल, २०५४ : २२)) ।

टीकाराम उदासीले भाव र शैली, पङ्क्तिपुञ्ज तथा लयलाई मूल तत्त्वका रूपमा विवेचना गरेका छन् (उदासी, २०५९ :३३) ।

गजलकार एवं समालोचक घनश्याम परिश्रमीले भने सेर, मतला, मकता, काफिया आदिलाई गजलका तत्त्वहरूका रूपमा चर्चा गरेका छन् ।

त्यसै गरी समालोचक देवी नेपालले गालिबले भनेका इबारत, इसारत र लदालाई आन्तरिक तत्त्वका रूपमा चर्चा गर्दै रदिफ, काफिया, मतला, मकता आदिलाई गजलका बाह्य तत्त्वका रूपमा विवेचना गरेका छन् ।

यसरी गजलतत्त्वका बारेमा फरकफरक मत गजल समीक्षकहरूले देखाएको प्रमाणलाई नै गजललाई अन्य विधाबाट छुट्याउने प्रस्ट सीमाका रूपमा स्विकारेकाले यहाँ गजलको आन्तरिक तत्त्वका रूपमा रदिफ, काफिया आदिको चर्चा गरिन्छ ।

### २.५.१ गजलका आन्तरिक तत्त्वहरू

गजलका आन्तरिक तत्त्वको विवेचना गर्ने क्रममा सबै समीक्षकहरूले गालिबको एउटा सेरलाई नै आधार मान्ने गरेका छन् । जसमा आफ्नी प्रेमिकालाई सम्बोधन गर्दै गालिब भन्छन् –

"बला ए जो है गालिब उसकी हरबात

इबारत क्या, इसारत क्या, अदा क्या है ।

इबारतको मतलब गजलको मुख्य कथ्य वस्तु, विषय, भाव एवं सारतत्त्व हो । गजल जुन केन्द्रीयतामा छ, त्यसलाई इबारत भनिन्छ । एउटा सशक्त भाव वा विचारमा रहेर रचित गजलको विशेष आकर्षक हुने गर्दछ, त्यो शक्तिलाई नै इबारत भनिन्छ । सोझो भनाइले साहित्यिकता दिनै सक्दैन, त्यसमाथि पनि गजलजस्तो थोरैमा धेरै भन्नुपर्ने विधामा त लाक्षणिकता, व्यञ्जनात्मकता, आलङ्कारिकताको विशेष महत्त्व हुन्छ, जसलाई गजलीय भाषामा इसारत भनिन्छ । गजलको आन्तरिक संरचनालाई हेर्ने तत्त्व भने अदा हो । हाउभाउ वा प्रस्तुतीकरण कलालाई नै अदा भनिन्छ । काव्यिक सोन्दर्य बाह्यरूपमा भन्दा पनि भित्री भाव पक्षबाट आयो भने त्यो विशेष प्रभावशाली र जीवन्त हुन्छ । त्यसका निमित्त इबारत, इसारत र अदाको संयोजन प्रशंसनीय हुनु अत्यन्त जरुरी हुन्छ ।

### २.५.२ गजलका बाह्य तत्त्वहरू

#### २.५.२.१ काफिया

पहिलो दृश्यमा नै गजललाई गजल हो भनेर चिन्ने माध्यम काफिया हो यसर्थ काफिया गजलको बाह्य संरचनाको सबैभन्दा मुख्य घटक हो । गजलमा प्रयोग हुने अनुप्रासात्मक पद नै काफिया हो । यो शब्दले अरबी भाषामा पनि बारम्बार आउने भन्ने नै हुन्छ । काफिया गजलमा मुख्यतः पूर्ण, आंशिक आदिका भेदले चार किसिमका मानिन्छन् ।

### २.५.२.२ पूर्ण काफिया

स्वर र व्यञ्जनको एकरूपता हुने काफियालाई पूर्ण काफिया भनिन्छ । अरू काफियाभन्दा पूर्ण काफियाको भूमिका गजलमा विशेष मानिन्छ । यस काफियामा आदिदेखि अन्त्यसम्म कतै पनि स्वर र मात्रामा विचलन आउन दिइँदैन । गर्न, मर्न, सर्न, झर्न, भर्न । बल्दा, ढल्दा, गल्दा, जल्दा, छल्दा, फल्दा आदि पूर्ण काफिया हुन् ।

### २.५.२.३ आंशिक काफिया

आंशिक काफियालाई शब्दांश काफिया पनि भनिन्छ । यसमा स्वर र व्यञ्जनमध्ये एउटालाई मात्र ख्याल गरिन्छ । पूर्ण काफियामा भन्दा आंशिक काफिया चयनमा केही सरलताको आभास भए पनि निश्चित स्वर या निश्चित व्यञ्जनलाई भने ख्याल गर्नु जरुरी हुन्छ । पाएर, राखेर, पोखेर । लुकाई, फसाई, भुलाई । गाउँ, दाउ, घाउ । रहर, शिखर, अमर जस्ता पदहरू आंशिक काफियाका रूपमा प्रयोग हुन्छन् ।

### २.५.२.४ एकाक्षरी काफिया

शब्दको अन्तिम अक्षरलाई मात्र प्रयोग गरिएको वा एउटामात्र अक्षरलाई काफियाका रूपमा प्रयोग गरिएको छ भने ती काफियाहरूलाई एकाक्षरी काफिया भनिन्छ । काफियामा एउटामात्रै अक्षरको भूमिका रहने हुनाले यसलाई एकाक्षरी काफिया भनिएको छ । खुसी, नदी, चरी, हरि । जेठो, बाठो, कान्छो, लाटो । कथा, पिता, माता, रमा आदि शब्दहरू एकाक्षरी काफियाका रूपमा प्रयोग गरिन्छन् ।

### २.५.२.५ अन्य काफिया

अन्य काफियामा मिलित काफिया र मिश्रित काफिया पर्दछन् । काफिया हेतु उपर्युक्त समस्वरात्मक दुईओटा फरक शब्द वा तिनका अंश मिलेर बन्ने काफियालाई मिलित काफिया भनिन्छ । भन्छ, बन्छ, आँगन छ, आफ्नापन छ जस्ता काफिया मिलित काफियामा पर्न आउँछन् । गजलमा मिश्रित काफियाको महत्त्व भने राम्रो हुन्छ, उस्तैउस्तै शब्द तर बढी अक्षरले नै पूर्णकाफियाबाट मिश्रित काफियालाई छुट्ट्याइदिन्छ । अगाडिका अक्षरलाई नगन्ने हो भने यो पूर्णकाफिया नै हुन्छ । नागवेली र हबेली यहाँ नागबेलीको 'ना' हटाउँदा बन्ने गबेली र हबेली पूर्ण काफिया बन्दछ । चाल, हाम्फाल, टाल, सम्हाल, पाल जस्ता शब्दहरू मिश्रित काफिया हुन् ।

### २.५.२.६ रदिफ

काफियाको अनुगामी शब्दलाई रदिफ भनिन्छ । यो सदैव काफियाभन्दा पछाडि नै प्रयोग हुन्छ । रदिफ काफिया जस्तो गजलको अनिवार्य तत्त्व भने होइन तर पनि रदिफले गजलमा सौन्दर्य थपिदिन्छ र गायनमा श्रुतिमाधुर्य थपिदिने हुनाले गजलकारहरू रदिफलाई त्यागिहाल्न भने सक्दैनन् । मतलाको दुवै मिसरा र अन्य सेरहरूमा मिसरा ए सानीमा मात्र रदिफको प्रयोग हुन्छ । सैद्धान्तिक रूपमा एकदेखि तीन शब्दसम्मको रदिफलाई राम्रो मानिए तापनि पद, पदावली हुँदै वाक्यात्मक रदिफको समेत प्रयोग पाइन्छ । रदिफ प्रयोग भएको गजललाई 'मुरद्दफ' गजल भनिन्छ । यसमा अनिवार्य रूपले रदिफ प्रयोग गर्नै पर्ने हुन्छ । एकाक्षरात्मक वा वाक्यात्मक जुनसुकै रदिफको प्रयोग भए पनि त्यो गजल मुरद्दफ गजल हुन्छ । यदि गजलमा रदिफको प्रयोग भएको छैन भने त्यो गजललाई गैरमुरद्दफ गजल भनिन्छ । गैरमुरद्दफ गजल सैद्धान्तिक रूपमा सही भए पनि यसमा केही गेयात्मकता र श्रुतिमाधुर्यको भने कमि महसुस हुने गर्छ । साङ्गीतिक चेतका आधारमा पनि केही कमजोर मानिन्छ । रदिफलाई पदमूलक पदावलीमूलक र वाक्यमूलक गरी तीन भागमा विभाजन गरी अध्ययन गरिन्छ ।

### २.५.२.७ पदमूलक रदिफ

पदमूलक रदिफलाई एकल रदिफ पनि भन्ने गरेको पाइन्छ । प्रत्येक सेरमा एउटामात्र पद रदिफको रूपमा प्रयोग भएको छ भने त्यो रदिफलाई पदमूलक रदिफ भनिन्छ ।

खोलाजस्तै बग्यो जीवन, किनारा भएन ।

तिमी बाहेक अरू कोही सहारा भएन ॥ – रवि प्राञ्जल

यस गजलको प्रत्येक मिसराको अन्तिममा प्रयोग भएको 'भएन' पद नै पदमूलक रदिफ अथवा एकल रदिफ भनिन्छ ।

### २.५.२.८ पदावलीमूलक रदिफ

दुई वा सोभन्दा बढी पदहरूको समूहलाई पदावली भनिन्छ । त्यस्तो पदावलीलाई नै प्रयोग गरेर पनि रदिफको निर्माण गरेको पाइन्छ । पदावलीमूलक रदिफमा एउटामात्र नभएर धेरै पदहरूको प्रयोग पाइन्छ ।

कालो कालो रातभित्र, जून नखोज तिमी ।

कल्पनामा जूनतारा छून नखोज तिमी ॥– रवि प्राञ्जल

यो सेरको दुवै मिसरामा प्रयोग भएको 'नखोज तिमी' पदावली नै यस गजलको पदावलीमूलक रदिफ हो ।

**२.५.२.९ वाक्यात्मक रदिफ**

धनश्याम परिश्रमीले बहुल रदिफ नाम दिएर पदावलीमूलक रदिफ र वाक्यात्मक रदिफलाई एकै ठाउँमा राखे पनि प्रयोगलाई हेरेर अन्य समीक्षकहरूले भने पदावलीमूलक रदिफ र वाक्यात्मक रदिफलाई छुट्टाछुट्टै राखेका छन् । जसरी राखे पनि यहाँ एउटा सिङ्गो वाक्य नै रदिफका रूपमा प्रयोग भएको छ भने त्यसलाई वाक्यात्मक रदिफ भनिन्छ ।

म दिन्थेँ फूलका गुच्छा, खरानी पो भयो माटो

म लिन्थेँ फूलका गुच्छा खरानी पो भयो माटो । – बलराम दाहाल

प्रस्तुत सेरको दुवै मिसरामा प्रयुक्त 'खरानी पो भयो माटो' भन्ने वाक्य नै वाक्यात्मक रदिफ हो ।

**२.५.२.१० मतला**

अरबी भाषाको पुलिङ्गी मतला शब्दको अर्थ सुरुआत वा प्रारम्भ भन्ने हुन्छ । यसलाई अरबी भाषामा मत्ला वा मतलअ पनि भनिन्छ (रावल , २०६५:७) । तर पनि धेरै जसो मतला नै पढिन्छ । गजलको प्रारम्भको सेरलाई नै मतला भनिन्छ । यसको दुवै मिसरामा काफियाको प्रयोग हुनु अनिवार्य हुन्छ । मतला गजलको महत्त्वपूर्ण अङ्ग हो । हुनत मतला प्रयोग नगरीकन पनि जगल लेख्ने परम्परा छ । तापनि त्यो अत्यन्त न्यून देखिन्छ । मतलाबिनाको गजल लेख्ने परम्पराभन्दा दुई ओटा मतला राखेर गजल लेख्ने परम्परा केही सबल देखिन्छ । जुन गजलमा दुई ओटा मतलाको प्रयोग हुन्छ, दोस्रो मतलालाई 'हुस्ने मतला' वा 'मतला ए सानी' भनिन्छ । मतलामा काफिया अनिवार्य भए पनि गैरमुरद्दफ गजलको मतलामा भने रदिफ अनिवार्य हुँदैन ।

प्रारम्भकै तत्त्व हुनाले मतलाले समग्र गजलको भावभूमिको सङ्केत गर्दछ । प्रत्येक सेरसँग मतलाको सम्बन्ध रहनु सुन्दर गजलको वैशिष्ट्य पनि हो । मतलाले गजललाई श्रुतिमधुर बनाउँछ र प्रत्येक सेरको भावगत एवं प्रसङ्गगत सम्बन्ध मतलासँग हुने भएकाले पाठक एवं श्रोतालाई केन्द्रीय कथ्यसँग सम्बन्धित बनाएर रसास्वादनमा मद्दत पुऱ्याउँछ ।

### २.५.२.११ मकता

अरबी भाषाको 'मक्तुअ' शब्दबाट मकता शब्द बन्दछ । यसको शाब्दिक अर्थ काटिएको भन्ने हुन्छ । मकता गजलको अन्त्यको सेरलाई भनिन्छ । यसलाई नेपालीमा अन्तिम सेर भन्ने चलन छ । गजलको सम्पूर्ण सेरहरूमा वर्णित भावलाई निष्कर्षका रूपमा यसमा राखिन्छ र गजल अन्त्य भएको सङ्केत गरिन्छ । त्यसकारण आर. लेभीले मकतालाई निष्कर्षात्मक सेर भनेका छन् । जुन सेरमा तखल्लुसको प्रयोग भएको छ, त्यसलाई मात्र मकता भन्नुपर्ने मान्यता पनि सैद्धान्तिक रूपमा रही आएको छ । तर, अहिले भने त्यस्तो नभएर सामान्यतया अन्तिम सेरलाई मकता भन्ने गरिन्छ । अन्तिममा गजलको सम्पूर्णको निष्कर्षका रूपमा मकता रहने हुनाले यसले श्रोता वा पाठकलाई गजलको उत्कर्षमा पुऱ्याएर आनन्द दिन मद्दत गर्दछ ।

### २.५.२.१२ तखल्लुस

खास गरी गजलकारको छोटो वा उपनामलाई नै तखल्लुस भनिन्छ । गजलकारले तखल्लुस प्रयोग गर्दा सदैव द्व्यर्थक हुने गरी प्रयोग गर्नुपर्छ, नाम राख्नु परम्परा निभाउनु मात्र हो । कतिपयको भनाइ अनुसार तखल्लुस नभए मकता नै हुँदैन भन्ने मान्यता पनि देखिन्छ तर अन्तिममा नभएर अयन्त्र तखल्लुस भए त्यो सेर मकता हुन सक्दैन । तखल्लुसले गजलको अर्थमा चमत्कार भर्ने र गजलकारको परिचय पनि दिने गर्छ । तखल्लुस गजलको अनिवार्य तत्त्व होइन तसर्थ पनि धेरै गजलकारहरूले यसलाई पछ्याउँदैनन् । तर, तखल्लुस हुनुचाहिँ राम्रोलाई राम्रो बनाउनु हो ।

### २.५.२.१३ मिसरा

गजलको प्रत्येक पङ्क्तिलाई मिसरा भनिन्छ । दुई मिसरा मिलेर एउटा सेर बन्दछ । मिसरामा प्रयोग हुने दुई पङ्क्ति क्रमशः मतलाको पहिलो र दोस्रो मिसरामा काफिया प्रयोग भएको हुन्छ भने त्यसपछिका सेरहरूमा चाहिँ मिसरा ए सानीमा मात्र काफियाको प्रयोग हुन्छ । मिसरालाई

गजलको अनिवार्य तत्त्व भनिरहनु पर्दैन किनकि मान्छे हुनका निमित्त शरीर चाहिए जस्तै गजल हुन मिसरा चाहिन्छ । गजल लेखिसक्दा मिसरा आफैँ बनिसकेको हुन्छ ।

गजलको वस्तु अथवा भावसंयोजनमा मिसराको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । प्रत्येक सेरमा मिसरा ए उलाले एउटा समस्याको उठान गर्छ र श्रोता वा पाठकलाई एउटा उत्सुकता प्रदान गर्दछ । पाठकको ध्यानलाई आकर्षित गर्दछ र मिसरा ए सानीले भने मिसरा ए उलाले उठान गरेको समस्यालाई निष्कर्ष सहित समाधान गर्छ र पाठकको उत्सुकतालाई सुखद अवतरणको अवस्थामा पुऱ्याउँछ । यसो हेर्दा मिसराको त्यति महत्त्व नदेखिए पनि गजलको भाव-पक्षको व्यवस्थापन यसको भूमिका वैज्ञानिक ढङ्गको हुन्छ । गजलको आरम्भदेखि अन्त्यसम्म नै मिसरा ए उला र मिसरा ए सानीले परिपूरक भूमिका निभाएका हुन्छन् । जसले गर्दा गजल चामत्कारिक, रमणीय एवं रसपरिपूरित बन्न जान्छ ।

### २.५.२.१४ सेर

सेर अरबी शब्द हो । यसको अभिधा अर्थले केश अर्थात् कपाललाई बुझाउँछ । वस्तुतः गजल भनेकै सेरहरूको समष्टि रूप हो । देवी नेपालका मतमा, "सिङ्गो गजलरूपी माला निर्माणका लागि सेररूपी फूलहरूको विशेष भूमिका हुन्छ । मालामा जसरी प्रत्येक फूलको स्वतन्त्र उपस्थिति र स्वतन्त्र प्रयोग हुँदाहुँदै पनि आपसी तादात्म्य हुन्छ, त्यसरी नै गजलमा पनि सेरहरूको आपसी सम्बन्ध रहन्छ । सेर आफैँमा स्वतन्त्र र पूर्ण तत्त्व हो ।" गजलमा सेरको भूमिका अनिवार्य हो बिनासेर गजल सम्भव देखिँदैन । तसर्थ सेरहरू जतिजति विशिष्ट सरल, सुललित भयो, त्यो गजल पनि त्यति नै उत्कृष्ट हुन्छ । गजलकारले सेर निर्माण गर्दा विशेष ध्यान दिनुपर्ने देखिन्छ । चानन गोविन्द पुरीले कणमा संसार, बूँदमा समुद्र र एकमा अनन्त अटाउने गरी सेरहरूको निर्माण गर्नुपर्ने धारणा अघि सारेका छन् । यसबाट गजल व्यञ्जनात्मक र सुगठित हुनुपर्ने कुरा प्रस्ट हुन्छ ।

एउटा गजलमा कति सेरहरू हुनुपर्छ भन्ने विषयमा विद्वान्हरूमा एउटै मत नभएर पनि सामान्यतया एउटा गजलमा पाँचदेखि सात, नौ, अथवा तेह्रओटा सेरहरूसम्म रहन सक्ने कुरा धेरै जनाले गरेका छन् । यद्यपि गजल गेय विधा भएकाले गायनमा भने तीनदेखि पाँच शेरसम्मका गजल प्रभावकारी मानिएका छन् । संवेगात्मक प्रस्तुतिबिनाको रचना कोरा वर्णन हुने भएकाले गजलकारको एउटा संवेगात्मक झङ्कारको प्रस्तुतिमा जति सेर बन्छन् त्यति नै सेरहरू एउटा सुललित गजलका लागि पर्याप्त हुने मान्यता पनि देखिन्छ । गजलमा आउने पहिलो सेरलाई मतला

र अन्तिम सेरलाई मकता भनिन्छ भने प्रत्येक पङ्क्तिलाई मिसरा भनिन्छ । पहिलो मिसराले उठान गरेको विषयवस्तु अथवा समस्यालाई दोस्रो मिसराले व्यवस्थापन एवं समाधान गर्दछ । यसरी सेरको आन्तरिक संरचना बनेको हुन्छ भने बाह्यरूपमा प्रत्येक सेर वर्णमात्रिक रूपले नभए मात्रात्मक रूपले र त्यो पनि नभए अक्षरसङ्गतिले बराबर हुनु जरुरी हुन्छ । मात्रात्मक रूपमा वार्णिक रूपमा त्यति पनि नभए अक्षरसाम्य साम्यका आधारमा बराबर हुनु अनिवार्य मानिन्छ । एउटै गजलका सेरहरूको (मिटर) मात्रा भिन्नभिन्न भएमा त्यस्ता सेरहरूलाई गजलका रूपमा स्विकार्न सकिन्छ ।

सामान्यतः भाव अथवा विचारका आधारमा गजलमा दुई प्रकारका सेरहरूको प्रयोग हुन्छ । कुनै गजलमा सेरहरू एउटै भावभूमिमा रहेर विकसित भएका हुन्छन् भने कुनै गजलमा प्रत्येक सेरहरू भिन्नाभिन्नै भावभूमिमा विकसित भएका हुन्छन् । विषयवस्तुका आधारमा गजल 'गजल मुसलसल' र 'गजल गैरमुसलसल' गरी दुई प्रकारका हुन्छन् ।

जुन गजलका समग्र सेरहरूमा एउटै विषयवस्तुको प्रस्तुति हुन्छ, त्यस गजललाई गजल मुसलसल भनिन्छ । गजल मुसलसललाई शृङ्खलित गजल पनि भनिन्छ । एउटा विषयवस्तु भन्ने बित्तिकै एउटा अनुभूतिलाई एउटाले नभ्याएर पाँच ओटा सेर प्रयोग गर्नु भन्ने चाहिँ होइन । एउटा सेर आफैँमा पूर्ण हुनु जरुरी हुन्छ । आफैँमा पूर्ण तर विषयवस्तु भने एउटै भएका सेरहरूद्वारा निर्मित गजललाई गजल मुसलसल भनिन्छ ।

गजल गैरमुसलसल गजल मुसलसलको ठीक विपरीत हुन्छ । एउटा गजलका प्रत्येक सेरहरू भावगत रूपमा स्वतन्त्र छन् र तिनले फरकफरक विषयंलाई सङ्केत गर्छन् भने त्यस्तो गजललाई गजल गैरमुसलसल भनिन्छ । यसमा विविध विषयवस्तुलाई बहर, काफिया एवं रदिफका सहयोगले एउटै गजलको रूपमा प्रस्तुत गर्ने गरिन्छ । गजल गैरमुसलसल सैद्धान्तिक एवं शास्त्रीय रूपमा पनि बढी प्रशंसित देखिन्छ । गजलकारको प्रतिभा पनि यसमा पूर्णरूपले झल्किन्छ । तर विविध विषयवस्तु हुँदाहुँदै पनि रदिफ र काफियासँग तादात्म्य गराउन सकिएन भने त्यो गजलै हुन सक्दैन ।

### २.५.२.१५ बहर

बहर गजलको अनिवार्य तत्त्व हो । अरबी स्त्रीलिङ्गी 'बह' शब्दबाट बहर शब्द बन्दछ । गजल मूलतः क्लासिकल (परिष्कारपूर्ण) र टेक्निकल (प्राविधिक) साहित्य र सङ्गीतसँग सम्बन्धित

विधा हो । यसर्थ गजल लयबद्ध हुनु अत्यन्त जरुरी मानिन्छ । शास्त्रीय काव्यपरम्परामा 'छन्द' भनेजस्तै गजल परम्परामा लय व्यवस्थाभित्रको अनुशासित रूपलाई बहर भनिन्छ । बहर भन्ने बित्तिकै गजलको शास्त्रीय लय व्यवस्थालाई चिन्ने परम्परा देखिन्छ । नेपाली गजल प्रारम्भमा शास्त्रीय बहरमा नै बढी लेखिएको पाइन्छ । त्यसपछिका समयमा बहरले आफ्ना् सत्ता जमाउन सकेन र फलस्वरूप गजल अव्यवस्थित ढङ्गबाट लेखिन सुरु भएको देखिन्छ । विशेषतः पुनर्जागरण कालतिरका गजलहरू लयका आधारमा अत्यन्त कमजोर देखिन्छन् । त्यसपछि मनु ब्राजाकी, बूँद राना, ललिजन रावल आदिआदि हुँदै अहिलेसम्म आइपुग्दा गजल फेरि लयात्मक रूपमा परिष्कृत एवं सुव्यवस्थित भएर देखापरेको छ ।

वर्तमानमा बहर शब्दले सम्पूर्ण लय व्यवस्थालाई जनिए पनि प्रारम्भमा वार्णिक लय 'छन्द'लाई मात्र 'बहर' भनिएको पाइन्छ । यसै कारण होला, कतिपय बहरहरू छन्दसँग हुबहु मिल्दछन् भने कतिपय धेरै नजिक देखिन्छन् । यस्ता बहरहरूको अरबीमा १५ ओटाको मात्रै व्यवस्था भए पनि फारसीमा यसको सङ्ख्यात्मक विस्तार भएको पाइन्छ । त्यसपछि उर्दूमा फारसीमा भन्दा पनि बढी र हिन्दीमा आइपुग्दा त बहरले सयको सङ्ख्यामा पनि नाघेको देखिन्छ । नेपालीमा पनि शास्त्रीय बहरमा गजल लेख्ने परम्परा राम्रै छ भने झाँगिने क्रममा पनि छ ।

अहिले नेपालीमा प्रयोगका हिसाबले बहरहरू विभिन्न प्रकारका छन् । पहिले जस्तो बहरशब्दले शास्त्रीय वर्णव्यवस्था भएको बहरलाई मात्र जनाउँदैन । यसले त गजलमा प्रयोग हुने लोक, स्वनिर्मित, संस्कृतको छन्दव्यवस्था आदि सबैलाई जनाउँछ । यसर्थ यहाँ गजलमा प्रयुक्त विभिन्न किसिमका बहरहरूको छुट्टाछुट्टै अध्ययन गरिन्छ ।

**२.५.२.१६ फारसी बहर**

गजलविधा नै अरबीबाट फारसी भाषा हुँदै नेपालसम्म आइपुगेको हो । यसर्थ गजलमा फारसी बहरहरूको भूमिका महत्त्वपूर्ण हुन्छ । बहर शब्द अरबी भाषाको हुँदाहुँदै पनि फारसी बहर भनिनुमा फारसी भाषामा आएर बहरको सङ्ख्यात्मक विस्तार हुनु नै कारण मान्न सकिन्छ । आजसम्म पनि गजल फारसी बहरमा लेख्ने परम्परा उस्तै नै छ । गजलमा शास्त्रीय बहर लयव्यवस्थामा अनुशासित हुने हुनाले गजलकारलाई लयविधानमा व्यर्थ झन्झट खपिरहनु पनि पर्दैन र गजलमा सङ्गीतात्मकताको प्रभुत्व पनि बहरबद्ध गजलमा एकदम सशक्त रहन्छ । नेपाली गजलमा मोतीरामकै पालादेखि फारसी बहरमा गजल लेख्ने परम्परा सुरु भएको हो भने त्यो अद्यावधि पनि

यथावत् मात्र नभएर झन् तीव्र देखिन्छ । फारसी बहरमा पनि शास्त्रीय छन्दमा गणको प्रयोग भएजस्तै 'रुक्न'हरूको प्रयोग हुन्छ । फारसी बहरशास्त्रमा पनि आठओट रुक्नहरूको विधान गरिएको छ । फारसी उर्दू 'इल्मे अरूज' (वृत्तशास्त्रको) यिनै आठओटा रुक्नका अतिरिक्त अन्य केही रुक्नहरूको मिश्रणबाट मिश्रित रुक्नहरूको निर्माण गर्ने व्यवस्था पनि गरेको छ । तर मुख्य आठओटा रुक्नहरू भने यस प्रकार छन् ।

| रुक्न | | लघु/गुरु | मात्रा | सङ्केत | उदाहरण |
|---|---|---|---|---|---|
| १. | फऊलुन् | (ल.गु.गु.) | १२२ | iss | म हारे" |
| २. | फाइलुन् | (गु.ल.गु.) | २१२ | isi | भावना |
| ३. | मफाईलुन् | (ल.गु.गु.गु.) | १२२२ | isss | लजाएको |
| ४. | फाइलातुन् | (गु.ल.गु.गु.) | २१२२ | siss | चाहनाको |
| ५. | मुस्तफ्इलुन् | (गु.गु.ल.गु.) | २२१२ | ssis | आशा जले |
| ६. | मुतफाइलुन् | (ल.ल.गु.ल.गु.) | ११२१२ | iisis | म त पीरमा |
| ७. | मुफाइलतुन् | (ल.गु.ल.ल.गु.) | १२११२ | isiis | जलाइदियौ |
| ८. | मफ्उलातु | (गु.गु.गु.ल.) | २२२१ | sssi | आशामात्र |

यिनका अतिरिक्त मिश्रित रुक्नहरू पनि छन्, जसलाई जिहाफ भनिन्छ । जिहाफ रुक्नहरूको प्रयोग मुजाहिफ बहरमा गरिन्छ । यस्ता मिश्रित रुक्नहरू १७ ओटा छन् । यसरी मूल आठओटा र मिश्रित १७ ओटा गरी २५ ओटा रुक्नहरूको प्रयोग फारसी बहरमा गरिन्छ ।

रुक्नहरूको मेललाई 'अर्कान' भनिन्छ र अर्कानहरूको संयोजनबाट बहरहरूको निर्माण हुन्छ । यस प्रक्रियाका आधारमा मिश्रित फारसी बहरहरूलाई मुख्यतया तीन भागमा बाँडिन्छ ।

### २.५.२.१७ मुफरद बहर

एउटै रुक्नको आवृत्तिबाट बन्ने बहर नै मुफरद बहर हो । यसअन्तर्गत सातओटा बहरहरू पर्दछन् ।

१) मुतकारिब २) मुतदारिक ३) बाफिर ४) रजज

५) रमल ६) कामिल ७) बाफिर

यी बहरहरू पनि चारपटक रुक्न आवृत्ति भए मुसम्मन सालिम, तीनपटक रुक्न आवृत्ति भए मुसद्दस सालिम र दुईपटकमात्र रुक्नको आवृत्ति भए मुरब्बा सालिमका नामले चिनिन्छ । यसरी मुफरद बहरहरूको सङ्ख्या २१ हुन आउँछ ।

### २.५.२.१८ मुरक्कब बहर

दुई वा दुईभन्दा बढी रुक्नहरूको अर्कानबाट बन्ने बहरलाई मुरक्कब बहर भनिन्छ । यस्ता बहरहरूको प्रयोग मुफरद बहरहरूभन्दा कम देखिन्छ । मुफरद बहरभन्दा मुरक्कब बहरमा गजल रचना गर्न पनि केही कठिन हुन्छ । भिन्ना भिन्नै रुक्नहरूको संयोजनबाट निर्माण हुने भएकाले मुरक्कब बहरको सङ्ख्या पनि निश्चित छैन । तथापि बहुप्रयोगका आधारमा मुन्सरिह, मुक्तजब, मुजारअ, खफिफ, बसित, मुजतस, सरिअ, मुसाकिल, जदिद, करिब, मदिद र तबिल आदि बहरहरूलाई मुरक्कब बहरअन्तर्गत राखिन्छ ।

### २.५.२.१९ मुजाहिफ बहर

मूल रुक्नहरू तोडेर बनेका बहरहरूलाई मुजाहिफ बहर भनिन्छ । मूल रुक्न तोडेर बनेका बहरहरू पनि यति नै हुन्छन् भन्न गाऱ्हो हुन्छ । यद्यपि प्रयोगका आधारमा विद्वान्हरूले मुजाहिफ बहरको सङ्ख्या २२ गनेका छन् । हजज मुसम्मन अखरव, हजज मुसम्मन मकबुज, हजज मुसद्दस मकबुज, हजज अस्तर, मुतकारिब मुसम्मन महजुफ आदि बहरहरू मुजाहिफ बहरमा पर्दछन् ।

यसरी मुफरद, मुरक्कब र मुजाहिफ गरी तीन प्रकारका बहरहरू गजलको शास्त्रीय एवम् फारसी बहरहरूमा समावेश हुन्छन् । फारसी बहरहरू पनि प्रयोग गर्दा संस्कृत छन्दमा जस्तै गरिन्छ । ह्रस्वलाई १ र दीर्घलाई २ ले सङ्केत गरिन्छ भने अन्तिम अक्षर आवश्यकताअनुसार ह्रस्व र दीर्घ हुन सक्छन् ।

तर गजल सौन्दर्य मीमांशा नामक गजलको लक्षणग्रन्थमा भने डा. घनश्याम न्यौपाने परिश्रमीले 'मात्रागिरावटको महत्त्व र औचित्य' नामक परिच्छेद दिएर मात्रागिरावटका पक्षमा राम्रो समर्थन देखाएका छन् । गजल गेय विधा भएकाले वर्णको प्राविधिक रखाइमात्रले गजललाई यान्त्रिक बनाउने र सङ्गीतात्मकता नष्ट हुने हुनाले गजलकारले आफ्ना विवेक र आवश्यकताअनुसार बहरमा गजल लेख्दा मात्रागिरावट गर्न सक्ने कुरा बताएका छन् । धेरै गजलहरूमा मात्रागिरावट गरिएको पनि पाइन्छ । हिन्दी भाषाका धेरै गजलहरू मात्रागिरावट भएका गजलहरू सङ्गीतबद्ध भएर प्रसिद्ध भएका पनि छन् तर मात्रागिरावटका आधारमा गजलकारहरूले बहरलाई जथाभावी प्रयोग गर्ने सम्भावना पनि त्यति नै हुन्छ । त्यसकारण सिद्धहस्त, प्रतिभाशाली, गजलकारका लागि भने मात्रागिरावट गरे पनि नगरे पनि खासै असर नपर्ने देखिन्छ ।

### २.५.२.२० पिङ्गलछन्दः

फारसी बहरमा र पिङ्गलछन्दका बीच धेरै हदसम्म तादात्म्य देखिन्छ । कतिपय पिङ्गलछन्द र फारसी बहरहरू त एउटै नै छन् । भुजङ्गप्रयात लगायतका ३२ ओटा छन्दहरू फारसी बहरहरूसँग मिल्दछन् भने यसरी मिल्ने यो नै अन्तिम सङ्ख्या पनि होइन । फारसी भाषा र संस्कृत भाषा एउटै भारोपेली भाषाबाट विकसित भएका २ आर्यहरू इरानबाट भारतीय उपमहाद्विपमा आउने क्रममा भएको सम्पर्ककै कारण साहित्यमा पनि यस्तो प्रभाव परेको हो भन्ने मान्यता पनि पाइन्छ (बराल, २०६४ : १९७) । जे होस् संस्कृत छन्द र गजलको फारसी बहरबीच सम्बन्ध नजिकको छ ।

यति हुँदाहुँदै पनि पिङ्गल छन्दलाई छुट्टै अध्ययन गर्नुको कारण चाहिँ कतिपय गजलकारहरूले फारसी बहरमा नपढिएका पिङ्गलछन्दमा पनि गजल लेख्नु नै हो । पछिल्लो दिनमा बहरमा गजल लेख्ने लहरसँगै पिङ्गलछन्दमा पनि लेख्नेको सङ्ख्या बढेको छ । यसै क्रममा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप्, शिखरिणी आदि छन्दमा धेरै गजलहरू लेखिएका छन् ।

### २.५.२.२१ लोकलय

लोकमा परम्परागत रूपमा चलिआएको लयलाई नै लोकलय भनिन्छ । यस्ता लोकलयहरूमा नेपाली गजल धेरै लेखिएका छन् । प्रारम्भिक कालमा शास्त्रीय बहरहरूमा मात्रै गजल लेखिए तापनि पुनर्जागरण कालयता चाहिँ गजल लेख्ने लय भनेको लोकलय नै भयो । लोकलयमा शास्त्रीय बहरमा जस्तो वर्ण (मात्रा) गनिँदैन अनि गण र रुक्न पनि भनिँदैन । यसमा मात्र यति अर्थात् विश्राम र उच्चार्य अक्षरलाई ध्यान दिइन्छ । लोकलय संस्कृतबाट अनि फारसीबाट पनि नआएर नेपाली

माटामै विकसित भएको कारणले पनि लोकलयमा गजल लेख्ने परम्परा बलवान् देखिन्छ भने धेरैको आकर्षण पनि यसैमा देखिन्छ । भावनालाई सरल ढङ्गबाट औँला नगनी सहज तरिकाबाटै अभिव्यक्ति गर्न सकिने भएकाले पनि यसप्रति धेरैको दृष्टि अडेको भान हुन्छ । पुनर्जागरण कालपछि बूँद राना, ललिजन रावल हुँदै वर्तमानसम्म पनि लोकलयको महत्त्व बराबर नै छ । लोकलय अन्तर्गत पनि सवाइ र झ्याउरे छन्दहरू विशेष प्रचलित छन् ।

### २.५.२.२२ स्रष्टानिर्मित छन्द

गजललेखनका क्रममा गजलस्रष्टाहरूद्वारा नै निर्मित छन्द अथवा बहरलाई स्रष्टानिर्मित छन्द भनिन्छ । गजललेखन परम्परामा यो प्रवृत्ति खासै सशक्त नदेखिए तापनि वर्तमानका धेरै गजलकारहरूले छन्दहरूको निर्माण गरेको पाइन्छ । यस्ता बहर पनि नियमबद्धताका आधारमा फारसी बहर वा शास्त्रीय छन्दहरूजस्तै हैसियत राख्न सफल देखिन्छन् । घनेन्द्र ओझाको **बल्झेर याद तिम्रो** गजलसङ्ग्रहमा यस्ता छन्दहरूको प्रयोग पाइन्छ । मञ्जरी, देवकी, कोकिला, विप्लवी जस्ता छन्दहरू स्रष्टानिर्मित छन्द हुन् ।

### २.५.२.२३ परम्परित तर नियमबद्ध लय

परम्पराप्राप्त नियमबद्ध लयहरू यसअन्तर्गत पर्दछन् । यी यसो हेर्दा लोकलयजस्ता लागे पनि स्रष्टामा निर्भर लय हो । घनश्याम परिश्रमीले **नेपाली बहर** अन्तर्गत यस्ता लयहरूलाई समावेश गरेका छन् । यस्ता लयहरू स्वतन्त्र र मुक्त जस्ता देखिए पनि अनुशासित हुन्छन् । अक्षरगत एकरूपता, मात्रागत समानता, गति-यति वा आरोह-अवरोहका आधारमा यी लयहरू विशिष्ट बनेका हुन्छन् । यी लयहरूलाई ३ अक्षरमा, ४ अक्षरमा, ५ अक्षरमा विश्राम हुने आधारमा विश्लेषण गरिएको पाइन्छ । यी लोकलयहरूलाई छुट्टाछुट्टै नाम दिएको भने पाइँदैन । एउटा मिसरामा कम्तीमा छ ओटा र बढीमा २० अक्षर हुनुपर्ने मान्यता देखिन्छ । संरचनाका आधारमा यी लयहरू सरल एवम् सहज देखिन्छन् । नेपाली भाषाका धेरै गजलहरू यस्ता लयमा लेखिएका छन् र सङ्गीतबद्ध पनि भएका छन् । नेपाली गजललेखनमा यस्ता परम्परित लयको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

### २.५.२.२४ स्वतन्त्र वा मुक्तलय

स्वतन्त्र वा मुक्तलय गजलको गुण नभएर दोष हो । यस्ता लयमा गजल रच्नेले फगत रदिफ र काफियालाई मात्रै महत्त्व दिएको पाइन्छ । अक्षर, शब्द वा मात्रालाई ध्यानमा नराखी

मिसरापिच्छे फरक मिटरमा शब्दयोजन गरेर यस लयमा गजल लेखिएको पाइन्छ । प्रारम्भमा सिकारु गजलकारका लागि यो लय ठीक भए पनि सधैँ यसैमा गजल लेख्नुचाहिँ गजलप्रति अन्याय र गजलज्ञानबाट विमुख भएको नै बुझिन्छ । त्यसकारण गजलकारले गजल लेख्दा स्वतन्त्र वा मुक्तलयलाई अँगाल्नु हुँदैहुँदैन । हुँदै नहुनेलाई किन समावेश गर्ने ? भन्ने प्रश्न उठ्न सक्छ । समस्या के हो भने आजसम्मको नेपाली गजललेखन परम्परालाई हेर्दा कुनैकुनै समयमा अझै भनौँ पुनर्जागरण कालयताका केही गजल नामका रचनाहरूमा यस्तो लयव्यवस्था देखिनुले नै अहिले यसलाई पनि गजलको बहर तत्त्वअन्तर्गत राख्नुपरेको हो ।

बहरहरूले गजललाई लयात्मकता र सङ्गीतात्मकता प्रदान गर्दछन् । गजल गेय विधा भएकाले गजलमा बहर हुनै पर्छ भनेर बहरमा मात्र ध्यान दिएर आन्तरिक सोन्दर्यमा विचार पुऱ्याइएन भने त्यो गजल पसलमा सजाइएको कठ्पुतलीमात्र हुन्छ, प्राणी हुन सक्तैन । तसर्थ गजलकारले आफ्ना भाव एवम् विचार फलीभूत हुने तरिकाले बहर संयोजन गर्नुपर्छ । गजलकारमा क्षमता र प्रतिभा भएसम्म जुनसुकै बहरमा लेखे पनि त्यो गजल राम्रो हुन्छ । तर माथि वर्णित स्वतन्त्र वा मुक्तलयबाट भने मुक्तै रहनुपर्छ ।

### २.५.३ निष्कर्ष

गजलको विकास उर्दू र फरसीबाट भएको हो । कालान्तरमा हिन्दी र पछि मोतीराम भट्टको माध्यमबाट नेपाली भाषामा सरेर आएको हो । गजल  विश्वमा, गालीब, फैज, अहमद फैज, बशीरबद्र, फिराक गोरखपुरी, जावेद अख्तर, दुष्यन्त कुमार, गुल्जार, शाहीर लुधियानी जस्ता सर्जकहरू यर्दू हिनदी परम्परामा, स्थापित छन् भने नेपाली गजल साहित्यमा मोतिराम भट्ट, रङ्गनाथ, सम्भुप्रसाद ढुङ्गेल, ज्ञानुवाकर पौड्याल, कृष्णहरि बराल बूँद राना, देवी नेपाल, रवि प्राञ्जल, मधु साश्रु जस्ता गजलकाहरू स्थापित भैसकेका छन् । गजल फारसी भाषाबाट आएपनि यसका तत्त्व र संरचना भने परिवर्तन भएका छैनन् । नेपालीमा बहरलाई लोकलय र विषयवस्तुमा प्रेमबाहेक अन्य विषयको पनि मिश्रणले नेपाली गजललाई उत्कृष्ट बनाएको छ ।

# परिच्छेद : तीन

# नेपाली गजल साहित्यको विकासमा बर्दिया जिल्लाका  प्रतिनिधि गजल सङ्ग्रहको विश्लेषण र योगदान

## ३.१ विषय परिचय

नेपाली साहित्यको माध्यमिक काललाई नेपाली गजल लेखनको प्रारम्भिक चरण मानिन्छ । प्रारम्भिक चरणमा गजलकार मोतिराम भट्टले भारतीय उर्दू गजलबाट नेपाली भाषामा पनि गजल लेख्ने परम्पराको विकास गरे । मोतीमण्डलीबाट गजललाई अघि बढाएका मोतीराम भट्ट यस कालका केन्द्रीय गजलकार हुन् । वि.सं.१९४० देखि सुरु भएको गजल लेखनको विकाससँगै नेपाली साहित्यमा गजलले एउटा छुट्टै विधाको रूपमा अगाडि बढ्ने मौका पायो । फलस्वरूप नेपाली साहित्यमा सर्वत्र गजल लेखिन थाल्यो । गजल लेखनलाई पछ्याउदै बर्दिया जिल्लामा पनि साहित्यकारहरूले गजलमा कलम चलाउन   थाले । वि.सं. २०२९ सालदेखि गजल लेखनको आरम्भ भएको बर्दिया जिल्लामा वर्तमान अवस्थामा थुप्रै गजलकारहरू स्थापित भैसकेका छन् । नेपाली गजलको विकासक्रममा बर्दियाली गजलहरूले पुऱ्याएको योगदानको यस परिच्छेदमा चर्चा गरिएको छ ।

## ३.२ नेपाली गजलको विकासक्रम

अरबी भाषादेखि आधुनिक भाषाहरूसम्मको यात्रा गजलले गरिसकेको छ । अहिले पनि विश्वकै धेरै भाषाहरूमा देखिने भएकाले गजललाई हेर्ने दृष्टिकोण नै बदलिँदो छ र गजल दिन प्रतिदिन जनमानसमा झाँगिदो छ । नेपाली भाषाको सन्दर्भमा भन्दा माध्यमिक काल एवं शृङ्गारिक धाराका प्रवर्तक युवाकवि मोतीराम भट्टबाट गजललेखन प्रारम्भ भएको हो । नेपालबाट बनारस गएर पढ्ने क्रममा उनले त्यहाँ हिन्दी र उर्दू भाषाका गजल सुनेर नेपाली भाषामा पनि गजल लेख्न सुरु गरे । प्रारम्भदेखि शृङ्गारिक भावभूमिमा लेखिने गजललाई मोतीरामले पनि त्यही रूपमा स्विकारे । फलस्वरूप त्यो शृङ्गारिकता उनका अन्य विधाका रचनामा पनि देखियो । यसरी गजलकै सङ्गतले गर्दा मोतीरामले तत्कालीन भक्तिधारालाई बदलेर शृङ्गारिक धाराको परिवर्तन गरे भन्दा अत्युक्ति नहोला । हुनत नेपालका राणाका दरबारमा पहिलेदेखि नै हिन्दी एवम् उर्दूका सायरहरू आएर गजल गाउने गर्थे र तिनैको प्रभावले गर्दा मोतीरामले पनि गजल लेख्न प्रारम्भ गरे भन्नेहरू पनि छन् । जेहोस् गजलको सुरुआत मोतीरामबाटै भएको हो भन्नेमा चाहिँ दुईमत छैन ।

मोतीरामबाट आजसम्म आइपुग्ने क्रममा गजल साहित्यमा निकै परिवर्तनहरू आइसकेका छन् । यिनै परिवर्तनका आधारमा समालोचकहरूले गजलको विकासलाई विभिन्न कालखण्डमा विभाजन गरेर अध्ययन गर्ने गरेका छन् । यद्यपि कालविभाजनमा भने धेरैको मत बाझेको देखिन्छ ।

नेपाली गजलको विकासक्रमको अध्ययन गर्ने क्रममा समालोचक प्रभाती किरणले प्रथम चरण (१९४१–२००२), दोस्रो चरण (२००३-२०३५) र तेस्रो चरण (२०३६ देखि हालसम्म) लाई मानेका छन् (किरण, २०६५ : ८८) । भने समालोचक विजय सुब्बाले प्राथमिक काल (१९४०–१९९६), माध्यमिक काल (१९९७–२०३५) र आधुनिक काल (२०४७–हालसम्म) गरी चार भागमा विभाजन गरेका छन् (सुब्बा, २०६५, ७७) । त्यसै गरी अर्का अध्येता सुरेश सुवेदीले पनि प्राथमिक काल (१९४०–१९९९), माध्यमिक काल (२०००–२०३५), पुनर्जागरण काल (२०३६–२०४९) र आधुनिक काल (२०५० देखि हालसम्म) गरी चार भागमा गजलको विकासक्रमलाई बाँडेर अध्ययन गरेका छन् । यसरी धेरै अनुसन्धाताहरूले गजलको विकासक्रमलाई तर्क र बुद्धिअनुरूप विभाजन गरेको पाइन्छ । एउटा साहित्यिक विधाको विकासक्रमजस्तो कुरामा सामान्य फरक देखिनु त्यति आश्चर्य भने होइन, यिनै तथ्याङ्कहरूलाई मध्यनजर गर्दै यहाँ गजलको विकासक्रमलाई यसरी प्रस्तुत गरिन्छ ।

| | |
|---|---|
| १) पहिलो चरण | (१९४१ – २००२) |
| २) दोस्रो चरण | (२००३ – २०३५) |
| ३) तेस्रो चरण | (२०३६ – हालसम्म) |

### ३.२.१ पहिलो चरण (१९४१ – २००२)

नेपालीमा गजलपरम्पराको सुरुआत नेपाली साहित्यकै माध्यमिक कालका केन्द्रीय प्रतिभा युवाकवि मोतीराम भट्टबाट भएको हो । भट्टको बनारसबाट र हिन्दी, उर्दू आदि भाषाप्रतिको दबाब नै नेपाली भाषामा गजल लेखिनुको कारण हो । शिक्षादीक्षाका क्रममा बनारस पुगेका मोतीरामले उतै गजललेखन र गायन दुवै सिके र नेपाल आएपछि योजनाबद्ध ढङ्गबाट साहित्य एवम् गजल सिर्जनामा लागे । हुनत पहिलो गजलकारका रूपमा मोतीरामलाई मान्ने वा नमान्ने भन्ने मतमतान्तर पनि पाइन्छ तर बहुमान्यताका आधारमा भने मोतीराम नै पहिलो गजल प्रतिभाका रूपमा देखापर्दछन् । प्राथमिक कालीन भक्तिधारालाई परिवर्तन गरी शृङ्गारिक धाराको प्रवर्तन गर्ने मोतीरामको शृङ्गारिक प्रवृत्ति गजलमा झन् प्रस्ट देखापरेको छ । गजललेखनमा मोतीमण्डलीमार्फत् संस्थागतरूपमा नै लागेका मोतीरामले शृङ्गारिक, व्यङ्ग्यात्मक, सामाजिक गजलहरू लेखेका छन् ।

भट्टद्वारा नै सम्पादित ठूलो 'सङ्गीत चन्द्रोदय' पुस्तकमा उनका २७ ओटा गजल सङ्गृहीत छन् भने अहिलेसम्म उनका ३३ ओटा गजल प्राप्त छन् । भट्ट नेपाली गजलको पहिलो चरणका विशिष्ट प्रतिभा हुन् । यस चरणका अर्का उल्लेखनीय प्रतिभा लक्ष्मीदत्त पन्त 'इन्दु' हुन् । यिनका २३ ओटा गजलहरू प्रकाशित छन् संरचनामा त्यति सचेत नदेखिने इन्दुले शृङ्गारका साथै भक्तिभावका गजल पनि लेखेका छन् । शृङ्गार तथा भक्तिभावलाई नै रुचाउने अर्का गजलकार हुन् 'गजब' भक्तिलाई भन्दा पनि शृङ्गारलाई आफ्ना ध्येय बनाउने गजबले धेरै गजल नलेखे तापनि पहिलो चरणका स्मरणीय प्रतिभा भने हुन् । यसै क्रमका अर्का स्रष्टा हुन्, नरदेव पाण्डे 'सुधा' र गोपीनाथ लोहनी । मोतीमण्डलीका सदस्यद्वयले क्रमशः पाँचओटा र तेत्तीसओटा गजल लेखेका छन् । गजलसंरचना र सचेतताका आधारमा भने गोपीनाथभन्दा नरदेव पाण्डे अगाडि देखिन्छन् । मिया अम्जद हुसेन 'अञ्जान'ले पनि एउटा तर उत्कृष्ट गजल लेखेर आफ्ना स्थान सुरक्षित गरेका छन् ।

पहिलो चरणका अर्का विशिष्ट प्रतिभा हुन् शम्भुप्रसाद ढुङ्गेल । फुटकरमात्र नभएर नाटकमा समेत गजलको प्रयोग गर्ने ढुङ्गेलले शृङ्गार, भक्ति, नीति, समाजसँग सम्बन्धित विषयमा लगभग पाँचसय गजल रचना गरेका छन् । गजलकार भीमनिधि तिवारीका 'मेरी बयासी गजल' (१९९४) र 'मेरी बीस र बयासी गजल' (२००२) प्रकाशित छन् । गजलमा देशप्रेम, समाज, शृङ्गार जस्ता विषयलाई समेट्ने तिवारीमा गजलको संरचनागत सचेतता भने त्यति देखिँदैन । भीमनिधिसँग आउने अर्का गजलकार हुन्, उपेन्द्रबहादुर जिगर । उनको 'एक सय एक गजल' (१९९६) शीर्षकको गजल प्रकाशित छ । भगवत्स्तुति र शृङ्गारमा रम्ने जिगर पनि संरचनामा भने त्यति दरिलो देखिँदैनन् तथापि उनमा अभिव्यक्ति कौशल भने बेजोड पाइन्छ ।

यसरी १९४१ मा मोतीराम भट्टबाट सुरुआत भएको नेपाली गजलको पहिलो चरण भीमनिधिको 'मेरी बयासी र बीस गजल' (२००२) सम्म आएर समाप्त हुन्छ । पहिलो चरणदेखि नै त्यो प्रवृत्ति विषेशरूपले हावी भएको पाइन्छ । पहिलो चरणमा जति पनि गजलहरू लेखिए प्रायः शृङ्गारिक नै लेखिए त्यसपछि अन्य विषयवस्तु भने गौणरूपमा देखापरेका छन् । स्त्रीका अङ्गप्रत्यङ्ग, हाउभाउ, रूप, वासना, जवानी आदिलाई विषयवस्तु बनाएर गजल लेख्ने परम्परा बसेको पहिलो चरणमा गजलको बहुप्रचलित परिभाषा 'प्रेमिकासँगको वार्तालाप'को राम्रो ख्याल गरिएको पाइन्छ । प्रेमको पूर्णसत्यतामा भन्दा यौन, रति र रोमान्ससँग युवतीलाई नजिक बनाएर गजल लेख्ने परम्परा भएको नेपाली गजलको पहिलो चरणको मुख्य वर्ण्य विषय वासना, मदिरा र महिला नै भएको पाइन्छ ।

शृङ्गारिकतापछि भगवत्भक्ति, देशभक्ति, सामाजिकता, औपदेशिकता, नैतिकता आदिलाई पनि गजलको विषयवस्तु बनाइएको पाइन्छ । नेपाली गजलको पहिलो चरणमा पहिलो चरणको प्रवृत्तिगत विश्लेषणका क्रममा समालोचक प्रभाती किरण लेख्छन् – “पहिलो चरणका गजलहरूको मूल प्रवृत्ति शृङ्गार रहेको पाइन्छ भने ईश्वरभक्ति, देशभक्ति, सामाजिकता, नैतिक शिक्षा, जातिप्रेम आदि सहायक प्रवृत्तिका रूपमा देखिन्छन् । यस समयका गजलमा उर्दू गजलको प्रत्यक्ष प्रभाव देखिन्छ । यस आधारमा पनि नेपाली गजलको पहिलो चरणको मूल प्रवृत्ति शृङ्गारिकता हो भने अन्य गौण प्रवृत्ति हुन् ।

मोतीरामदेखि नै फारसी बहरमा गजल लेख्ने परम्परा बसे पनि भीमनिधिजस्ता गजलकारहरूले १२, १५, २० अक्षरसंरचनामा आधारित गजलहरू पनि रचना गरेका छन् । उर्दूबाट प्रभावित भएर गजल लेखिए तापनि गजलको बाह्य संरचना, जस्तैः रदिफ, काफिया जस्ता तत्त्वहरूको प्रयोगमा समेत गजलकारहरू चिप्लिएका छन् । तखल्लुस प्रयोगलाई पनि कतिपय गजलकारहरूले आत्मसात् गरेका छन् ।

### ३.२.२. **दोस्रो चरण** (२००३ - २०३५)

पहिलो चरणको तुलनामा नेपाली गजलको दोस्रोचरण अत्यन्त कहालीलाग्दो देखिन्छ । एकातर्फ पहिलो चरणको छन्द एवम् बहरबद्धता दोस्रो चरणमा देखिँदैन भने अर्कोतर्फ पहिलो चरणमा भएको केही हदसम्मको संरचनागत सचेतता पनि दोस्रो चरणमा पाइँदैन । लोकलय एवम् स्वनिर्मित लयमा लेखिएका गजल भए पनि सङ्गीतबद्ध हुनुचाहिँ यस चरणको एउटा क्रान्ति नै हो । यस चरणका गजलकारहरूमा गोपालप्रसाद रिमाल, म.वि.वि. शाह, गोविन्द शर्मा विमल, प्रेमप्रकाश मल्ल, भीम विराग, छिन्नलता, राममान तृषित, जी शाह, रवीन्द्र शाह, भूपी सेरचन, पुष्प नेपालीलगायतका सर्जकहरू पर्दछन् ।

गजलसङ्ग्रह प्रकाशनका आधारमा पनि दोस्रो चरण गरिब देखिन्छ । यस चरणमा म.वि.वि. शाहको मात्र गजलसङ्ग्रह प्रकाशित भएको पाइन्छ । उनले विशेषत वियोग शृङ्गारमा कलम चलाएका छन् भने मुक्तलयलाई आत्मसात् गरेका छन् । ‘सेवा नेपाल’ (२०५९) पत्रिकामा गोविन्द शर्मा विमलका गजलहरू प्रकाशित भए पनि लेखनका आधारमा भने यी दोस्रो चरणका हुन् । देशप्रेम र शृङ्गारलाई अँगालेर विमलले गजल लेखेका छन् । दोस्रो चरणका अर्का गजलकार छिन्नलताका गजलहरू पनि उनको गीतसङ्ग्रहमा सङ्गृहीत छन् । प्रेमप्रकाश मल्लका गजल

'अनुभूतिका स्वरहरू' (२०५४) मा सङ्कलित छन् । तीन सेरका गजल लेख्न मन पराउने राममान तृषितका गजल 'प्रेयसीका आँखासित पिरतीका कुरा' (२०५४)मा सङ्गृहीत छन् । गजलसिद्धान्तका आधारमा भन्ने हो भने उनका रचना गजल नभएर 'रुवाइ' बन्न पुगेका छन् । २०५७ सालमा आएर 'भीम विरागका गीत गजल' मा विरागका गजल प्रकाशित भए पनि लेखनकालका आधारमा उनी दोस्रो चरणका गजलकार हुन् । लगभग २७ ओटा गजलरचना गरेका विरागले प्रेमभाव सँगै जीवन-जगत्सम्बद्ध गजल पनि रचना गरेका छन् ।

नेपाली गजलको दोस्रो चरणका उल्लेखनीय नामहरूमा ईश्वरवल्लभ, शङ्कर लामिछाने, रवीन्द्र शाह, भूपी शेरचन जस्ता सर्जकहरू पनि पर्दछन् । जानेर वा नजानेर वा हिन्दी गजल सुनेका भरमा भए पनि यस चरणमा गजल वा गजलजस्ता रचना पाइन्छन् । गजललेखनका दृष्टिले खासै उपलब्धिमूलक नदेखिएका कारण कतिपय समीक्षकहरूले प्रथम चरणमै गाभेर समीक्षा गरे तापनि सङ्गीतबद्धता, नेपाली लोकलय एवम् स्वनिर्मित लयको प्रयोग, विषयवस्तुमा नवीनता, शैलीगत विविधता आदिले नेपाली गजलको दोस्रो चरणलाई पहिलो चरणबाट छुट्याइदिएका छन् ।

कतिपय विकासक्रम विवेचकहरूले यस चरणलाई सुषुप्त काल पनि भनेका छन् । गजलरचनाका दृष्टिले शून्यप्रायः रहेको यस चरणमा गजलजस्ता रचनामात्र देखिन्छन् । शृङ्गारिकता, कारुणिकता, जीवनजगत् सम्बद्ध अभिव्यक्ति, सिद्धान्तहीनता, संरचनागत अज्ञानता, सङ्गीतबद्धता जस्ता कुराहरू नै नेपाली गजलको दोस्रो चरणका प्रवृत्ति हुन् ।

### **३.२.३ तेस्रो चरण (२०३६ – हालसम्म)**

समालोचकहरूद्वारा सुषुप्त भनिएको नेपाली गजलको दोस्रो चरणको अन्त्य मधुपर्कमा ( २०३५) गजलजस्तै तर मुक्तक शीर्षकमा ज्ञानुवाकर पौडेलको रचना प्रकाशित भएपछि मानिन्छ । भाव र विषयवस्तुको प्रस्तुतिमा पहिलो र दोस्रो चरणको भन्दा व्यापकता आउनु जीवन-जगत्सँग निकटता बढ्नु, गजलमा घुस्न नसकेको राजनीतिले समेत गजलमा प्रवेश पाउनु आदिले नेपाली गजललाई दोस्रो चरणबाट तेस्रो चरणमा अवतरण गराएको मान्नुपर्छ । यही तेस्रो चरणलाई पनि दुई चरणमा राखेर अध्ययन गर्ने गरिन्छ ।

क) पुनर्जागरण काल (२०३५ – २०५०)

ख) विकासकाल (२०५० – हालसम्म)

### ३.२.३.१ पुनर्जागरण काल (२०३५ – २०५०)

वि.सं. २०३५ को मधुपर्कमा ज्ञानुवाकर पौडेलको मुक्तक शीर्षकमा गजलअनुरूपको रचना प्रकाशित भएपछि नेपाली गजलले आधुनिक कालमा प्रवेश पाएको हो । हाल आएर यो तथ्यमा पनि विवाद पाइन्छ भने अनुसन्धानकर्ताहरूले आफ्ना अध्ययनअनुसारका कर्तहरू पनि दिइरहेका छन् । तथापि नेपाली गजलको आधुनिक कालका प्रर्वतक ज्ञानुवाकर हुन् भन्नेमा नै बहुमत पाइन्छ । त्यसपछिका दिनमा पनि पौडेलको गजलयात्रा कायमै रहेको पाइन्छ । हालसम्म पनि उनी गजललेखनमा उत्तिकै लागिपरेका छन् । यसै बीचमा उनको **खण्डहर नयाँ नयाँ** (२०४९) मा प्रकाशित भएको छ । त्यसपछि यस चरणका अर्का प्रतिभा हुन् ललिजन रावल । सामान्यतया लय वा मात्रालाई अत्यन्त सहजरूपमा प्रयोग गर्ने रावलका **केही गजल** (२०४२), **विरानो यो ठाउँमा** ( २०४६) प्रकाशित छन् । ज्ञानुवाकर पौडेलले फुटकर रचना प्रकाशित गरेर आधुनिक कालको मलजल गरेजस्तै यिनले गजलसङ्ग्रह नै प्रकाशित गरेर आफ्ना् दायित्व पूरा गरेका छन् ।

यस चरणमा नाम लिनै पर्ने गजलसङ्ग्रह र गजलकारहरूमा धर्मागत शर्मा 'तुफान' र उनका **तुफानका गजलहरू** (२०४२) र **देशको माटो दुख्ने गर्छ** (२०४९), बद्रीलाल निराशको **केही गजल निराशाका** (२०४६), वासुदेव अधिकारी र उनको **मनको हरियो मनको गीत** (२०४७) खगेन्द्र वस्यालको **दैलाउन फाँटबाट सुरु भएको यात्रा** (२०४२), रवि प्राञ्जल र उनको **घामका झुल्काहरू** (२०४७), **'तारिदेऊ न माझीदाइ'** (२०४८) मुख्य छन् ।

परम्परित शृङ्गारिकतालाई बहुसङ्ख्यक गजलकारहरूले नछोडे पनि यस चरणमा नेपाली गजलको क्षेत्रले व्यापकता पाएको भने अवश्य छ । शृङ्गारिकताले विलासिता र कलासँग विशेष सम्बन्ध राख्दछ तर यस चरणका गजलकारहरूले सामाजिकता र राजनीतिलाई पनि सँगसँगै लिएर हिँडेका हुन् भने जीवनजगत्सँग सम्बन्ध बढाएका छन् । समाजमा व्याप्त विसङ्गति र विकृतिको भण्डाफोर गर्दै सुधारका निमित्त आवाज बुलन्द गरेका छन् । गजलको संरचनागत पक्षसँग पनि यस चरणका गजलकारहरू निकै सचेत छन् । समालोचकहरूले गजलसङ्ग्रह प्रकाशनलाई आधार मानेर यस चरणको अध्ययन गरेकाले गजलकारहरूको उपस्थिति कम देखिएको हो । नेपाली गजलको विकासकालमा विशेष ख्याति कमाएका गजलकारहरूको आधार समय भने नेपाली गजलको पुनर्जागरण काल नै हो । तसर्थ यस चरणमा धेरै गजलकारहरूले गजलमा आफ्ना कलम तिखारेका छन् ।

गजलको बाह्य र आन्तरिक दुवै संरचनामा सचेत यो चरण वैचारिकतालाई कलासँग मिलाएर गजल रचना गर्न अत्यन्त सक्षम देखिन्छ । शृङ्गारिकताका साथै राजनीतिक सामाजिकता, जीवनबोध, यथार्थता, प्रयोगधर्मिता, विशिष्ट मौलिक एवम् लोक परम्परित लयविधान आदिले गर्दा नेपाली गजलको पुनर्जागरण काल अत्यन्त सम्मानयोग्य देखिन्छ ।

**३.२.३.२ नेपाली गजलको विकासकाल (२०५०-हालसम्म)**

२०५० सालयता नेपाली गजलको विकासमा व्यक्तिमात्र नभएर सङ्घसंस्थाहरू नै लाग्न थाले । गजल गजलकारहरूको गोजीबाट निस्केर गोष्ठीसम्म पुग्न थाल्यो । अनुसन्धान र शोधपत्रहरू लेखिन थाले । ठाउँठाउँमा गजलप्रशिक्षणको आयोजना हुन थाल्यो । देशैभरि गजलले एउटा माहोल नै सिर्जना गरिदियो । जसले गर्दा यो समयावधिलाई गजल समालोचकहरूले छुट्टै अध्ययन गर्न थाले ।

इतिहासको कुनै पनि कालखण्ड विवादरहित भने हुँदैन । गजलमा पनि यो समस्या जीवितै छ । सङ्ग्रहप्रकाशनका आधारमा कालविभाजन गरिएकाले नेपाली गजलका स्तम्भहरू, मनु ब्राजाकी, बूँद राना, घनश्याम परिश्रमीजस्ता व्यक्तिहरूको नाम पनि यसै अवधिमा मात्र पढ्न पाइन्छ । जे होस् हातमा गन्न भ्याइने नेपाली गजलसङ्ग्रहहरूको सङ्ख्या ह्वात्तै बढ्नु, लयचेतनामा शास्त्रीयता थपिनु, संस्कृत छन्द र फारसी छन्दहरूको प्रयोगमा व्यापकता आउनु, गजलले सङ्गीतसँगै निकटता पाउनु, टिकटमा गजल सुन्ने इतिहासको थालनी हुनु, गजल प्रकाशन र वाचनसँगसँगै रचयिताद्वारा नै गाएर सुनाउने जस्ता नयाँ आयामहरूले नेपाली गजलको विकास काललाई अझै विकसित बनाएको पाइन्छ । गजललेखनमा मात्र नभई यसको सैद्धान्तिक अध्ययनमा पनि यो समयावधि सक्षम रहेको छ । घनश्याम परिश्रमी र कृष्णहरि बरालजस्ता गजलका मूर्धन्य व्यक्तित्वहरूले गजलको अनुसन्धानमा लागेर नै पि.एच.डी गरिसकेका छन्, जसका कारण आजको गजल सैद्धान्तिक कोणबाट पनि धनी भइसकेको छ ।

जीवनलाई नजिकबाट अध्ययन गर्ने मनु ब्राजाकीका 'गजलगङ्गा' (२०५१), 'काँडाका फूलहरू' (२०५६) र 'के हेरेको ए जिन्दगी' (२०६४) शास्त्रीय बहरमा र मौलिक लयमा उत्तिकै कलम चलाउन सिपालु घनश्याम परिश्रमी र उनको 'यो मौसम' (२०५०), 'घामको छहारीमा' ( २०५२) 'जून चुहेको रात' (२०६०) र 'जुनुमाया' (बालगजलसङ्ग्रह, २०६०) र ललिजन रावल र उनको 'सिरानीमा आँसु' (२०५९) यस समयावधिका अग्रगम्य स्रष्टा र रचना हुन् ।

गजलको बाढी नै आएको समयमा गजलमा धेरै स्रष्टा जन्मिएर रचनामा पनि धैरे किसिमका धेरै जन्मिए । यसै समयावधिमा नै नेपालीभन्दा अन्य भाषामा पनि गजल लेख्ने काम भयो भने गजलमा लय अनिवार्य हुनुपर्छ भन्दै मनोमानी संरचनामा गजल लेखेर बाठा बन्नेहरूलाई सजग तुल्याउँदै 'अनाममण्डली'जस्ता गजलमै लागिपर्ने संस्थाहरूको उपस्थिति पनि यसै समयमा देखियो र मोतीरामको पालादेखि सुषुप्तावस्थामा पुगेको बहर पुनः जागृत भएर आयो । नेपालमा तीव्र गतिमा सञ्चार सुविधाको विकास हुनु र सहरसहरमा स्थानीय रेडियो, एफ. एम. खुल्नु आदिले गर्दा पनि गजलको विकासमा टेवा पुऱ्याएको छ ।

आवाज सञ्चारले जस्तै छापासञ्चारले पनि गजलको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् । नाम लिनै पर्नेहरूमा गजल विशेषाङ्कका रूपमा प्रकाशित सन्देश (२०५२), प्रतिभा (२०५३), झर्ना (२०५३), नवप्रज्ञापन (२०५३), आकाश (२०५३), पूर्णिमा (२०५७), गुञ्जन (२०५८), धौलागिरी स्पन्दन (२०५९), सङ्गम (२०५९) । स्वर्ण गजुर (२०६०), शब्दाङकुर, कल्पतरु, शिवपुरी सन्देश, गोधूलि र गजल, मुर्च्छना, पलाँस, पुष्पाञ्जली, गजलसागर जस्ता पत्रिकाहरू पर्दछन् । यिनका अतिरिक्त दुबसु क्षेत्रीद्वारा सम्पादित 'समसामयिक नेपाली गजल' वियोगी बुढाथोकी र कृसु क्षेत्रीद्वारा सम्पादित 'प्रतिनिधि नेपाली गजल' (२०५७) ललिजन रावलद्वारा सम्पादित 'प्रतिनिधि नेपाली गजल' (२०६५), घनेल्द्र ओझद्वारा सम्पादित 'बहरमाला' (२०६३) र 'गजलमाला' (२०६५) जस्ता कृतिहरूले पनि नेपाली गजलको विकासकाललाई विशेष मलजल गरेका छन् ।

शिव प्रणतको 'कुन्ती', सरोज काफ्लेको 'अधरामृत', घनेन्द्र ओझाको 'बल्झेर याद तिम्रो', प्रभाती किरण, रूपक वनबासी, बालकृष्ण रेग्मी, निर्धन मनोज र लक्ष्मण गगनको संयुक्त गजलसङ्ग्रह 'अवरुद्ध गलाहरू'जस्ता कृतिहरू यस कालका भिन्न किसिमका रचना हुन् । गजलको बाढी नै आएको यस समयमा गजलसङ्ग्रह प्रकाशनमा पनि त्यही अवस्था देखिन्छ । ती सबैको नाम लिएर यहाँ साध्य छैन । केही गजलमा लागि कुन विशेष ख्याति कमाएका व्यक्ति र कृतिहरूमा वियोगी बुढाथोकी र आफन्तका चोटहरू (२०५२), श्रेष्ठ प्रिया पत्थर र पत्थरका फलेका पिनाहरू (२०५३), पत्थरका प्रलापहरू (२०५९) र आँसुको सौगात (२०६०), गोवर्द्धन पुजाको धर्तीको धूलो (२०५४), टीकाराम उदासीको परिवेशका धूनहरू (२०५६), गोविन्दराज विनोदीको निर्मम घडीहरू (२०५६), गोपाल अश्कको जीवनको लेक र बेसी (२०५६), विजय सुब्बाको विजय सुब्बाका गीत र गजलहरू (२०५७), ऋचा लुइँटेलको बाँसुरीको धूनहरू (२०५८), स्वागत नेपालको धमिराको दरबार (२०६०), सुमित्रा वाङ्देल चेलीको गङ्गाजल (२०६०), पदम गौतमको एकलासको फूल (२०६०),

जनकराज पौड्यालको एउटा कथा (२०६०), अनमोलमणिको नदीकिनारमा उभिएर (२०६१), बुद्धिसागर चपाईंको रारा जलेपछि (२०६१), घनेन्द्र ओझाको आफ्नै चिहानमा टेकेर (२०६१), खगेन्द्र गिरी कोपिलाको व्यग्र चाँदनी (२०६१), गीता सापकोटाको इतिहासको पानाभित्र (२०६१), शीतल कादम्बिनीको सुगन्धयात्रा (२०६२), सूत्रमाला (२०६२), अनुराग अधिकारीको अनुराग (२०६२), रूपक वनबासीको हल्का मद्यपान (२०६२) र ओ इरानकी मेनका (२०६४), घनेन्द्र ओझा र राधा कँडेलको बाटो अझै छ बाँकी (२०६५) जस्ता कृति र कृतिकारहरू स्मरणीय छन् । देशैभरि गजलको मौसम छाएको बेला सबैको नाम सम्झिन पनि सकिँदैन । सम्झे पनि ठाउँ पाइँदैन, त्यति हुँदाहुँदै पनि केही समकालीन गजलकारहरूको नाम लिनै पर्ने हुन्छ । जस्तो कि अच्युत घिमिरे, अन्जान यात्री, इन्द्रकुमार श्रेष्ठ 'सरित' उज्ज्वल जिसी, उत्तमकृष्ण मजगैया, कृष्णहरि बराल, खुश्बुराज शाही, खोलाघरे साइँलो, गीता कार्की, गोपी दवाडी, गोविन्द गिरी प्रेरणा, गुलाव खेतान, गोपीकृष्ण ढुङ्गाना, चेतन कार्की, चेतनाथ धमला, देवी नेपाल, धीरज गिरी कल्पित, धीरेन्द्र प्रेमर्षि, निश्चल अधिकारी 'चञ्चल', रविका भण्डारी, जानुका नेपाल, राजकुमार बगर, रामशरण दर्नाल, विष्णु ज्ञवाली, व्याकुल माइला, ज्ञानु विद्रोही, होमशङ्कर बास्तोला हुन् ।

नेपाली गजलको विकासक्रममा देखिएको अर्को पक्ष हो, शास्त्रीय बहरमा गजल सिर्जना । सामान्य भेटघाटबाट सुरु भएको शास्त्रीय बहरमा गजल सिर्जनाको यात्रा अनामनगरबाट वाल्मीकि क्याम्पससम्म आइपुग्दा मोतीकालीन मोतीमण्डलीलाई सम्झाउने अनाममण्डली भएर निस्क्यो । यद्यपि यससँग नेपाली गजलको पहिलो चरणको जस्तो शृङ्गारिकता र परम्पराप्रियता भने छैन । केही आलोचना र धेरै प्रशंसा बोकेर अघि बढेको यस संस्थाले थोरै समयमा नै 'बहरमाला' र शास्त्रीय बहरमा रचित गजलहरूको सङ्ग्रह (२०६३) नेपाली गजलको समालोचनाग्रन्थ 'नेपाली गजल विगत र वर्तमान' (२०६४), मनु ब्राजाकीको के हेरेको ए जिन्दगी (२०६४), बूँद रानाको 'चल्दै छ जिन्दगी' (२०६४), गोपाल अश्कको बेकहल जिन्दगी (भोजपुरी बहरबद्ध गजलसङ्ग्रह, २०६४), सुरेश सुवेदीको अनुभूतिका डोबहरू (२०६४), श्रीजन श्रीको माटो हाँस्दै (२०६४), जीत कार्कीको आस्थाका हिउँचुलीहरू (२०६४), जय गौडेलको आशाका बयेलीहरू (२०६४), नारायण निरासीको तुसारोमा फुलेका फूलहरू (२०६४) र घनश्याम पथिकको शहर तिम्रो भए (२०६४) र विकास प्रहरको क्यानभासमा तिम्रो तस्विर (२०६५) जस्ता कृतिहरू प्रकाशित गरिसकेको छ भने २०६४ को मोतीजयन्तीका अवसरमा राष्ट्रिय स्तरको गजलमहोत्सवको पनि आयोजना गरिसकेको छ । समयसमयमा गजलप्रशिक्षणको समेत आयोजना गर्ने अनाममण्डलीले बूँद रानाको एकल गजलवाचन कार्यक्रमको आयोजना गरेर पैसा तिरेर गजल सुन्ने संस्कृतिको समेत विकास गरेको छ

। प्रत्येक साताको शनिवार वाल्मीकि क्याम्पसमा गजलगोष्ठीको आयोजना गर्दै आएको यस संस्थाका क्रियाशील गजलकारहरूमा सुरेश सुवेदी, घनेन्द्र ओझा, जनकराज पौड्याल, बलराम दाहाल, जय गौडेल, माधव खतिवडा, अर्जुन अन्योल, रूपक अलङ्कार, राधा कँडेल, रश्मि असफल, शारदा सजल, शान्ता कँडेल, विपीन किरण, सुको साइवर, प्रभाती किरण, नारायण निरासी, केशवराज जोशी, विकास प्रहर, घनश्याम पथिक आदि पर्दछन् ।

शृङ्गारलाई एकमात्र विषयवस्तुका रूपमा लिएर लेखनकार्य सुरु भएको नेपाली गजलले हालसम्म आइपुग्दा आफ्ना् विषयक्षेत्रमा व्यापकता हासिल गरिसकेको छ भने शृङ्गारिकतामै पनि सुरा-सुन्दरीको भद्दा वर्णनलाई पन्छाएर विशुद्ध हार्दिक प्रेमलाई आफ्ना् कथ्य बनाएको छ । सानो संरचनामा लेखिने भए तापनि यसले जीवनको गहिराइसम्म पुगेर अभिव्यक्ति दिन थालेको छ । सामाजिक कुपरम्परा, अन्धविश्वास, अशिक्षा आदिले जन्माएका समस्याप्रति व्यङ्ग्य र सुधारको प्रयास आधुनिक गजलले समातेको क्षेत्र हो । समसामयिक अवस्थाप्रति अनभिज्ञ रहेर कुनै पनि सर्जक साहित्य सिर्जना गर्न सक्दैन । यदि गर्छ भने पनि उसको साहित्यिकता र दायित्वमाथि प्रश्नचिह्न लाग्दछ । साहित्य व्यक्तिसन्तुष्टिमात्र नभएर आमचेतनाको चासो हो भन्ने कुराको मनन गरेर गजल लेखिनु आजका गजलको विशेषता हो । राजनीतिक दुरावस्थाप्रति सचेत रहेर कुर्सीप्रियतामाथि सजग तुल्याउनु आधुनिक गजलले समातेको अर्को पाटो हो । कोठाभित्र कसैको प्रशंसामा रमेको गजल आज सडक र आन्दोलनसम्म पुगेको छ । सुन्दरीको ओठ र कम्मरको वर्णनमा व्यस्त गजल आज गरिबीले नङ्ग्याएको भोको पेटको पक्षमा वकालत गर्दछ । यिनै कुराहरू नै विकासकालीन गजलका विशेषता हुन् ।

नेपाली गजलले जसरी देशैभरि आफ्ना क्षेत्र बनाएको छ । त्यसरी नै उसले विभिन्न चिन्तन र दर्शनका पक्षपाती स्रष्टा पनि भएको छ । अहिले गजलमा यो विषयमात्र उपयुक्त हुन्छ भन्ने अवस्था छैन । स्रष्टाको प्रतिभा र चेतनाअनुसार जुनसुकै विषयमा पनि उत्कृष्ट गजलरचना भएका छन् । सारांशतः शृङ्गारमा स्थूल एवं सूक्ष्म तथा हार्दिक सबै खाले अभिव्यक्ति, सामाजिक कुरीति र अन्धविश्वासको भण्डाफोर, आर्थिक दारिद्र्यको नाङ्गो तस्विरको प्रदर्शन, राजनीतिक विकृति, विसङ्गति, भ्रष्टाचार, हिंसा, अत्याचार, दमन, नातावाद, कृपावादजस्ता खराब तत्त्वको विरोध महिलाहिंसा तथा गरिबहिंसाप्रति विद्रोह, यथार्थपरक प्रगतिवादिता, कलापरक अभिव्यक्ति, लयचेतनामा विशिष्टता, संरचनागत सचेतता र विधागत जिम्मेवारिता नै यस कालका गजल र गजलकारको विशेषता एवं प्रवृत्ति हुन् ।

## ३.३ बर्दियाली गजलको वस्तुस्थिति र विकासक्रम

बर्दिया जिल्लामा विभिन्न भाषाभाषीहरूको अस्तित्व रहेको छ । मुख्यतः थारु भाषाको बाहुल्य रहेको यस जिल्लामा नेपाली अवधि उर्दू लगायतका अन्य भाषाहरू बोल्नेको पनि सङ्ख्या रहेको छ । भाषिक विविधता भएपनि साहित्यको रचना भने नेपाली भाषाको मात्र  भएको भेटिन्छ ।

बर्दिया जिल्लाको समग्र साहित्यिक इतिहासलाई अवालेकन गर्दा सर्वप्रथम साहित्यको संरक्षण र संबर्द्धनका निम्ति स्थापना गरेको संस्था 'महेन्द्र बज्म-ए-अदब' पहिलो साहित्यिक संस्थाको रूपमा देखिन्छ । बर्दियाली साहित्यकार स्व.प्रकाश राजापुरीले आफ्ना गुरु नासिरद्दीन नासिरसित मिलेर उक्त संस्थाको स्थापना वि.सं. २०२५ सालमा गरेको देखिन्छ । यस संस्थालाई प्रकाश राजापुरीले  अघि बढाएका थिए । यस संस्थाबाट कुनै पत्रपत्रिका र कृतिहरूको प्रकाशन भएको भेटिँदैन तर गजल सम्बन्धी विभिन्न अन्तर्क्रिया गोष्ठी र गजल प्रतियोगिता लगायतका क्रियाकलाप सञ्चालन गरेको इतिहास भेटिन्छ । अहिले यो संस्थाको अस्तित्व प्रायः लोप भैसकेको अवस्थामा छ । बर्दिया जिल्लामा गजल प्रकाशनको आरम्भ भने वि.सं. २०२९ सालमा 'वाणी' पत्रिकाको प्रकाशनबाट भएको पाइन्छ ।

गजल लेखनका दृष्टिले बर्दिया जिल्लाको अवस्थिति हेर्दा महेन्द्र बज्म-ए-अदव संस्थाबाट गजल लेखनको सुरुवात भएको मान्न सकिन्छ । यसै संस्थाको प्रयासबाट बर्दियामा उर्दु गजल लेखनको आरम्भ भएको र प्रकाशनका दृष्टिले समयमा छापाको अनुकूल सुविधा नभएकाले पनि प्रकाशनको कुनै प्रमाण भने भेटिएको छैन । वि.सं. २०४० को दशकतिर आइपुगेपछि मात्र छिटफुट रूपमा बर्दियाली गजलहरू भारतीय साहित्यिक पत्रिकाहरू मार्फत् छापिएका भेटिन्छन् । बनारसबाट प्रकाशन हुने **इन्द्र प्रथा** अमर गङगा, **गजल तरङ्गीणी** जस्ता पत्रिकाहरूमा बर्दियाली गजलकारहरूका केही गजल भेटिन्छन (शर्मा, दिपक २०६६, १३) नेपालमै प्रकाशनको आरम्भ भने वि.सं. २०५१ सालमा महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जबाट **सिर्जना** पत्रिकामा प्रकाशित मधु साश्रुको रहेको छ । प्रकाश राजापुरी, महानन्द ढकाल, प्रकाश गिरी 'निश्चल' दिपक आचार्य 'जलन' जस्ता स्रष्टाहरूको संलग्नतामा 'गजल मञ्जरी', गजलगङ्गा, गजल उद्यान साहित्य सरोबर' जस्ता गजलप्रधान पत्रिकाहरू प्रकाशन भैरहेका छन् । हवाइ पत्रिका, भित्तेपत्रिका तथा दैनिक पत्रिकाहरूमा प्रकाशित बर्दियाली गजलहरूलाई समेटेर बर्दियाको

**३.३.१ बर्दियाली गजल साहित्यलाई विकासक्रमका आधारमा दुई प्रकारले विभाजन गर्न सकिन्छ**

**पहिलो चरणः वि.सं. २०५१-२०६२ सम्म**

**दोस्रो चरणः वि.सं. २०६३ हालसम्म**

**३.३.१.१ पहिलो चरण : वि. सं. २०५१-२०६२**

बर्दियाली गजल साहित्यको प्रथम चरण वि.सं. २०५१ सालदेखि वि.सं.२०६२ सालसम्मको समयावधिलाई लिन सकिन्छ । महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जबाट **सिर्जना** पत्रिकामा वि.सं.२०५१ सालमा प्रकाशित मधु साश्रुको गजलबाट यस कालको सुरुवात भएको मानिन्छ । यसै कालमा बर्दियाको मधु साश्रुको **पिडा अनन्त हुन्छ** (२०५७) महानन्द ढकालको **खण्डित आत्मा** ( २०५८) महानन्द ढकाल र प्रकाश गिरी 'निश्चल' को **उस्तैउस्तै नदिका उस्तैउस्तै छालहरू** (संयुक्त गजलसङ्ग्रह, २०५९) शशि मरासिनीको नजुरेको धुन (२०६०) प्रकाश गिरी 'निश्चल' को **सपनाको सहर** (२०६१) बर्दियाली गजल साहित्यको धरोहर प्रकाश राजापुरीको **जीवनको मुस्कान** ( २०६२) गरी ६ वटा गजल कृतिहरू प्रकाशन भएका छन् । त्यस्तै बर्दियाली साहित्य समाजको गठन पनि यसै चरणमा भएको हो । वि.सं. २०५७ सालमा स्थापित यस संस्थाले आफ्नो प्रकाशन लहर मार्फत बर्दियाली गजलको उन्नयनमा सहयोग भूमिका निर्वाह गरेको पाइन्छ । त्यस्तै बबई बहुमुखी क्याम्पसबाट प्रकाशित **बबई सौगात**ले पनि यस चरणको गजललाई माथि पुग्न थप बल पुऱ्याएको पाइन्छ ।

गजलका आधारभूत मान्यतालाई आत्मसाथ गरी समाजमा व्याप्त विसङ्गती विकृति तथा विभेदलाई कटाक्ष गर्दै सुन्दर समाज निर्माणका खातिर आह्वान गरिएको पाइन्छ । यस चरणका गजलहरू मार्फत यस चरणको केन्द्रीय प्रतिभाको रूपमा प्रकाश राजापुरीलाई लिन सकिन्छ ।

**३.३.१.२ दोश्रो चरणः वि.सं. २०६३ देखि हाल सम्म**

मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान शाखा बर्दिया र दिपक आचार्य 'जलन' को उदय सँगसँगै यस चरणको सुरुवात भएको मानिन्छ । मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान शाखा बर्दियाको स्थापना गर्नमा अहम् भूमिका खेल्नुका साथै संस्थापक अध्यक्ष जस्तो गरिमामय पदमा रही गजलमञ्जरी तथा हस्तलिखित गजल प्रधान पत्रिका **सपना**को प्रधानसम्पादक रहेका दिपक जलनको सक्रियतामा विभिन्न ठाँउमा उपशाखाहरूको स्थापना गजल गोष्ठी, प्रशिक्षण तथा प्रतियोगिता समेत हुँदै आइरहेका छन् । यसै चरणको म.प.ग.प्र. उपशाखा मगरागाडीको **गजलगङ्गा** गजल प्रधान पत्रिकाले

बर्दियाली गजललाई राष्ट्रियस्तरसम्म पुऱ्याउनमा ठूलो भूमिका रहेको छ । त्यस्तै म.प.ग.प्र. उपशाखा गुलरियाको प्रकाशन **शब्दसारथि** तथा म.प.ग.प्र. उपशाखा नेउलापुरको प्रकाशन **गजल उद्यान**ले पनि बर्दियाली गजलमा ईटा थप्ने काम गरेका छन् । त्यस्तै नवप्रतिभा साहित्य समाजको प्रकाशन **अविरल** श्री ने.रा.उ.मा.वि. बाँसगढी को प्रकाशन **आरम्भ** शारदा उच्च मा.वि. मैनापोखरको प्रकाशन **शारदासुधा** शान्ति एकता क्लब सत्तारुवाको प्रकाशन **साहित्य गजल सरोवर** लगायतका पत्रिकाहरूले पनि बर्दियाली गजललाई टेवा पुऱ्याएका छन् ।

यस चरणमा महानन्द ढकालको अव्यक्त प्रत्याशा (२०६३) दिपक आचार्य जलनको आँसुभित्रको अविरल यात्रा (२०६३) बी.बी. थापा भिनाजुको **वेदनाका बुँदहरू** (२०६३) सुशिल घायलको संयुक्त गजलसङ्ग्रह **सानु** (२०६४), अनुपमा करारा 'विवश' मञ्जु पोखेल 'सानु' गितासिंह ठकुरी 'गंगाको' संयुक्त गजल सङ्ग्रह **टहटह जून** (२०६५) संजीव अधिकारी 'पीडित माइलो' र संदीप अधिकारी 'अभागी कान्छोको संयुक्त गजलसङ्ग्रह **अनन्त_आकाशको यात्रा** (२०६५) सुमित गिरी स्मितको **स्मित** (२०६६) अनुपमा करारा विवशको **आँसुको अनुवाद** (२०६८) गरी आठ ओटा गजलसङ्ग्रहहरू प्रकाशन भएका छन् ।

सञ्चार माध्यममा गजलले स्थान पाउनु नारी गजलकारहरूको कृति प्रकाशन हुनु तीव्र रूपमा गजलकार र गजलहरूको सङ्ख्या बढ्नु सङ्ख्यात्मक भन्दा गुणात्मक गजल तर्फ ध्यान दिइनुका साथै राजनैतिक असन्तुष्टि, बढ्दो अमानवीय प्रवृत्तिको विरोध, राष्ट्रियता, एकता सुन्दर समाज निर्माणको कल्पना जस्ता विशेषताहरू यस चरणका गजलका विशेषताहरू हुन । यसका साथै बर्दिया जिल्लालाई समग्र नेपाली गजल साहित्यमा छुट्टै पहिचान बनाउन सक्नु यस चरणको मुख्य उपलब्धी मान्न सकिन्छ ।

### ३.४ बर्दिया जिल्लामा उदाएका गजलकारहरू

बर्दिया जिल्ला नेपाली गजल साहित्यलाई स्पष्टैसँग देखिन सक्ने बिम्बका रूपमा स्थापित भइरहेको छ । जीवनका यावत पक्षलाई सरल र रोचक शैलीमा गजलमा उतार्न सक्ने जुझारु स्रष्टाहरूको लगाव र लगनशिलताले गर्दा नै यस जिल्लाको गजल शिखरोन्मुख छ । सामाजिक चेतना, क्रान्ति भाव, समसामयिकता आदिलाई आत्मसाथ गर्दै गजलमा कलम चलाउने बर्दियाली निम्न गजलकारहरू  यस प्रकार रहेका छन् :

प्रकाश राजापुरी, प्रकाश गिरी 'निश्चल', मधु साश्रु, मह नन्द ढकाल, जनप्रिय खनाल, शशि मरासिनी, शुक्रऋ चौलागाई, सागर गैरे, एसटी 'प्रकति', दिपक आचार्य जलन, बी.बी. थापा 'भिनाजु', मुकुन्द बागी, अग्र आवाज, कमल किनार, मञ्जु पोखरेल 'सानु' ऋषिराज धिताल प्रयास, लक्ष्मी कञ्चन, निर्जन आकाश, अनुपमा करारा 'विवश', अञ्जानस्नेहा, अमृत ढकाल 'निर्जन' डम्मर बी.सी. गोल्डेन उद्भास, अन्जु स्मारिका, सुमित गिरी स्मित, पर्वत ढकाल विद्या निर्दोष पहाडी, मानबहादुर खड्का, लक्ष्मी खनाल अभीका साथै अञ्जली मल्ल, अञ्जु अमेजन अञ्जु राजवंशी अनिशा के.सी. अनु अन्योल तिमील्सिना अनुप भट्टराई, क्षितिज, अनुराधा गिरी, सृजल अनिल थापा, अमृत घायल, अम्बिका भट्टराई वैरागी, अनु अशहीद, अशोक खत्री स्पेशल, अस्मिता सुवेदी 'आँसु' अस्मिता पोखरेल, आनन्द कँडेल निर्जन, आभास थापा, आशिका भण्डारी, ओम भावुक आचार्य इन्द्रराज पौडेल, इन्दु लामिछाने नानु, ईश्वरी प्रसाद रिजाल उल्कापात, एलिजा पौडेल 'कञ्चन', कमल बी.सी. 'माल्दाइ', कमला चापागाई 'कोपिला', कल्पना गिरी आँचल, कविन्द्रराज भट्टराई, काशी पँगेनी, कृष्णा खड्का, कुशराज लम्साल, कृष्ण खनाल, कृष्ण प्रसाद सुवेदी, कुशल खड्का, खड्कराज तिमील्सिना, खुमबहादुर बी.क. खुस्बु झा 'एञ्जल', गणेशबहादुर खत्री, गणेश सीसी गिता सिंह ठकुरी 'गङ्गा' गिता गौतम 'एञ्जल' गीता रिजाल, गीताञ्जली भावुक, गोपाल एल. बर्दियाली घनश्याम गौतम 'आदि' चक्र अविरल चिरञ्जीवि चापागाई चट्टान, जीवन योगी 'विपना' जोधीराम राजवंशी, झलकराज पौडेल 'नमस्ते' टेकबहादुर ढुब्राकोटी 'ट्रष्ट' टेकबहादुर थापा, टेकराज रिजाल 'टेकु' टेकराज सुवेदी टोपबहादुर नेपाली 'क्षितिज', डी. एस. किनार, तीर्थ थापा 'अविरल, तुलसी गौतम प्रतिक्षा तेजबहादुर सुनार, प्रेमकुमार शर्मा, कुन्दन, दिपक शर्मा, दीपक गिरी, दीपक पौडेल 'चिन्तन', दीपाथापा, देवि बराल, धर्मराज न्यौपाने 'आयाम' पवन शर्मा, प्रकाश थापा 'अनुपम' प्रकाश विश्वकर्मा परिवर्तित, पुष्कर कुँवर, भक्ति प्रसाद आचार्य, निश्चल भदैबहादुर बी.क., राधिका सापकोटा, राम घायल, रोशनअधिकारी 'रमेश', लक्ष्मीकान्त शर्मा असीम, लक्ष्मी गिरी, लक्ष्मी प्रसाद पौडेल 'आसामी', लाल जङ्गभण्डारी, लोकेश क्षेत्री आँचल, बासुदेव ज्ञवाली, विजय पौडेल, विनोद तिवारी, विष्णु बोहरा, बी.पी. वाग्ले सज्जन, शालिकराज अधिकारी 'अविरल', शिव परियार, शेखर त्रिपाठी, श्रेष्ठ समन श्री श्रीधर भण्डारी 'मायालु', सङ्गीता पङ्गेनी, सञ्जु रेग्मी 'डेट', सन्तोष रेग्मी सन्ध्या रिजाल, सरिता सापकोटा, सरिना स्मृति, सागर आचार्य, सुनिता खनाल, सुनिता चौधरी, सुमनकुमार ज्ञवाली, सन्देश ज्ञवाली 'उपेश', सुशिल चौधरी, शुशिल ज्ञवाली 'अविरल', सुशीला पोखरेल, सुवास पराजुली 'अविरल विवश' सोमश्री अनुरागी, सौगात गिरी, हरिप्रसाद देवकोटा

'विक्षिप्त' हरिप्रकाश भण्डारी, हरि सुवेदी, हरि रिमाल 'आँसु' हरि सापकोटा 'एकल यात्री', हेमा के.सी., होम बि.क., रोशनी होमा उपाध्याय, ज्ञानेन्द्र पौडेल विवादित, विद्रोही आदि रहेका छन्.।

बर्दिया जिल्ला जुन तौर तरिकाले नेपाली गजल साहित्यमा छुट्टै अस्तित्व कायम गरिरहेको यस परिवेशको श्रेय उपर्युक्त श्रष्टाहरूका साथै निम्न गजल प्रधान तथा अन्य पत्रपत्रिकाहरू ग्जलसङ्ग्रहहरूको अहम् भूमिका रहेको छ। जसको संक्षिप्त जानकारी यसप्रकार रहेका छन्।

### ३.५ बर्दियाली गजलको विकासमा लागेका पत्रपत्रिकाहरूको संक्षिप्त परिचय

#### ३.५.१ गजलमञ्जरी

मध्यमपश्चिमाञ्चल गजल प्रतिष्ठान शाखा बर्दियाको स्थापना सँगसँगै बर्दियाली गजलमा नयाँ किसिमको लहरको सिर्जना हुन थाल्यो । जसको अकाट्य प्रमाण बर्दिया जिल्लाकै पहिलो गजलप्रधान पत्रिकाको प्रकाशन पनि एक हो । मध्यपश्चिम गजल प्रतिष्ठान शाखा बर्दियाको स्थापना र **गजल मञ्जरीको** प्रकाशन (२०६३) सँगै सुरुवात भएको हो । यस दुवै कार्यको श्रेय बर्दियाली गजलका स्तम्भका रूपमा रहेका दिपक आचार्य 'जलन' लाई जान्छ। संस्थाको अध्यक्षको साथै पत्रिकाको प्रधानसम्पादक तथा संयोजक रहि जुन भूमिका जलनले गरे त्यो महत्त्वपूर्ण कामको रूपमा रहेको छ। देश विदेशमा रहेका र स्थानिय तथा नव श्रष्टाहरूका सिर्जनाहरूलाई समावेश गर्दै विभिन्न गजल सामग्रीहरू समावेश गर्दै यात्रा तय गरेको गजलमञ्जरी विभिन्न उतारचढावका बावजुद पनि आफ्नो अस्तित्व कायम गर्दै १० औं अंकसम्म प्रकाशन भएको छ र निरन्तर आफ्नो यात्रा तय गर्दै अगाडी बढिरहेको छ। वि.सं. २०६७ सालमा पुनर्स्थापना भएको यस संस्थाको अध्यक्ष तथा गजल मञ्जरीमा प्रधानसम्पादकका रूपमा अञ्जान स्नेहा रहेका छन् भने दिपक आचार्य जलन चाहीँ सल्लाहकारका रूपमा रहेका छन्। यस संस्था तथा पत्रिकाको अन्य महत्त्वपूर्ण कडीको रूपमा मञ्जु पोखेल 'सानु' डम्मर वी.सी. अञ्जु स्मारिका छन्। त्रैमाशिक भए तापनि पछि अर्धवार्षिक रूपमा प्रकाशन हुँदै आइरहेको छ। यसै संस्थाबाट बर्दियाली **गजल सरोवर** बर्दियाको गजलकारहरूको विशेषाङ्क प्रकाशन भएको थियो।

#### ३.५.२ सपना

मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान शाखा बर्दियाको प्रकाशन तथा दिपक आचार्य जलनको प्रधान सम्पादकत्वमा प्रकाशित हस्तलिखित हवाई पत्रिका सपना पनि बर्दियाली गजलको महत्त्वपूर्ण

कडी हो । जसका विभिन्न स्थापित गजलकारहरूका गजलहरू गजल सम्बन्धि सामग्रीहरू समावेश हुन्थे । **दुई अङ्क प्रकाशन पश्चात् सपना**को प्रकाशन स्थगित भएको छ ।

**३.५.३ गजलगङ्गा**

मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान उपशाखा भगरागाडीको स्थापना वि.सं. २०६४ सालमा अमृत ढकाल 'निर्जन' को नेतृत्वमा भएको र यसै संस्थाको मुखपत्रको रूपमा गजलगङ्गा पत्रिकाको प्रकाशन (२०६५) बाट हुँदै आइरहेको छ । अर्धवार्षिक रूपमा निरन्तर प्रकाशन हुँदै आएको यस गजल प्रधान पत्रिका स्थापित तथा नव सर्जकहरूको साझा चौतारीको रूपमा रहेको छ । सुरुवातका चार वटा अङ्कहरूमा विभिन्न श्रष्टाहरूका गजल, गजल सम्बन्धि आलेख, समीक्ष, अन्तवार्ता आदि समावेश भएका देखिन्छन् । भने पाँचौ अङ्क बर्दियाली गजलका धरोहर स्व.प्रकाश राजापुरी विशेषाङ्क रहेको छ । जसमा राजापुरी का केहि प्रकाशित रचनाका साथै विभिन्न व्यक्ति तथा सर्जकहरूका मानसपटलमा राजापुरी के-कसरी रहेका थिए ? भन्ने कुराको अभिव्यक्तिका साथै राजापुरीको जीवनी र उनले बाँचेको समयको प्रतिबिम्ब रहेको छ । त्यस्तै संस्थाको छैठौ प्रकाशनको रूपमा नेपाली उर्दू गजल साहित्यका एक हस्ती अब्दुल लतिफ 'शौक' विशेषाङ्क प्रकाशित छ ।

जसमा शौकको जीवनी, विभिन्न व्यक्तित्वको दृष्टिमा शौक, उनका अप्रकाशित ( शौकका कुनै पनि कृति प्रकाशन भएका छैनन्) उर्दू नेपाली गजल, कविता लगायतका कुराहरू समावेश छन् । त्यस्तै सातौ अङ्कमा विभिन्न श्रष्टाहरूका गजल, वरिष्ट साहित्यकार डा. गोविन्द राज भट्टराईसँगको अन्तर्वार्ता गजलसम्बन्धी आलेख समावेश भएका छन् ।

मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान उपशाखा मगरागाडीले प्रकाशन कार्यलाई निकै जोड दिँदै आएको देखिन्छ । यस संस्थाले बर्दियाको पहिलो एकल नारी गजल सङ्ग्रह सुमित गिरी स्मितको **स्मित** (२०६६) स्मितकै **अनिँदा आँखाहरू** (२०६८), पर्वत ढकालको मुर्दावाद (२०६८) मुक्तक सङ्ग्रह प्रकाशन गरेको छ । यस संस्था र गजलगङ्गाको मुख्य कडीका रूपमा दत्तप्रसाद अधिकारी, डम्मर बी.सी. पर्वत ढकाल, सुमित गिरी स्मित लगायतका श्रष्टाहरू रहेका छन् । हाल यो संस्था दत्तप्रसाद अधिकारीको नेतृत्वमा रहेको छ ।

### ३.५.४ गजल उद्यान

मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान उपशाखा नेउलापुर बर्दियाको स्थापना वि.सं. २०६८ मा विद्या निर्दोष पहाडीको नेतृत्वमा भएको देखिन्छ । यस संस्थाले आफ्नो प्रकाशनको रूपमा गजल उद्यान अर्धवार्षिक गजलप्रधान पत्रिकाको प्रकाशन गर्दै आइरहेको छ । गजललाई गङ्गाजल बनाउने उद्देश्यका साथ सुरुवात गरिएको यस पत्रिकाको लागि अन्य महत्त्वपूर्ण व्यक्तिको रूपमा शिवराज आचार्य भावुक भक्ति प्रसाद आचार्य 'निश्चल' प्रकाश न्यौपाने आदि रहेका छन् ।

### ३.५.५ साहित्य गजल सरोवर

शान्ति एकता क्लब, सत्घरुवाले जेटकिङ्ग कम्प्युटर, जागरण एफ. एम. र बेसको सहयोगार्थ प्रकाशित साहित्य गजल सरोवर द्वैमाषिक गजल प्रधान पत्रिका (पहिलो अङ्क २०६७ भाद्र-असोज) प्रकाशन भएको देखिन्छ । पुष्पराज तिमील्सिना 'सुवास सङ्गम' र नमराज खनाल नवदितको नेतृत्वमा यसको प्रकाशन भएको हो ।

### ३.५.६ शब्दसारथि

मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान उपशाखा गुलरियाको स्थापना वि.सं. २०६७ सालमा लक्ष्मी खनाल 'अभी' र अञ्जु स्मारिकाको नेतृत्वमा भएको हो । अभी र स्मारिकाको सम्पादकत्वमा **शब्दसारथि** नामक साहित्य विविध अर्धवार्षिक पत्रिकाको प्रकाशन भएको थियो । जसमा अन्य साहित्यिक विधाका साथै गजललाई हुर्काउन बढाउन तथा मलजल गर्ने हेतुका साथ सिर्जनाहरू समावेश भएका देखिन्छन् । शब्दसारथिले बर्दियाली गजलमा महत्त्वपूर्ण टेवा पुऱ्याएता पनि विविध कारणवश प्रकाशनलाई निरन्तरता दिन नसकिरहेको देखिन्छ ।

### ३.५.७ लहर

बर्दिया जिल्लाको समग्र साहित्यको साझा चौतारीको रूपमा स्थापना भएको एक बृहत् साहित्यिक संस्थाको नाम हो, बर्दियाली साहित्य समाज । वि.सं. २०५७ सालमा राजेन्द्र धितालको नेतृत्वमा स्थापना भएका यस संस्थाले बर्दियाली साहित्यको इतिहासमा एक महत्त्वपूर्ण कडीको रूपमा आफुलाई उभ्याएको छ । साहित्यका विभिन्न विधाहरूलाई संरक्षण, सम्बर्धन तथा विकास गर्ने उद्देश्यका साथ यस संस्थाले आफ्नो प्रकाशनका रूपमा लहर नामक साहित्य विविध वार्षिक पत्रिकाको प्रकाशन गर्दै आएको देखिन्छ । यस पत्रिकाले साहित्यका अन्य विधा सँगसँगै बर्दियाली

गजललाई पनि विशेष टेवा पुऱ्याएको देखिन्छ । हाल यो संस्था कवि इन्द्रराज पौडेलको नेतृत्वमा रहेको छ ।

### ३.५.८ अविरल

प्रतिभा साहित्य समाज बाँसगढीको स्थापना बर्दिया जिल्लाका चर्चित गद्यकवि ज्ञानेन्द्र पौडेल 'विवादित' को नेतृत्वमा भएको हो । यस संस्थाले बर्दियाली साहित्यको निम्ती निरन्तर आफूलाई समर्पित गर्दै आएको छ । यस संस्थाको प्रकाशनको रूपमा अविरल त्रैमासिक साहित्य विविध पत्रिकाको प्रकाशन गर्दै आएको छ । साहित्य विविध पत्रिका भएर पनि गजलको विकास र विस्तारमा यसले खेलेको भूमिका ज्यादै सराहनीय रहेको छ । यस पत्रिकाको लागि अन्य महत्त्वपूर्ण व्यक्तित्वको रूपमा महेश अधिकारी, लक्ष्मीकान्त शर्मा लगायत रहेका छन् ।

### ३.५.९ नया मुलुक

बर्दियाली साहित्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउने संस्थाहरू मध्येको एक नयाँ मुलुक साहित्य समाज पनि हो । वि. सं २०६३ सालमा स्थापना भएको यस संस्थाको मुखपत्रको रूपमा नयाँ मुलुक द्वैमासिक साहित्य विविध हवाई पत्रिका प्रकाशन भएको देखिन्छ । साहित्यका विविध विधाका साथै गजल विधाको उन्नयमा यस पत्रिकाले महत्त्वपूर्ण भूमिका खेलेको छ । वर्ष २ अङ्क १ पुर्णाङ्क ३ गजल विशेषाङ्कको रूपमा प्रकाशित भएको यस पत्रिकाको पाँचौ अङ्क प्रकाशन पश्चात् कुनैपनि अङ्क प्रकाशन नभएको जानकारी यसै पत्रिकामा सम्पादक तथा संयोजक श्रेष्ठ समन श्रीले जानकारी गराए । यस संस्थाका अन्य महत्त्वपूर्ण व्यक्तिको रूपमा बझाङ्गी सत्यानुरागी, भीमलाल त्रिपाठी 'यात्री' उमा थापा लगायतका रहेका छन् ।

### ३.५.१० आरम्भ

श्री नेपाल राष्ट्रिय उच्च माध्यमिक विद्यालय बाँसगढीको विद्यार्थी साहित्य समूहको वार्षिक प्रकाशनको रूपमा **आरम्भ** वि.सं. २०६४ सालबाट निरन्तर प्रकाशित हुँदै आइरहेको छ । यसले विद्यार्थीहरूमा साहित्यिक चेतना जागृत गराउनुका साथै साहित्यका विविध विधालाई समावेश गरी साहित्यको जगेर्ना गर्दै आइरहेको यस पत्रिकाले गजलका विभिन्न पक्षका बारेमा आवाज बुलन्द गरेको पाइन्छ ।

### ३.५.११ शारदासुधा

श्री शारदा उच्च माध्यमिक विद्यालय मैनापोखर बर्दियाको शारदा साहित्य सुधा समाजको वार्षिक प्रकाशनको रूपमा **शारदासुधा** प्रकाशन वि.सं. २०६६ सालबाट गर्दै आइरहेको छ । विद्यार्थीहरूमा साहित्यको बिज छर्ने र बर्दियाली तथा नेपाली साहित्यको श्री बृद्धिमा टेवा पुऱ्याउने ध्येयका साथ प्रकाशन भइरहेको यस पत्रिकाले साहित्यका विभिन्न विधाका साथसाथै गजललाई पनि समावेश गर्दै आइरहेको छ ।

### ३.५.१२ बबई पुञ्ज

बबई बहुमुखी क्याम्पसको बबई पुञ्ज वार्षिक साहित्यिक विद्यार्थी परिवार गुलरिया, बर्दियाद्वारा प्रकाशित **बबई पुञ्ज** वार्षिक पत्रिकाका रूपमा वि.सं. २०६८ बाट प्रकाशन भएको हो । यसमा साहित्यका विविध विधाका साथै गजललाई टेवा पुऱ्याउने उद्देश्यले प्रकाशन भएको देखिन्छ । समग्र साहित्यिक क्षेत्रको श्री वृद्धि गर्ने उद्देश्यले स्थापना भएको यस संस्थाले नवप्रतिभा तथा स्थापित श्रष्टाहरूलाई विशेष प्रोत्साहन गरेको देखिन्छ ।

उपर्युक्त पत्रपत्रिकाका साथै बर्दियाली गजल साहित्यमा टेवा दिने अन्य विभिन्न वार्षिक, अर्धवार्षिक, पाक्षिक साप्ताहिक तथा दैनिक पत्रिकाहरूमा बर्दिया टाइम्स (दैनिक) बढैयाताल टुडे दैनिक, समावेश दैनिक, हाम्रो भावना (दैनिकी) बबई साप्ताहिक, कृष्णसार साप्ताहिक, बर्दिया समाचार साप्ताहिक लगायतका पत्रपत्रिकाहरू रहेका छन् साथै बबई बहुमुखी क्याम्पसबाट प्रकाशित हुने **बबई सौगात**ले पनि बर्दियाली गजलको विकासको लागि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

### ३.६ निष्कर्ष

वि.सं. २०२९ सालदेखि गजल लेखनको इतिहास बोकेको बर्दियाली गजल साहित्यले नेपाली गजलको विकासक्रममा ठूलो भूमिका खेलेको देखिन्छ । करिब दुई दशकको अवधिमा बर्दियामा थुप्रै गजलकारहरूको उदय भयो । प्रकाश राजापुरी, मधु माश्रु, महानन्द ढकाल, प्रकाश गिरी निश्चल, दिपक आचार्य जलन, निर्जल आकाश, अनुपमकरारा विवश, अन्जान स्नेहा, अमृत ढकाल निर्जन, गोल्डेन उदभास, अन्जुस्मारिका, सुनिता गिरी स्मित, पर्वत ढकाल र मानबहादुर खड्का जस्ता गजलकारहरूले वर्तमान समयमा पनि गजलका क्षेत्रका उल्लेख योगदान पुऱ्याइरहेका छन । नेपाली

गजलको विकासमा समसामयिक धारालाई गजलकारहरू गजलको विकास क्रममा कोशेढुङ्गाका रूपमा सावित भएका छन् ।

वि.सं. ६० को दशक नेपाली गजललका साथै बर्दियाली गजलका निम्ती पनि एकदमै महत्त्वपूर्ण दशकका रूपमा रहेको छ । विभिन्न दैनिक, साप्ताहिक, पाक्षिक तथा गजल प्रधान पत्रपत्रिकाहरूको प्रकाशनका साथै गजल सङ्ग्रहहरूको व्यापक प्रकाशन भइरहेको देखिन्छ । यस दशकमा मुख्यतः वि.सं. २०६३ मा म.प.ग.प्र. शाखा बर्दियाको स्थापना पश्चात् यस जिल्लाबाट गजलले व्यापकता पाएको देखिन्छ । यसका साथै म.प.ग.प्र. को उपशाखाहरू मगरागाडी, गुलरिया, नेउलापुर राजापुरको योगदान पनि महत्त्वपूर्ण छ । बर्दियाली साहित्य समाज (२०५७) लगायतका विभिन्न साहित्यिक संस्था तथा विभिन्न विद्यालयमा स्मारिका तथा पत्रिकाहरूले पनि गजललाई टेवा पुऱ्याउँदै आएको देखिन्छ । राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा ख्याति प्राप्त प्रकाश राजापुरी जस्ता ओजस्वी व्यक्तित्व बर्दियाली हुनु म.प.ग.प्र. शाखा बर्दियाली गजल प्रधान पत्रिका गजल मञ्जरी, सपनाका साथै बर्दियाली जगल सरोवर प्रकाशन गर्नुका साथै नेपाली गजलमै नयाँ कार्यको सुरुवात नेपाली गजल साहित्यमा अश्लीलता उन्मुलन अभियान २०६६ गर्नु म.प.ग.प्र. उपशाखा मगरागाडीले गजलगङ्गा पत्रिकाको प्रकाशन गर्नु तथा आफ्नो पाँचौ अङ्क बर्दियाली गजलका स्तम्भ प्रकाश राजापुरी विशेषाङ्क तथा छैठौ अङ्क नेपाली उर्दू साहित्यका एक हस्ती अब्दुल लतिफ 'शौक' विशेषाङ्कका साथै पहिलो बर्दियाली एकल नारी गजल सङ्ग्रह सुमित गिरी स्मितको स्मित तथा मुक्तक सङ्ग्रह अनिँदा आँखाहरू र पर्वत ढकालको मुर्दावाद प्रकाशन गर्नु, उपशाखा गुलरियाले शब्दसारथि प्रकाशन गर्नु, उपशाखा नेउलापुरले गजल उद्यान प्रकाशन गर्नु यसका साथै १४ ओटा गजलकृति प्रकाशन हुनु दिपक आचार्य 'जलन', अञ्जानस्नेहा, अमृत ढकाल निर्जन जस्ता श्रष्टाहरूको योगदान लगायतका सम्पूर्ण कुराहरूले नेपाली गजल विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याएको स्पष्ट हुन्छ ।

## परिच्छेद : चार

# बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण

### ४.१ विषय प्रवेश

बर्दिया जिल्लाको गजललेखन परम्परा लगभग दुई दशक जति पुरानो छ । वि.सं.२०५१ सालदेखि बर्दियाली गजल प्रकाशनका दृष्टिले अस्तित्वमा आएको हो । राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकाहरूको धेरै समय लुप्त रहेता पनि २०४७ सालको प्रजातान्त्रिक आन्दोलनको प्रभाव र प्रजातन्त्रको उपलब्धिपछि थुप्रै गजलकारहरू बर्दियामा उदाएको । दुई दशकको अवधिमा प्राप्त १४ वटा गजलसङ्ग्रह र तिनको कृतिगत तथा फुटकर गजलहरूको विषयवस्तु र प्रवृत्तिका आधारमा यस परिच्छेदमा विश्लेषण गरिएको छ ।

### ४.२ गजलकार मधु ज्ञवाली र उनको 'पीडा अनन्त हुन्छ' गजल सङ्ग्रहको विश्लेषण

मधु ज्ञवाली बर्दिया जिल्लाका सक्रिय गजलकार हुन् । यिनका गजलहरू प्रामाणिक रूपमा २०५३ सालदेखि साप्ताहिक, आजको समाचारपत्र जस्ता पत्रिकामा प्रकाशित भएको पाइन्छ । कृतिका रूपमा यिनको २०५७ सालमा **पीडा अनन्त हुन्छ** गजलसङ्ग्रह प्रकाशित भएको छ । यो उनको एकमात्र गजलीय कृति हो । सत्तरीवटा गजलहरू यस सङ्ग्रहमा रहेका छन् ।

यस सङ्ग्रहमा रहेका सत्तरीवटा गजलहरूले यस कृतिको बाह्य संरचना निर्माण गरेका छन् । यसमा संग्रहित गजलहरू चारदेखि सात सेर सम्मका छन् । मिसराका हिसाबले धेरै गजलहरू दश पङ्क्तिका र केहि मात्र बाह्र, चौध पङ्क्तिका देखिन्छ । यस सङ्ग्रहका गजलमा गजलको मूल परम्परा अनुसार नै पहिलोबाहेक अन्य सबै सेरका प्रथम पङ्क्तिलाई मुक्त छोडी हरेक सेरका दोस्रो पङ्क्तिबीच लगभग नियन्त्रयमा गजलकारले बढी ध्यान दिएको देखिन्छ । यस गजल सङ्ग्रहका सत्तरीवटै गजलमा 'मतला' भनिने प्रथम श्लोकमा प्रथम हरफ गजल शीर्षकका रूपमा प्रस्तुत भएका छन् ।

यस सङ्ग्रहका गजलमा विषयगत विविधता भेटिन्छ । गजलहरूले राष्ट्र, समाज, सामाजिक विकृति, विसङ्गति, प्रेम जस्ता विषयलाई अवलम्बन गरेका छन् । समसामायिक परिस्थिति र प्रणय सम्बन्धलाई पनि गजलमा समेटिएका छन् । यी गजलहरूले  राजनीतिक विकृतिलाई प्रमुख रूपमा देखाएका छन् । राजनीतिक व्यङ्ग्यप्रति लक्षित एउटा उदाहरण यसप्रकार छः

देशको भन्दा आफ्नो हितलाई ध्यान दिने ।
यो पार्टी होस वा त्यो सरकार उस्तै उस्तै ॥

(पीडा अनन्त हुन्छ, २०५७ : ५४)

नेपाली नवगजलका प्रेमसम्बन्धी र राजनीतिक व्यङ्ग्य तथा विद्रोहका दुवै पक्षीय तीक्ष्ण भावलाई सन्तुलित रूपमा यस कृतिमा अभिव्यक्ति भएको पाइन्छ । यस्तै एउटा उदाहरण यसप्रकार छः

आएछ जमाना साह्रै खराब म के गरुँ ।
इँटको निम्ति पत्थरको जवाफ म के गरुँ ॥

(पीडा अनन्त हुन्छ, २०५७ : १२)

यस सङ्ग्रहका अधिकांश गजलहरूले वर्तमान समयका नरनारीका मांसल प्रेमप्रति देखिएका विकृतिहरूलाई पनि उद्घाटित गरेको पाइन्छ । प्रेमको खेलमा पराजित हुन पुगेका अवस्थामा पनि गजलकार मायालुप्रति आशावादी देखिएका छन् । यसको एउटा उदाहरण यसप्रकार छः

आउने भए आऊ, बाटो छँदैछ ।
सम्बन्ध रगतझैं रातो छँदैछ ॥
मरेछन् तिमीले रोपेका फूलहरू
के भो र ! गमलामा माटो छँदैछ ॥

(पीडा अनन्त हुन्छ, २०५७ : २१)

यस गजल सङ्ग्रहका गजलहरूमा गजलमा प्रचलित 'तखल्लुस्' राख्ने काम कतिपय गजलमा पाइँदैन रदिफ र काफियाको प्रयोग सम्बन्धी नियमलाई अधिकांश रूपमा पालना गरेको देखिन्छ । गजलमा गुलाब, काँडा, पत्थर, फूल, मोती, जून, बादल, पानी जस्ता लघुबिम्बहरूको प्रयोग पाइन्छ । यस्ता बिम्बले व्यापक व्यङ्ग्यार्थको बोध गराएका छन् । उत्प्रेक्षा, स्वभावोक्ति, अनुमान, दृष्टान्तजस्ता अर्थालंकारको प्रयोग स्वाभाविक रूपमा गरिएको छ । यस सङ्ग्रहभित्र रहेका गजलहरूमा सरल र सहज भाषाशैलीको प्रयोग पाइन्छ । शब्दस्रोतका आधारमा तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग यहाँ पाउन सकिन्छ । प्रीति, प्रणय, कुसुम,श्राप, सौम्य, निमेष, देह, सृष्टिजस्ता तत्सम शब्दहरू, क्याम्पस, सराब, कम्प्युटर, मोहब्बत, गम, बोर्डिङ, स्कुल, फरेबी, सफर, नोटजस्ता आगन्तुक शब्दहरू यस सङ्ग्रहमा पाइन्छन् ।

### ४.३ गजलकार शशी मरासिनी र उनको 'नजुरेको धुन' गजल सङ्ग्रहको विश्लेषण

गजलकार शशी मरासिनीको **नजुरेको धुन** गजलसङ्ग्रह दधिराम स्मृति प्रतिष्ठानबाट वि.सं. २०६० सालमा प्रकाशित भएको हो । उनान्सत्तरी पृष्ठ सङ्ख्या रहेको यस सङ्ग्रहमा ६९ ओटा गजलहरू संग्रहित छन् । यस गजल सङ्ग्रहमा रहेका उनान्सत्तरीवटा गजलहरूले यस सङ्ग्रहको बाह्य संरचना निर्माण गरेका छन् । यस कृतिमा संग्रहित गजलहरू चारदेखि सात सेरसम्मका देखिन्छन् । मिसराका हिसाबले उनका यस गजल सङ्ग्रहका धेरै गजलहरू दश पङ्क्तिका र केही मात्र बाह्र, चौध पङ्क्तिका देखिन्छन् । यसबाट गजलमा अपेक्षित कसिलो संरचनागत नियमभित्र नै उनका गजलहरू रहेका देखिन्छन् ।

यस सङ्ग्रहका गजलमा प्रथम पङ्क्तिलाई मुक्त छोडी सबै सेरका दोस्रो पङ्क्तिबिच एकै प्रकारको रदिफ र काफियाको आवृतिक्रम पाइन्छ । संरचनागत तथा अर्थगत नियन्त्रणमा गजलकारले खासगरी अनुप्रासको प्रयोग गरेको पाइन्छ । यस गजल सङ्ग्रहका सबै गजलमा मतलाका रूपमा प्रथम सेरका, प्रथम हरफ गजल शीर्षकका रूपमा प्रस्तुत छन् ।

गजलकार मरासिनीले यस सङ्ग्रहका गजलमा विविध विषयवस्तुलाई समेटेको पाइन्छ । यस सङ्ग्रहका गजलमा सामाजिक विकृति, राजनैतिक विकृति तथा मांसल र आन्मीय प्रेमलाई मुख्य विषयवस्तु बनाइएको छ । यस सङ्ग्रह भित्रका गजलहरूमा जीवनले बोकेको निरसता र वितृष्णाका भावको छनक पाउन सकिन्छ । एउटा उदाहरण यसप्रकार छः

ओइलाएको फूल कसले छर्ने र
फक्रेको फूल हेर्ने मन गर्छ दुनियाँ ।

(नजुरेको धुन, २०६० : २३)

हरियाली छँदै छैन ठुटो जिन्दगी
जति जति जोर्छु भन्छु बुचो जिन्दगी

(नजुरको धुन, २०६० : १४)

देशको भकारी रित्याएर मोजमस्तीमा झुमेका हाम्रा नेताहरूलाई पनि गजलकार छद्मभेषी शोषकका रूपमा अर्थ्याउने प्रयास गरेको पाइन्छ । प्रजातन्त्र प्राप्ति पछि 'हात्ती आयो हात्ती हायो फुस्सा' भने झैं जनतालाई खासै राहत नमिलेको कुराप्रति कवि सचेत देखिन्छन् । यसको एउटा उदाहरण यसप्रकार छः

बिउ नयाँ हो विधि पुरानै ।
सरकार नयाँ नीति पुरानै ।
आयो प्रजातन्त्र के भयो र?
हालत उही स्थिति पुराने ।

(नजुरको धुन, २०६० : ४)

मानवताको गिर्दो स्थिती र नेताले जनातालाई भुलेर फेरि पनि व्यक्तिगत स्वार्थपूर्तिमा लागेको यथार्थलाई गजलकारले गजलका रूपमा व्यक्त गरेको देखिन्छ । यसबाट राजनीतिक विकृतिले वर्तमान समयमा विकरालरूप लिइसकेको कुरा घामजस्तै छर्लङ्ग भएको छ । एउटा उदाहरण यसप्रकार छः

भाइभाइले धमासान गरे ।
मानवताको अवसान गरे ॥
योजना त्यसै खेर जाँदैन
भ्रष्ट रोग यो निदान गरे ।

(नजुरेको धुन, २०६० : ५०)

यस सङ्ग्रहका केहि गजलहरूबाट प्रीतिका सन्दर्भमा पनि अनेक छल र पीडाका बीच समेत बैंसको ज्वालाको मिठासको स्मृति गरेको पाइन्छ । यहाँ प्रेमको देहराग र स्मृतिपराग दुबैको उपस्थिति समेत देखापर्छ । एउटा उदाहरण यसप्रकार छः

चन्द्र जस्तो रूप उनको मुस्कान छर्ने अधर
हेरिराख्छु सधैं सधैं नमर्ने भो रहर ।
कविकी कल्पना शशीकी सपनामा उनी
होलिन् कुन दीपनगर हो कि सगर ।

(नजुरेको धुन, २०६० : २२)

यस कृतिका यस्ता अन्य गजलहरूले नेपाली नवगजलका प्रेमसम्बन्धि र राजनीतिक व्यङ्ग्य तथा विद्रोहका दुबै पक्षीय तीक्ष्ण भावलाई यस सङ्ग्रहका गजलहरूले व्यक्त गरेको पाइन्छ ।

यस गजलसङ्ग्रहका कतिपय गजलहरूमा प्रचलित तखल्लुस राखिएको पाइँदैन । रदीफ र काफियाको प्रयोग सम्बन्धी नियमलाई अधिकांश रूपमा पालना गरिएको देखिन्छ । यस कृतिका

गजलहरूमा छाना, नाना, जून, गाई, फूल, कोतपर्व, रोटी, धोती, ज्योती, आँकुरा, खडेरी, दाम, भँमरा, कोकिल, गुलाब, शालिक जस्ता लघुबिम्बहरूको प्रयोग पाइन्छ । उपमा उत्प्रेक्षा, स्वभावोक्ति जस्ता अर्थालङ्कारको प्रयोग गजलमा प्रयोग भएको भेटिन्छ ।

प्रस्तुत कृतिमा सरल र सहज भाषाशैलीको उपयोग गरिएको पाइन्छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दहरूको प्रयोग पनि भेटिन्छ । क्याचर बुथ, भिजन, फोर्स, नजराना, दिवाली जस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि भेटिन्छ । साछी(साक्षी), नाँगो (नाङ्गो), गिने(गने), लश्मी(लक्ष्मी) जस्ता वर्णविन्यासगत अनुशासनभन्दा बाहिरका शब्दहरूको प्रयोग यस सङ्ग्रहका गजलहरूमा भेटिन्छन् ।

### ४.४ गजलकार महानन्द ढकाल र उनको 'खण्डित आत्मा' गजल सङ्ग्रहको विश्लेषण

गजलकार महानन्द ढकालको **खण्डित आत्मा** वि.सं. २०५८ सालमा प्रकाशित भएको गजलगंग्रह हो । जम्मा ६१ पृ. सङ्ख्या रहेको यस कृतिमा ६० ओटा गजल संग्रहित छन् भने भूमिका प्रमोद प्रधानद्वारा लेखिएको छ । यस सङ्ग्रहमा प्रेम, प्रणय सामाजिक विकृति र राजनीतिक विकृतिहरूलाई मूल विषयवस्तु बनाइएको छ । यसमा संग्रहित सम्पूर्ण गजलहरू मध्ये ७ देखि १२ शेर सम्मका गजलहरू समावेश गरिएका छन् । रदिफ र काफियाको प्रयोग प्रायः सबै गजलहरूमा गरिएको छ भने तखल्लुस भने सबै गजलहरूमा प्रयोग गरेको देखिदैन ।

यस सङ्ग्रहमा गजलहरूमा विषयगत विविधता भेटिन्छ । राजनैतिक विषयवस्तुमा भ्रष्टाचार, विकृति, स्वार्थ, लुछाचुडी, मानवदमन जस्ता कुराहरू समेटिएका छन् । राजनैतिक खिचातानिबाट आजित जनताहरूका दुःखद् निःस्वार्थलाई गजलमा व्यक्त गरिएको छ । यसको एउटा उदाहरण यस प्रकार छः

निकास खुलेपो विकाश हुन्छ
तव न छाति आकाश हुन्छ ।
हलो हड्‌काउन छोड हो मित्र
संझौता भित्र मिठास हुन्छ ।

(खण्डित आत्मा, २०५८ : ७)

यसैगरि यस सङ्ग्रहका गजलहरूमा नेपालीपन देशभक्ति राष्ट्रियता र कर्तव्यको पनि चेतना भेटिन्छ । देशमा जन्मिसकेपछि देशप्रतिको उत्तरदायित्व जिम्मेवारी र राष्ट्रिय भाव हरेकको मनमा

भएमा मात्र देशको समुचित उन्नति हुन्छ  भन्ने भाव उनका गजलमा भेट्न सकिन्छ एउटा उदाहरण यस प्रकार छः

सगरमाथा जस्तै अटलशिर हुनुपर्छ
नेपाली रगत भए वीर हुनु पर्छ
जोस हुँदा वेहोसिमा हुन्छन् धेरै मान्छे
सिद्धार्थका चेलाहामी धीर हुनुपर्छ ॥

(खण्डित आत्मा, २०५८ : २१)

यस गजल सङ्ग्रहका गजलहरूमा देशको वर्तमान अवस्था प्रति चिन्तित हुदै अस्थिर राजनीतिको दिक्दारिले गजलकार दिक्क भएको आभास उनका गजलहरूमा भेटिन्छ । जातीयद्वन्द्व, असमानता र प्रादेशिक विभेदयुक्त लडाइले आक्रान्त पारेको यस देशमा कहिले स्थिरता आउला भन्ने आसावादी स्वर उनका गजलमा व्यक्त भएको छ । एउटा उदाहरण यसप्रकार छः

राजनीतिको कालो बादल कहिले सम्म
लगातारको बन्द हड्ताल कहिले सम्म
हिमाल पहाड तराई कोहि छैन पराई
यो शुद्ध विचार अनिकाल कहिलेसम्म

(खण्डित आत्मा, २०५८ : २४)

ढकालले आफ्ना गजलहरू नारी चेतना, नारीपिडा र उनीहरूको हक, अधिकारलाई पनि गजलमा व्यक्त गरेको पाइन्छ । पुरुष प्रताडित भई बाच्नु परेको अवस्था, अवसरबाट वञ्चित नारीहरूको अस्तित्व जोखिममा परेको तथा मातृत्व र नारित्वलाई पुरुषले लत्याएको तितो यथार्थ व्यक्त गरिएको छः एउटा उदाहरण यसप्रकार छः

आमा र बहिनीमा भेद देख्दैन यो समाज
नारीहरू अधिकारको लेख लेख्दैन यो समाज
खुल्लम खुल्ला यहाँ शोषण हुन्छ नारीको
आफ्नै अगाडी अन्याय हुँदा छेक्दैन यो समाज

(खण्डित आत्मा, २०५८ : ४२)

यसैगरि प्रस्तुत गजलसङ्ग्रहमा युवाचेतना वर्तमान समयमा हराउँदै गएको प्रति चिन्ता व्यक्त गरिएको पाइन्छ । देश निर्माणमा जुट्नुपर्ने युवाहरू जाडरक्सी, सुरासुन्दरी र बेरोजगारीमा

डुबेको प्रति गजलकारले आफ्ना गजलमा यसरी चिन्ता प्रकट गरेका छन्: एउटा उदाहरण यसप्रकार छ:

मेरो घर स्वर्ग भन्थ्यौ सडकमा वास किन ?
मद्यपान हैन भन्थ्यौ बोतलका रास किन ?
निर्माणमा जुट्नु पर्ने आपसमा फुट्दै छौ
व्यर्थमाग छान्यौ तिमी एकताको आस किन ॥

(खण्डित आत्मा, २०५८ : ५८)

ढकालका यससङ्ग्रहमा संग्रहित गजलहरू मध्ये प्रीति र प्रणयको विषय वस्तुलाई पनि समावेश गरिएको पाइन्छ । प्रेमबाट धोका असफलप्रेम, शारीरिक आकर्षण, प्रेमबाट उत्पन्न निराशा र प्रेममय वितृष्णालाई व्यक्त गरिएको छ: एउटा उदाहरण यसप्रकार छ:

आफ्नो अस्तित्व मेटेर समर्पित भए
के थियो तिमीमा कुन्नी आकर्षित भए
तिम्रो विषाल छातिमा शिर भुकाउने आसा थियो
दिइनौ आश्रय तिमीले तिरस्कृत भए ॥

यस गजल सङ्ग्रहका अधिकांश गजलहरूमा तखल्लुस राखिएको पाइदैन । काफिया रदिफ जस्ता गजलका तत्वहरू समावेश गरिएको पाइन्छ । भकारो, सोरठी, मारुनी जस्ता अप्रचलित शब्दहरू प्रयोग गरेको पाइनछ । रदिफ र काफिया भन्दा भाव तिर बढि जोड रहेको पाइन्छ । लामा भन्दा छोटा हरफमा शेर को रचना भएकाले उनका गजलहरूमा गेयात्मकता पाइन्छ । आगन्तुक शब्दको त्यति प्रयोग भेटिदैन भने तत्सम् र तद्भव शब्दको वाहुल्य भेटिन्छ ।

### ४.५ गजलकार प्रकाश गिरी 'निश्चल' र उनको 'सपनाको सहर' गजलसङ्ग्रहको विश्लेषण

गजलकार प्रकाश गिरी 'निश्चल' को **सपनाको सहर** गजलसङ्ग्रह वि.सं. २०६१ फागुनमा प्रकाशित भएको हो । पूर्णिमा साहित्य समूहले प्रकाशन गरेको यस गजलसङ्ग्रहमा प्रमोद प्रधानको भुमिका रहेको छ । ७७ पृष्ठमा संरचित यस कृतिमा जम्मा ७६ वटा गजलहरू संग्रहित छन् । रदीफ र काफियाको पूर्ण पालना गरिएको देखिन्छ भने मतलाको पनि पूर्णतः पालना गरिएको छ । उर्दू बहरहरूको प्रयोग कुनै कुनै गजलमा भेटिन्छ भने कतिपय गजलमा गेयात्मकता पनि छ ।

यस सङ्ग्रहका गजलहरूमा समाज, संस्कृति, प्रेम, प्रणय र राजनीतिक विषय भेटिन्छन् । समाजमा मानिसको स्वार्थी प्रवृतिले व्यावहारिक जीवनमा पारेको असर तथा त्यसबाट उत्पन्न विकृतिलाई गजलमा उतारिएको छ । एउटा उदाहरण यसप्रकार छः

हरेक घरमा बत्ती बलेका छन् ।
अँध्यारोमा किन सबैका मन जलेका छन् ?
एउटा भिखारी आँशु झार्छ मानवता खोज्दै
दयाका खम्भा सबैका किन ढलेका छन् ?

('सपनाको सहर'२०६१ : ७)

प्रेम र अनुरागले मानसिक जलन खप्ने वियोगान्त पिडालाई मानिसले खप्ने पर्ने बाध्यता उनका गजलमा भेटिन्छन् । शारीरिक पिडा भन्दा मानसिक पिडाले बढ्ता चोट दिने र प्रेमबाट पाएको चोट गहिरो र निको नहुने कुरा गजलमा व्यक्त भएको छ । एउटा उदाहरण यसप्रकार छः

आगो निभ्दैन तनको सल्किन्छ झन् झन् ।
निको हुन्न घाउ मनको बल्झिन्छ झन् झन् ।

('सपनाको सहर' २०६१ : ५७)

गिरीका केहि गजलमा निराशा र उदासीपन भेटिन्छन् । हरेक क्षेत्रबाट असफलता हात लागेपछि निराशाको बादलले जीवनमा पारेको प्रभाव र शून्यलाई उनका गजलले व्यक्त गरेका छन् । एउटा उदाहरण यसप्रकार छ :

कोठाभित्र एक्लो तनाब बाहेक केहि छैन ।
त्यसैमा पिडित एकल मनबाहेक केहि छैन ॥
छाडेर गए रमझम मनको आँगनबाट
पिडा र व्यथाको उत्खनन् बाहेक केहि छैन ॥

('सपनाको सहर' २०६१ : २५)

गिरीका केहि गजलमा जीवनको परिभाषा र यसको अर्थलाई केलाउने प्रयास गरिएको पाइन्छ । जीवन र यसको उद्देश्य मानिसले पहिल्याउन सकेको यथार्थलाई गजलमा व्यक्त गरिएको छ । जीवनमा भोगेका कठिनाइ र त्यसबाट प्राप्त अनुभवले दिएको शिक्षालाई जीवनको परिभाषाका

रूपमा गजलमा व्यक्त गरिएको छ । जिउनुको वास्तविक रूप कस्तो हुन्छ भन्ने तथ्यलाई प्रष्ट्याउन खोजिएको छ । यसको एउटा उदाहरण यसप्रकार छः

नितान्त एक्लो भएर जिउनु पो जिउनु हो ।
पिडाको खात सहेर जिउनु पो जिउनु हो ।
बिना पीर र संतापमा जीवन गुजार्न के छ ?
जीवन पलपलमा दुःखेर जिउनु पो जिउनु हो ।

('सपनाको सहर' २०६१ : ४१)

गजलकार गिरीले आफ्ना कतिपय गजलमा राजनैतिक भ्रष्टाचार, जनताको नाममा ठगी र लूट मच्चाउने भ्रष्ट राजनीतिलाई व्यङ्ग्यको तिखो बाण प्रहार गरेका छन् । राजनीति आफैमा भ्रष्ट नीति होइन तर निच व्यक्तिहरूको व्यक्तिगत स्वार्थका कारण आज राजनीति दुष्कर्म र दुराचारको केन्द्र बन्न पुगेको कुराप्रति गजलकार चिन्तित देखिएका छन् । राजनीतिक चिन्ताको गहिराइमा नडुबेका खोक्रा राजनीतिज्ञले नै यस देशलाई बर्बाद पारेको तथ्यलाई गजलमा प्रकट गरेका छन । एउटा उदाहरण यस प्रकार छः

भ्रष्टाचार हुन्छ यहाँ पर्खाइमा बस्छन् सबै ।
गरुन के त यी जनताले धसीधसी पढ्छन् सबै ।
जग्गा जमिन धितो राखी पढ्न लाई धाउँछन् यहाँ ।
बारम्बारको प्रयासपछि भाग्यमाथि हेर्छन् सबै ।

('सपनाको सहर' २०६१ : ५८)

राजनीतिक दुश्चक्रको भुमरीमा परेको देशको स्थितिलाई उजागर गर्न एउटा उदाहरण यसप्रकार छः

कतै ओभ्त कतै बोभ्त राजनीति धूमधाम छ ।
उफ्रीउफ्री नारा हान्ने सबैलाई विश्राम छ ।
जनतालाई धोका दिन सुर छ यतै कतै ।
नाम उनकै राम उनकै जनताको के काम छ ॥

('सपनाको सहर', २०६१ : ३९)

लेखन शैलीका दृष्टिले हेर्दा यस सङ्ग्रहका गजलहरूमा तखल्लुसको प्रयोग भएको पाइँदैन । शास्त्रीय बहरको उपयोग गरेको देखिदैन । मतला र मकताको उचित संयोजन गर्ने प्रयास यस कृतिमा गरिएको छ । आगन्तुक शब्द भन्दा तद्भव र तत्सम शब्दहरू बढि प्रयोग गरिएका छन् । भने छोटा छोटा हरफमा संरचित गजलले गेयात्मकता थपेको  पाइन्छ ।

## ४.६ गजलकार बी.वी. भिनाजु र उनको 'वेदनाका बुँदहरू' गजलसङ्ग्रहको विश्लेषण

बर्दियाली गजलकार बी. वी. थापाको **'वेदनाका बुँदहरू'** शीर्षकको गजलसङ्ग्रह वि.सं. २०६३ चैतमा प्रकाशित भएको हो । मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठानबाट प्रकाशित यस गजलसङ्ग्रहको भूमिका लालु पृथ्वीबहादुरले लेखेका छन् । ७५ पृष्ठमा संरचित यस कृतिमा जम्मा ७४ वटा गजलहरू समाविष्ट छन् । ५ देखि ७ सेरमा प्राय : सबै गजलहरू संरचित छन् । गजलको मूल विषयका रूपमा नारीका पिडा, मानवीय व्यथा, कुण्ठा, श्रृङ्गार, मार्क्सवादी चिन्तन र समुन्नत राष्ट्रको कामना आएका छन् । गजलकृतिका कुनै पनि गजलमा शीर्षक राखिएको छैन । गेयात्मक भन्दा वाचनात्मक गजलहरू बढी रहेका छन् । प्रस्तुत कृतिका कतिपय गजलमा नारीका पिडाहरूलाई मूल रूपमा उठाइएको छ । नारी हुनुको पिडा वा अभिशापले नारीको अस्तित्व सङ्कटमा परेको तथ्यलाई प्रस्तुत गरिएको छ । नारी पिडालाई बोकेको गजलको एउटा उदाहरण यसप्रकार छ :

एक चिम्टी सिन्दूरको भरमा बलि चढैं ।
संस्कार सभ्यता र धर्मको करमा बलि भएँ ।
न त यताकी भएँ न त उताकी भएँ ।
त्यता स्वर्ग बनाउँछु भन्ने रहरमा बलि चढैं ।

(बेदनाका बुँदहरू२०६३ : ७)

गजलकार वी.वी. थापाका केही गजलहरूमा मानवीय व्यथा प्रेम प्रणयको अवस्थामा मानवीयमा उद्वेलित हुने भावना र अनुभूतिलाई श्रृङ्गारिकतामा प्रयोग गरिएको उनका गजलमा प्रणयको मधुरभाव भेटिन्छ । यसको एउटा उदाहरण यस प्रकार छ -

म तिम्रो नजरमा दोषी भएछु ।
के दिन्छौं सजाय सोची रहेछु ।

या देउ साथ या लात हान
तिम्रो विचार खोजी रहेछु ।
न दुनिया छ  मेरो नकोही आफन्ती
दुर्भाग्य मत जोगी रहेछु ।

(बेदनाका बुँदहरू, २०६३ :१४)

गजलकार थापाले माक्सबादी चिन्तन पनि पोखका छन् । निमुखा र सर्वाहारा वर्गको हक र अधिकारका लागि गजलमा आवाज उठाएको पाइन्छ । प्रगतिबादी चेतना भएका गजलहरूमा शोषक बर्ग प्रति थापाले तिखो व्यङ्ग्य प्रहार गरेका छन् । यसको एउटा उदाहरण यसप्रकार छ :

कुसंस्कार र विभदको गाऱ्हो भत्काउनु पर्छ ।
पानी नचल्ने होइन अब धारो भत्काउनु पर्दछ ।
बाहिरबाट जति लिपे नि भित्र कुहिएको छ भने,
परिवर्तनका लागि पनि भकारो भत्काउनु पर्छ ।

(वेदनाका बुदँहरू२०६३ : ६०)

गजलकार थापाका केही गजलहरूमा देशभक्तिको भावनाभित्र समुन्त राष्ट्रको चाहना सुशासन समानता र न्यायको वकालत गरेको देखिन्छ । समाजमा फैलदो रूपमा आफ्नोदेशलाई गाली गर्ने प्रवृत्तिको विरोध गर्दै स्वदेश प्रेमबाटनै देशमा विकास र शान्तिको आधार खडा गर्न सकिन्छ भन्ने मानवतावादी चिन्तन प्रस्तुत गरिएको भेटिन्छ । देश लथालिङ्ग भएको अवस्था प्रति चिन्ता व्यक्त गर्दै लेखिएको एउटा गजल यस प्रकार छ :

अस्तव्यस्त देशदेखी मत अत्तालिएको छु ।
दयनीय भेषदेखि मत अत्तालिएको छु ।
भ्रष्टचारमा कति खान्छन् नेताहरूले थाहा छैन
करौडौको शेष देखी मत अत्तालिएको छु ।
कस्ले चलाउछ देश कसरी चिन्नु यहाँ
राजा र मन्त्री बिनाको चेसदेखी अत्तालिएको छु ।

थापाले विदेश भाषिएका युवावर्गप्रति लक्षित गर्दै माया पोखिएको  अर्को एउटा सेर यस प्रकार छ :

कलिला हातले के गरुन् वृद्धहातमा शक्ति छैन ।

सबलहातहरू विदेशमा देखि अत्तालिएको छु ।

थापाका अन्यकेही तत्कालिन समयमा साहित्यमा मौलाएको विकृति विसङ्गति र त्यसले समाजमा समेत पारेको असरप्रति विरोधको स्वर प्रकट भएको पाइन्छ । सामाजिक अश्लिलता प्रति व्यङ्ग्य गरिएको एउटा गजल यस प्रकार छ :

मानवता पलाउने यहाँ गजल बनोस्

सद्भाव र प्रेम फलाउने यहाँ गजल बनोस्

प्रेम भन्दै वासनाका कुरा धेरै भए

तुच्छ विचार जलाउन यहाँ गजल बनोस्

गजलकार थापाका उपर्युक्त विषयका गजलहरू हेर्दा उनी आफ्ना गजलमा विद्रोही चेतना लिएर  देखा परेका छन् तखल्लुसको खासै प्रयोग गरेको पाइदैन विषयवस्तुमा कसिलोपना हुनु उनको विषयगत विशिष्टता हो । एउटै शेरमा पनि लामा र छोटा शेरले गर्दा गजल संरचना अलिफितलो देखिएको छ । रदिफ र काफियाको प्रयोगमा सजगता पाइन्छ भने रदिफ प्रयोग गर्दा पदावली रदीफको प्रयोग गरिएको छ । आगन्तुक शब्द भन्दा तत्सम र तद्भव शब्दलाई गजलमा बढी प्रयोग गरिएको छ । शब्दहरू सरल र सहज प्रयोग गरिएको पाइन्छ । कतैकतै द्वयर्थक शब्दहरूको प्रयोगले गजलमा आलङ्कारिकता थपेको छ । समग्रमा उक्त गजल लेखनका दृष्टिले बर्दियाली गजलको प्रतिनिधि कृति मान्न सकिन्छ ।

### **४.७ 'टहटह जून' गजलसङ्ग्रहको विश्लेषण**

बर्दियाली गजल क्षेत्रमा देखिएका नारी स्रष्टाहरू अनुपमा करारा 'विवश', मञ्जु पोखेल 'सानु', गीतासिंह ठकुरी 'गङ्का' को संयुक्त नारी गजल सङ्ग्रह **'टहटह जून'** वि.सं. २०६५ सालमा प्रकाशित भएको हो । बर्दिया जिल्लाको पहिलो यस संयुक्त नारी गजल सङ्ग्रहमा प्रत्येक स्रष्टाका ९/९ ओटा गजलहरू समावेश गरिएको यस सङ्ग्रहमा जम्मा ५४ ओटा गजलहरू रहेका छन् । मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठानद्वारा प्रकाशित प्रस्तुत गजलसङ्ग्रहमा खगेन्द्र गिरी कोपिलाको भूमिका रहेको छ । नारीका पीडा, व्यथा, नारीकुण्ठा, सामाजिक विकृति, लैङ्गिक समानता, राजनैतिक खिचातानी, नारी जीवनको सूक्ष्म अनुभव, प्रेममा समर्पण भाव, प्रेममा धोका सामाजिक सद्भावको चाहना र सुखद् भविष्यका स्वर्णिम अभिलाषाहरू समेटिएको पाइन्छ ।

प्रस्तुत गजल सङ्ग्रहमा नारी उत्पीडन र शोषणका विभिन्न अवस्थाहरूलाई प्रकट गरीएको छ । महीला हुनुपर्ने अभिशाप हो भन्ने सामाजिक मनोविज्ञानलाई प्रस्तुत गर्ने एउटा गजलको उदाहरण यस प्रकार छ :

तिमीले गर्ने मैले गर्ने नाम थरी थरीका
कहिले खुसी कहिले दिक्क इनाम थरीथरीका
बाबु पति छोरा अनि नातिबाट समेत
महिलालाई पुरुषका लगामथरी थरीका

(टहटह जुन,२०६५ : ११)

प्रेममा समपर्ण त्याग गरेपनि पिडा भने महिलाले मात्र भोग्नुपर्ने विवशतालाई नारी व्यथाका रूपमा गजलमा उतारिएको पाइन्छ । एउटा उदाहरण यस प्रकार छ :

नगर्नु के पो गरे थे र प्यारै त गरेथे
पुरस्कार भोग्नु पऱ्यो परिणाम थरीथरीका
प्यार हो की आकर्षण हो थाहा छैन विवश
मलाई पनि आका थिए खाम थरीथरीका

(टहटह जून,पूर्ववत्)

प्रस्तुत कृतिमा प्रेममा देखिएको स्वार्थपन विकाउ तथा भ्ूाठ सामान्य भैसकेको अवस्थालाई व्यक्त गरिएको पाइन्छ । कतिपय गजलहरूमा प्रेमको कुनै विश्वास नहुने र प्रेमिल व्यवहारमा पनि विकृति आइसकेको वास्तविकतालाई उद्घाटन गरिएको गजलको एउटा उदाहरण यस प्रकार छ :

को कतिखेर बदलिन्छ थाहा हुँदैन
मन कसरी विथोलिन्छ थाहा हुँदैन
नजर बारम्बार जुधिरह्यो भने
कस्बाट को चोरिन्छ थाहा हुँदैन
हरेक कुरा बिभ्ने यो जमानामा
को विक्छ को किन्छ थाहा हुँदैन ।

(टहटह जून २०६५: २२)

यस कृतिमा प्रेमको सुरुवात, प्रेमको असर  र प्रेममा हुने समर्पणको मार्मिक भाव व्यक्त गरिएको पाइन्छ। विरोधाभास पूर्ण शैलीमा प्रेमको महत्त्वलाई अझ बढी सहयोग पुऱ्याएको पाइन्छ। यसको एउटा उदाहरण यस प्रकार छ :

मनसित मनको कुरा नजरसित नजर
नखाएरै  खाए जस्तो विशालु त्यो अधर ॥
तिम्रो साथ पाएपछि नजर मेरो उठ्न थाल्यो
पुरा हुँदै गए मेरा सपनाका रहर ।

(टहटह जून, २०६५ : ४४)

यस कृतिमा प्रेम र नारी जीवनका कतिपय अवस्थाहरू भन्न  नसके पनि लैङ्गिक असमानताहरूबाट नै पुरुषनारी माथि हाबि भएको बेलालाई व्यक्त  गरिएको छ ।  यसको एउटा उदाहरण यस प्रकार रहेको छ :

नारीलाई दिने ती दबाब उस्तै छ ।
प्रश्न उस्तै छ जवाफ  उस्तै छ ।
अस्तित्व हीन उनी पलास जस्तै मानेपनि
यो संसारलाई नारीको अभाव उस्तै छ ।
कहिले लागु होला खै ती दुष्ट माथि कानून
अझै पनि नारीलाई धराब उस्तै छ ।।

केही गजलहरूमा प्रेमि माथिको तिव्र समर्पण र सूक्ष्म अनुराग भेटिन्छ । एउटा उदाहरण यस प्रकार छ ।

दु:ख भोग्न दु:ख बाढ्न तयार थिए म
कुनै बेला तिम्रो मीठो प्यार थिए म
छातिमाथि हात राखि आत्मासँग सोध
तिम्रो घर आगनको बहार थिए म

प्रस्तुत कृतिका केही गजलमा राजनैतिक दुर्गन्धले पारेको अत्यन्त कहालि लाग्दो अवस्थालाई समेटिएको पाइन्छ देशको दुर्दशा व्यक्त भएको गजलको एउटा उदाहरण यस प्रकार छ :

दुखेको छ देश आज सरकारको के कुरा

भन्छन् लाग्यो रे क्यान्सर उपचारको के कुरा
मौसम फेरिए जस्तै विचार फेर्छन् नेता
बोलिकैत टुङ्गो छैन व्यवहारको के कुरा
बढ्दो छ हत्या हिंसा दिनानुदिन अझैनी
गर्दैछ मान्छे सयौ दुई चारको के कुरा ।

(टहटह जून २०६५: ४७)

केही गजलमा देशमा भईरहेको बन्धहड्ताल तथा सङ्घीयताको खिचातानिले लथालिङ्ग भएको देशको दुखवस्थालाई व्यक्त गरिएको गजलको एउटा उदाहरण यस प्रकार छ :

बन्ध आह्वान गर्छन् निकाशको निम्ति
भत्काउन सुरु गर्छन् विकाशको निम्ति
कसैलाई पिलाइन्छन् बिना प्यास पानि
कोही तड्पिन्छन् यहाँ एक गिलासको निम्ति

(टहहट जून २०६५: ५२)

प्रस्तुत कृतिका गजलहरू विषयवस्तुका दृष्टिले विविधता बोकेका छन् । प्रत्येक गजलमा काफियाको समुचित प्रयोग गरेको पाइन्छ र रदिफका सन्दर्भमा वर्णनात्मक त्रुटिहरू फेला पार्न सकिन्छ । तखल्लुसको प्रयोग प्राय गजलमा भेटिदैन । धेरै जसो गजलमा वर्तमान अवस्था प्रति गुनासो गरिएको भेटिन्छ । आलोचनात्मक दृष्टिकोण प्रयोग गरेर केही गजलहरू रचना गरिएका छन् । तत्सम तद्भव र आगन्तुक शब्दहरू मिश्रित रूपमा प्रयोग गरिएका छन् साथै लक्षणायुक्त शब्दावलीको प्रयोग गरिएको पाइन्छ । समग्रमा गजल विधाका दृष्टिले उपयुक्त देखिन्छन् ।

### ४.८ 'अनन्त आकाशको यात्रा' गजलसङ्ग्रहको विश्लेषण

बर्दियाली गजलकार सञ्जीव अधिकारी र सन्दीप अधिकारीको संयुक्त गजल सङ्ग्रहका रूपमा **अनन्त आकाशको यात्रा** शीर्षकको गजलसङ्ग्रह २०६५ सालमा प्रकाशित भएको हो । मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठानले प्रकाशित गरेको यस कृतिमा सञ्जीव अधिकारीका ३३ वटा गजल र सन्दीप अधिकारीका २० ओटा गजलहरू समावेश गरिएका छन् । यस कृतिको भूमिका खगेन्द्र गिरी 'कोपिला' द्वारा लेखिएको छ । राजनीति, देशप्रेम, व्यावहारिक कुरा, सम्बन्ध, तिक्तता

सामाजिक, विकृति आदि भेटिन्छन् । कतिपय गजलमा श्रृङ्गारिक भाव पनि पाइन्छ । सभ्य समाजको अपेक्षा, शान्तिको कामना आदि कुराहरू पनि यस कृतिका गजलमा पाइन्छन् ।

यस कृतिका राजनीतिक गजलहरूमा तिव्र विद्रोह, व्यङ्ग्य र विकासको चाहना व्यक्त गरिएको पाइन्छ । राजनीतिक ओहोदाका भ्रष्ट व्यक्तिहरूको निर्लज्ज व्यवहारप्रति व्यङ्ग्य गरिएको एउटा उदाहरण यस प्रकार छ :

जनतालाई छहारी पिपलको बोट थियो
लोकतन्त्र जोगाउन जनताको अठोट थियो ।
हातमुख जोर्न नपाउँदा जनता धेरै रोका थिए ।
गरिबलाई चारो छैन सामन्तीलाई नोट थियो ।

(अनन्त आकाशको यात्रा,२०६५: ६)

प्रस्तुत कृतिका गजलहरूमा सद्भाव आत्मीक प्रेमको अभाव भएको र प्रेममा स्वार्थ, धोका बढ्दै गएको प्रति चिन्ता व्यक्त गरिएको छ । एउटा उदाहरण यस प्रकार छ :

तिम्ले विश्वास दिलाएर आसमा पार्‍यो मलाई
बाचेर नि आज जिउँदो लासमा पार्‍यो मलाई
तिमी धनको महलमा छौ सुनको धुरी भित्र
तर एक्लै अन्धकार बासमा मलाई
तिमी फुल्नु फकिनु फस्टाउदै जानु
के होस् थियो सत्यानासमा पार्‍यो मलाई

(अनन्त आकाशको यात्रा, २०६५: २२)

प्रस्तुत गजल सङ्ग्रहमा नारी र प्रेमको सद्भाव, आत्मिक प्रेम र समानतामा अगाडि बढे जीवन बाँच्न सजिलो हुने र जीवन आशावादी हुने प्रति चेष्टा गरेको पाइन्छ । उदाहरणको लागि एउटा गजल यस प्रकार छ :

समानताको दियो जलोस् अनि मान्छु म तपाईलाई
अन्धकारमा दियो बलोस् अनि मान्छु म तपाईलाई
उथल पुथल मनभित्रका क्रन्दनलाई पन्छाएर
वैरभाव मनको ढलोस् अनि मान्छु म तपाईलाई

आफ्नै प्यारो संस्कृतिलाई सदा सम्मान दिएर
प्यारो जीवन  फुलोस् फलोस् अनि मान्छु म तपाईलाई

(अनन्त आकाशको यात्रा, २०६५: ३१)

प्रस्तुत कृतिका गजलहरूमा देशप्रेमबाट ओतप्रोत हुँदै स्वदेशको सर्वाङ्गिण विकासको चाहना राख्दै विश्वमै आफ्नो देश शिखर पुगेको र उच्च रहे र नेपालको गौरव बढोस् भन्ने चाहना कतिपय गजलमा अभिव्यक्त भएका छन् । यसको एउटा उदाहरण यस प्रकार छ :

हिमालमा सेतो हिउँ टल्किएको हेर्न पाऊँ
सूर्य चन्द्र झण्डा हाम्रो झल्किएको हेर्न पाऊँ
यो देशको मोहनीले  सबैलाई लठ्ठपारी
विश्व नै यो देशमा पल्किएको हेर्न पाऊँ

(अनन्त आकाशको यात्रा, २०६५: ४९)

देश सधैं अग्र गतिमा जाओस् भन्ने चाहना अभिव्यक्त गर्दै नेपालका पशुपक्षि समेत सुखले सँग रमाउन् भन्ने चाहना व्यक्त गरिएको गजलको एउटा उदाहरण यस प्रकार छ :

कृष्णसार, गैडा, हात्ती डुलिरहुन् बर्दियामा
गुलाफ, चमेली, कमल फुलिरहुन् बर्दियामा
मान्छे मात्र हैन यहाँ शान्ति सबलाई चाहिन्छ ।
गाई प्रितका गीत कोइली  भुलिरहन् बर्दियामा

(अनन्त आकाशको,२०६५: ३३)

प्रस्तुत सङ्ग्रहका गजलहरूमा भातृत्व, समानता, शान्तिको कल्पना गर्दै,  मानवताको कामना व्यक्त गरिएको पाइन्छ । गजल यस प्रकार छ :

सम्भव हुन सक्छ यहाँ बुद्ध जन्माउनलाई
शान्ति र सद्विवेक शुद्ध जन्माउनलाई
तपस्या होस् यहाँ विश्वकै उन्नतिमा होस्
नहोस् सङ्घर्ष यहाँ त्रुद्ध जन्माउनलाई

(अनन्त आकशको यात्रा,२०६५: ९)

यसरी समग्रमा हेर्दा प्रस्तुत अनन्त आकाशको यात्रा गजल सङ्ग्रहमा विविध विषयवस्तुहरू समेटिएका छन् । गजलमा रदिफ र काफियाको समुचित प्रयोग गरिएको छ । त्यस्तै आलङ्कारिक शब्दहरूको प्रसङ्गअनुसार प्रयोग गरेको पाइन्छ । प्रकृति, सौन्दर्यलाई बिमब बनाएर व्यङ्ग्यात्मक प्रहार गजलहरूमा गरिएको छ । तद्भव, तत्सम र आगन्तुक शब्दहरूको मिश्रित प्रयोगका साथै सरलशब्दको प्रयोग गरिएको छ । गजलमा गेयात्मकता श्रुतिमधुरता प्रशस्तमात्रामा भेटिन्छ ।

### ४.९ स्मित गजलसङ्ग्रहको विश्लेषण

प्रस्तुत **स्मित** गजलसङ्ग्रह सुमिन गिरी स्मितद्वारा लेखिएको एकल गजल सङ्ग्रह  हो । यस कृतिको प्रकाशन वि.सं २०६६ सालमा मध्यपश्चिमाञ्चल गजलप्रतिष्ठान बर्दियाबाट भएको हो । यस कृतिको भूमिका खगेन्द्र गिरीले लेखेका छन् । ५५ पृष्ठमा फैलिएको यस कृतिमा जम्मा ५२ वटा गजलहरू सङ्कलित छन् । ४ देखि ७ सेरमा फैलिएका गजलहरूमा मकताको उचित प्रयोग देखिन्छ ।

प्रस्तुत कृतिमा समेटिएका गजलहरूमा श्रृङगारिकता, मानवता, शान्तिको चाहना, जीवनको यथार्थता, समसामयिकता, राजनैतिकता, सामाजिकता र नारीवारी भाव पाइन्छ । प्रेममा धोका खाएको अनुभूति र नारीप्रति हुने गरेका अश्लील र विभेदपूर्ण व्यवहारको उद्घाटन यस कृतिका गजलहरूमा पाइन्छ । नारी स्वतन्त्रताको वकालत गर्दै नारीको हकहितका लागि आवाज उठाउनु पर्ने आवश्यकता यस कृतिका गजलहरूमा पाइन्छ ।

यस कृतिका गजलहरूको श्रृङगारिकता निकै गहिरो भएर देखा परेको छ । प्रेम विरुद्ध आकर्षण, तृष्णा र अतृप्तिका कुराहरू गजलमा भेटिन्छन् । बाह्यआकर्षण व्यक्त भएको केही उदाहरणहरू यसप्रकार छन् :

तिम्रो गीत सुन्दा म सीतारको तार भएँ ।
तिमीलाई स्पर्श गर्ने म हिराको हार भएँ ।
तिम्रो यौवनको खोलीमा डुब्न रहर लाग्यो मलाई
तिम्रो साथ छोड्न सकिनँ त्यसैले म किनार भएँ ।

(स्मित, २०६६:१७)

प्रेममा समर्पनको भाव पोखिएको अवस्थालाई व्यक्त गर्ने उदाहरण :

दुई डाँडा काटेँ त के भो नौ डाँडा काट्ने दम छ ।

अल्लारे भई नभौँतारिने यो अटल कसम छ ।

इच्छा विश्व भ्रमण गरुँ तिमी सँगै

किनकि यस धर्तीमा यो अमूल्य जन्म छ ।

(स्मित, २०६६:२१ )

प्रेममा विरहलाई व्यक्त गरिएको उदाहरणः

तिमीसँगै गर्नुपर्ने अनेकौं छन् बातहरू

आएका छैनन् अझै मिलनका रातहरू

आज अचानक जूनतारामा देखियौ तिमी

तिमीलाई छुन सक्ने छैनन् मेरा हातहरू ।

(स्मित, २०६६:३१)

एउटा अर्को उदाहरण :

सधैँ प्रश्न खडा हुन्छन् नारीमाथि किन ?

नियम कानुन कडा हुन्छन् नारीमाथि किन ?

(स्मित २०६६:१)

उपर्युक्त गजलहरूमा प्रेम, आकर्षण र समर्पणको भाव पाइन्छ । नारीमा हुने समर्पण र त्याग नै उनीहरूको प्रेमको परिचय हो प्रेमलाई उपयोग गरेर नै उनीहरूको जीवन सार्थक हुन्छ । तर त्यही नारी दुर्लभ गुणलाई पुरुषले आफ्नो स्वार्थका लागि प्रयोग गरेको प्रति वितृष्णा र विद्रोह पनि यस कृतिका केही गजलमा पाइन्छन् । उदाहरणका लागि केही गजल यसप्रकार छन् । विद्रोहको भाव व्यक्त भएको एउटा उदाहरण :

कोमल मनको फाइदा उठाई प्रहार गर्ने चलन बन्यो ।

पुरुषको दासी बनेमा मात्रै पलीठ हर्ने चलन बन्यो ।

आवश्यक परेका बेला सजिलै दाग लगाउन सकियोस् भनी

विधवाले सेतो वस्त्र लाउनुपर्ने बनाइयो ।

उपर्युक्त गजलमा नारीमाथि उनीहरूको भावना कुल्चेर गरिएको स्वार्थी तथा बर्बरतापूर्ण व्यवहारको विरोध गरिएको छ ।

(स्मित, २०६६:३४)

प्रस्तुत कृतिमा कतिपय गजलहरूमा मानवीय शान्तिको चाहना राख्दै मानवतावादी स्वर प्रकट भएको पाइन्छ । मानवतावादी स्वर व्यक्त भएका केही उदाहरणहरू यसप्रकार छन् । मानवअधिकारको स्तभ भएकोमा त्यसको विरोध गरिएको एउटा उदाहरण :

यहाँ निर्धाहरूको सपना लिलाम हुँदैछ ।
भरियालाई पाइलै पिच्छे चक्काजाम हुँदैछ ।
मान्छेबाट मानवता किनार लाग्दै गएपछि ।
हत्याहिंसा बलात्कार खेल आम हुँदैछ ।

(स्मित २०६६:४४)

प्रस्तुत कृतिमा जीवन जगतका भोगाइ र अनुभूतिहरूलाई पनि विभिन्न गजलका माध्यमबाट व्यक्त गरिएको छ । सफलता असफलता, जीत, हार स्वार्थ, आदि अनेक अनुभूतिहरू जीवनका अनुभूतिका माध्यमबाट व्यक्त गरिएका छन् । स्वार्थी संसारका लागि आफू पनि क्रुर बन्नुपर्ने यथार्थ झल्काइएको गजलको एउटा उदाहरण यस प्रकार रहेको छ :

दिनलाई सधैँ यहाँ रातको अवरोध छ ।
वरदानलाई सधैँ यहाँ श्रापको गतिरोध छ ।
फूलले पनि सधैँ कोमल बनेर हुँदैन अब ।
पत्थरसित कठोर हुन फूललाई अनुरोध छ ।

(स्मित, २०६६:५२)

जीवनको भोगाइप्रति आफ्नो विचार व्यक्त गरिएको एउटा अर्को उदाहरण :

पीडा नै रमाइलो छ यहाँ दुःखका भोगाइहरूमा
अतीत पनि कति मीठो वर्तमानका दौडाइहरूमा
अधुरा कथा र व्यथाको सङ्गम न हो जीवन
त्यसैले त सबै सन्तुष्ट छन् आआफ्नै रोजाइहरूमा ।

उपर्युक्त गजलमा प्रत्येक व्यक्तिको जीवनप्रतिको दृष्टिकोण र भोगाइमा फरक रहेको यथार्थलाई प्रस्तुत गरिएको छ । राजनैतिक विसङ्गति उक्त गजलसङ्ग्रहको अर्को विषयवस्तु हो । राजनैतिक वितृष्णा, आडम्बर खोक्रो देखभक्तिको महिमा गाउने नेताहरूको दूषित आचरण प्रति व्यङ्ग्य र विरोध यस कृतिका गजलहरूमा पाइन्छन् । केही उदाहरण यस प्रकार छन् :

कानुनकै रक्षक भएर त्यसको खिल्ली उडाउने नेताप्रति लक्षित व्यङ्ग्य गरिएको गजलको उदाहरण :

यी नियम, यी कानून आखिर कसका लागि ?
चोर नै साधु भएपछि जन्जीर कसका लागि?

(स्मित, २०६६:२६)

नेताको आचरणप्रति व्यङ्ग्य गरिएको गजलको उदाहरण :

देशको ढुकुटी रित्याउने यिनै ।
सडकमा गएर चिच्याउने यिनै ।
सुखका निम्ति सङ्घर्ष गरेका
दु:खीको मनमा विझाउने यिनै ।

(स्मित, २०६६:३८ )

उपर्युक्त विषयवस्तु समेटिएको गजलहरूको सङ्ग्रह स्मितमा विषयगत विविधता पाइनु यसको वैशिष्ट्य देखिन्छ । गजलका लामा छोटा दुवै बहरमा रचित गजलहरूमा विम्व, प्रतीक र शब्दालङ्कारको उचित प्रयोग भेट्न सकिन्छ । व्यङ्ग्य विद्रोह र आक्रोश धेरै मात्रामा गजलमा पोखिएको भेटिन्छ । भाषशैलीका दृष्टिले तत्सम् र तद्भव शब्दको बढी प्रयोग भेटिन्छ । तखल्लुसको प्रयोग कतै पनि भेटिँदैन । सरल पदावलीको प्रयोले गजलहरू पूर्ण र बोधगम्य बनेका छन् ।

## ४.१० आँशुको अनुवाद गजलसङग्रहको विश्लेषण

**आँशुको अनुवाद** बर्दियाली गजलकार अनुपमा कराराको एकल गजल सङ्ग्रह हो । वि.सं २०६८ साल कार्तिकमा मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठानद्वारा प्रकाशित यस कृतिमा खगेन्द्र गिरी कोपिलाको भूमिका रहेको छ । ७५ पृष्ठमा संरचित यस गजल कृतिमा ७४ वटा गजलहरू समावेश गरिएका छन् । ४ देखि ७ शेर सम्मका गजलहरू यस कृतिमा भेटिन्छन् । बहरको रचना विधानलाई अक्षरस पालना नगरिए पनि गजलको बाह्य रचनामा सबै गजलहरू संरचित देखिन्छन् ।

प्रस्तुत कृतिमा भएका गजलहरूमा मान्छेका मनभित्रका कुण्ठा, पीडा, असन्तोष, सामाजिक विसङ्गति, लैङ्गिक समानता, राष्ट्रवाद, शृङ्गार लयायतका कुराहरू समेटिएका छन् । मनको कुण्ठालाई व्यक्त गरिएको गजलको एउटा उदाहरण यसप्रकार छ :

कोही सबै चीज अधुरा हुन्छन्
कोही केही नभएर पनि पूरा हुन्छन् ।

(आँशुको अनुवाद २०६८:४७)

प्रस्तुत कृतिका गजलहरूमा मानवीय पीडा र असन्तोष हरेकमा व्याप्त छन् भन्ने कुरालाई व्यक्त गरिएको छ। जीवनमा अनायास सम्बन्ध र व्यवहारका माध्यमबाट उब्जिएका परिस्थितिजन्य दुःखद् अनुभूतिलाई भावुक रूपमा व्यक्त गरिएको पाइन्छ । एउटा उदाहरण यसप्रकार छ :

वेवारिसे भावनाले ठाउँ पाएन साथी ,
चम्किलो वस्तीको बीचमा गाउँ पाएन साथी ,
सोचेको थैं आफ्ना लागि बाटो खुल्ला छ कि
तर खै सहजताले कोर्ने कुनै नाउँ पाएन साथी ।

(आँशुको अनुवाद, २०६८:२)

विवशतालाई आफ्नो नियति हानेर स्वीकृति व्यक्त गरिएको गजलको एउटा उदाहरण यसप्रकार छ :

शब्दहरूको आँशु चुहाउनु छ अब
दुखिरहेको मन अझ रुवाउनु छ अब ।
अरु रुँदा खुसियालीको पर्व मनाउनेलाई
भाव स्पर्शले मन चुहाउनु छ अब ।

(आँशुको अनुवाद, २०६८ : ७ )

प्रस्तुत कृतिमा भएका गजलहरूमा सामाजिक विसङ्गतिलाई तीव्र रूपमा व्यक्त गरिएको पाइन्छ । संस्कृति, धर्म, व्यवहार, लेनदेन, परम्परा आदि कुरामा पनि विसङ्गति देखिन्छ र यही विभिन्न विसङ्गतिलाई गजलहरूमा व्यक्त गरिएको छ । केही उदाहरणहरू यसप्रकार छन् :

श्रीमान्को कृपा आफूले पाउन सकिएन ।
महाशयको पक्षमा गीत गाउन सकिएन ।
माफ गर्नुहोला स्वाभिमानलाई कैद गरेर
कोसेली बोकी हजुरका घर धाउन सकिएन ।

(आशुको अनुवाद, २०६८ : ११)

समाजमा देखिएका व्यापारी,समाजसेवा, कार्यकर्ता तथा प्रेमीप्रेमिका बीचमा पनि स्वार्थरूपी विकृति देखिएको एउटा उदाहरण :

घिउमा डाल्डा मिसाउने व्यापारी कति कति
खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने कति कति
व्यावसायिक मस्तिष्कले यसरी गाँजेको छ मान्छेलाई
बाफ रे प्रेममा समेत रोमियो जुलियटको नाम बेच्ने कति कति ।

(आँशुको अनुवाद, २०६८: १५)

यस कृतिका गजलहरूमा लैङ्गिक समानताको पनि वकालत गरिएको पाइन्छ । लैङ्गिक विभेद र त्यसको विरोध कतिपय गजलमा भेटिन्छन् । केही उदाहरणहरू यसप्रकार छन् :

नारीहरू खानामा सीमित कहिलेसम्म
भुलाउने ती नाममा सीमित कहिलेसम्म ?
अधिकार त्यो कहाँ छ कहिले पाइन्छ खै
कागजका पानामा सीमित कहिलेसम्म ?

(आँशुको अनुवाद, २०६८ : २१)

महिलाहरूलाई समाजले देवीका नाममा दासी बनाएको कटु व्यङ्ग्य व्यक्त भएको एउटा उदाहरण:

सागरभित्र माछा प्यासी यो अचम्म भो,
मन्दिरभित्र देवी दासी यो अचम्म भो,

(आँशुको अनुवाद, २०६८ :२६)

उपर्युक्त कृमिमा केही राष्ट्रवादी स्वर घन्काइएका गजलहरू पनि समेटिएका छन् । देशका लागि लड्ने गहना बनेको यथार्थलाई गजलमा व्यक्त गरिएको छ । देशलाई टुक्र्याउने नेताप्रति गरिएको व्यङ्य र राष्ट्रप्रति चिन्ता व्यक्त भएको गजलको एउटा उदाहरण यस प्रकार रहेको छ :

एक थियो अहो हजार बनाएछौ नेपाल ।
झूठ बिक्ने ठूलै बजार बनाएछौ नेपाल ।
सुन्दर शान्त देश भन्दा मिथ्या लाग्यो कि त
हड्तालको चर्को बहार बनाएछौ नेपाल ।

(आँशुको अनुवादः २०६८, ४५)

नेपालीको उन्नतिको चाहना व्यक्त गरिएको गजलको उदाहरणः

हाम्रो विजय यात्रा चलोस् चलिरहोस्
यो खुसियालीमा दीप बलोस् बलिरहोस् ।
पाखुरा बजारी श्रम गर्ने श्रमिकका लागि
नपाली माटोमा सुन फलोस् फलिरहोस् ।

(आँशुको अनुवादः २०६८,६१)

केही गजलहरूमा प्रेम, र श्रृङगारको भाव व्यक्त भएको पाइन्छ । यस्ता भावहरूमा विशेषतः आकर्ष, प्रेम प्रस्ताव, विछोड र धोका जस्ता विषयले ठाउँ पाएका छन् । यस्ता गजलका केही उदाहरण यस प्रकार छन् । प्रणय याचना गरिएको गजलको उदाहरणः

मन्जुर भए त्यो दिलमा बास मागेकी छु ।
कल्पनामा हराउने आकाश मागेकी छु ।
सक्छौ भने देऊ प्रिये स्करणको चोखो प्रीत
अलिकति आफ्नो पनको आभाष मागेकी छु ।

(आँशुको अनुवाद, २०६८:१७)

विरहलाई व्यक्त गरिएको गजलको उदाहरण :

आजभोलि तिम्रो यादमा रोएर रात बित्छ मेरो ।
मैनबत्तीसरी भाछु चुऐर रात बित्छ मेरो ।
क्षितिजपारि बादलभित्र भेट हुन्छ कि भन्दै
तिम्रै सुन्दर तस्वीरलाई छोएरै रात बित्छ मेरो ।

(आँशुको अनुवाद : २०६८: २३)

उपर्युक्त विषयका साथै समसामयिक विषयलाई पनि केही गजलहरूले छोएका छन् । प्रस्तुत गजल सङ्ग्रहमा आन्तरिक संरचनालाई ध्यान दिइएको पाइन्छ । विभिन्न प्राकृतिक र सामाजिक बिम्बलाई प्रयोग गरिएकाले गजलहरू अर्थपूर्ण बनेका छन् । नारीवाद र विद्रोहलाई गजलहरूमा व्यक्त गरिएको पाइन्छ । भाषाशैलीका दृष्टिले हेर्दा गजलमा तद्भव शब्द तथा

पदावलीहरूको प्रयोग गरिएको पाइन्छ । समग्रमा यस कृतिका गजलहरू बर्दियाली गजलको धारामा महत्त्वपूर्ण देखिन्छन् ।

साठीको दशकको शुरुतिर बर्दियाको गजलमा सक्रिय रहेका थुप्रै नामहरूमध्ये हाल केही नामहरू निरन्तर सक्रिय देखिन्छन् भने केही नामहरू गजलको दुनियाँबाट हराइसकेका छन् । यस पिढींका सर्वाधिक प्रतिभाशाली गजलकार दीपक आचार्य जलनले मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठानको बर्दिया शाखाको अध्यक्ष, रेडियो फूलवारी एफ.एम. गुलरियाको गजल सरोवर नामक साहित्यिक कार्यक्रमको सञ्चालन र गजल मञ्जरी तथा सपना नामक गजल प्रधान पत्रिकाहरूको सम्पादन गरेर बर्दियाली गजललाई नयाँ रङ्ग, नयाँ स्वर र नयाँ उचाई दिनमा अग्रणी योगदान दिएका छन् । आचार्यले गजल सिर्जना, गजलको प्रचारप्रसार र गजलका साहित्यिक गतिविधिहरू संचालन गरेर हरेक कोणबाट हेर्दा अब्बल ठहरिएका छन् । २०६२ देखि २०६६ सालको कालखण्डमा उनले बर्दियाली गजलको उन्नयनमा देखाएको सत्प्रयासलाई हेर्दा धेरैले उनलाई बर्दियाली गजलको ज्ञाजुवाकर पनि भन्ने गरेका छन् ।

सोही कालखण्डमा सक्रिय भएका नयाँगाउँका सोमप्रसाद दमौरा हाल थारु गजलमञ्च नेपालको अध्यक्षको रूपमा कृयाशिल छन् । मनाउका बी.बी.थापा भिनाजुले आफुलाई गजलमा सक्रिय नै बनाएका छन् भने खैरापुरका मुकुन्द बागी बर्दियाली साहित्य समाजको सचिबको रूपमा कृयाशिल छन् । ठाकुरद्वाराका अग्र आवाज, मोतीपुरका कमल किनार, पदनाहाकी मञ्जू पोखरेल सानु, मानपुर टपराका ऋषिराम धिताल प्रयास, पशुपतिनगरकी लक्ष्मी कञ्चनजस्ता स्रष्टाहरू भने अचेल साहित्य भन्दा अन्य क्षेत्रमा ज्यादा सक्रिय भएर साहित्यबाट ओझेल परेको स्थिति देखिन्छ ।

साठीको दशकको मध्यतिर आइपुग्दा बर्दियामा उदयमान गजल लेख्ने स्रष्टाहरूको एउटा आशलाग्दो जमात तयार भएको छ । आजको अवस्थामा अनुपमा करारा विवश, श्रेष्ठ समनश्री, रेशम थापा अञ्जास्नेहा, अमृत ढकाल निर्जन, डम्मर वी.सी, गोल्डेन उद्भास, विनोद अधिकारी निर्जल आकाश, अन्जु स्मारिका सिंह र लक्ष्मी खनाल अभिजस्ता प्रतिभाशाली र सिर्जनशील युवाहरू बर्दियाली गजलको उन्नयनमा लागिपरेका छन् । साहित्यभित्र बैचारिकता र आधुनिकता खोज्ने मगरागाडीका अमृत ढकाल निर्जन एक अध्ययनशील स्रष्टा मात्र नभएर कुशल साहित्यिक सयोजक पनि हुन् । उनले गजलगङगा जस्तो स्तरिय गजलप्रधान पत्रिकाको सम्पादन गर्नुका साथै मधयपश्चिमाञ्चल गजल प्रतिष्ठानको सचिवको रूपमा सक्रिय भएर आफ्नो उँचाई बनाएका छन् । चोटिला र घतलाग्दा गजल लेख्ने शिवपुरका रेशम थापा अञ्जानस्नेहाले गजलमञ्जरीको सम्पादन

तथा मध्यपश्चिमाञ्चल गजलप्रतिष्ठानको बर्दिया शाखाको नेतृत्व गरेर आफ्नो पृथक पहिचान बनाएका छन् भने आफ्ना मर्मस्पर्शी गजलका लागि परिचित मगरागाडीका सारथी बन्न पुगेका छन् । आफ्ना दार्शनिक पुट भएका गजलका लागि परिचित सानोश्रीका गोल्डेन उद्भास र ककौराका विनोद अधिकारी निर्जल आकाशले ओजिला र अर्थपूर्ण गजल लेखेर आफूलाई बर्दियाका नयाँ पुस्ताका बलिया गजलस्रष्टाको रूपमा उभ्याएका छन् भने बदालपुरकी अनुपमा करारा विवश र गुलरियाकी अन्जु स्मारिका सिंह तथा लक्ष्मी खनाल अभिले समसामयिक विचार प्रधान गजल लेखेर आफूलाई राष्ट्रिय स्तरका नारी गजलकारहरूको पङ्तिमा उभ्याउन सफल भएका छन् । मानवीय स्रवेदना र समसामयिकतालाई आफ्नो विषय बनाएर लेख्ने बगनाहाका श्रेष्ठ समनश्री बहरमा पनि गजल सिर्जना गर्ने गर्दछन् । त्यस्तै मगरागाडीकी सुमित गिरी  स्मीत, भुरीगाउँका विद्या निर्दोष पहाडी, शिवपुरका मानबहादुर खड्का र मगरागाडीका पर्वत ढकालले सानै उमेरमा आफुलाई हुने विरुवाको चिल्लो पातको रूपमा उभयाएका छन् ।

यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा गजल प्रकाशित गरेकोलाई आधार मानेर हेर्दा बर्दियामा स्थायी वा अस्थायी बसोबास गरी गजल लेख्ने स्रष्टाहरूमा केही महत्त्वपूर्ण योगदान दिने फुटकर गजलकारहरूलाई यस प्रकार देखाउन सकिन्छ :

## ४.११ बर्दिया जिल्लाका फुटकर गजलकारहरू

### ४.११.१ दीपक आचार्य 'जलन'

शिवपुर बर्दियाका वि.स. २०३८ माघ १२ गते जन्मिएका दीपक  आचार्य   जलनलाई बर्दियाली गजल  साहित्यका पुनर्जागरण कर्ता भनेर  पनि भनिन्छ ।  जसरी मोतीराम  भट्टहरूले सुरुवात गरेको गजल हराए जस्तै भएको अवस्थामा ज्ञानुवाकर पौडेलले पुनर्जागरण गर्ने  काम गरेका थिए, त्यस्तै  जलनले पनि बर्दियाली गजलका त्यही भूमिका निर्वाह गरेको पाइन्छ । बर्दियाली माटोलाई गजलमय बनाउन महत्त्वपूर्ण  भूमिका  खेलेका जलन मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान शाखा बर्दियाका संस्थापक अध्यक्षका साथै विभिन्न साहित्यिक संस्थाहरूमा सङ्लग्न रहेका छन् । गजलमञ्जरी,  सपना, गजल प्रधान पत्रिकाको प्रधान सम्पादक रहेका जलनको गजलसङ्ग्रह आँसुभित्रको अविरल यात्रा (२०६३) प्रकाशित भएको पाइन्छ ।

### ४.११.२ निर्जल आकाश

लामो समयदेखि गजलमा क्रियाशिल स्रष्टा निर्जल आकाशको जन्म  वि.स. २०४२ कार्तिक १५ गते बर्दियामा भएको हो । नेपाली गजल साहित्यमा अश्लिलता उन्मूलन अभियान २०६६ का अभियानकर्ता निर्जल आकाश गजललाई बौद्धिक, दार्शनिक तथा आध्यात्मिक बनाउन सदा क्रियाशील रहेका देखिन्छन् । निर्जलका केही गजलका सेरहरू यस प्रकार रहेका छन् ।

सबैको बोली मधुर हुने भए
तपाई अनि हजुर हुने भए ।

कति शान्त हुन्थ्यो होला यो दुनियाँ
त्यो बाज पनि मयुर हुने भए ।

कति रसिलो, पोषिलो हुने थियो
नफली विष अङ्कुर हुने भए ।

कहाँ मच्चिन्थ्यो र ? सधैंभरि युद्ध
प्रल्हाद जस्तै असुर हुने भए ।

माटोमै फुल्छ नि हीरा र मोती
परिश्रमी मजदुर हुने भए ।
कसले लुट्न सक्थ्यो ? मेरो यो झुपडी
यदि बफादार कुकुर हुने भए ॥

(पूर्णिमा, पूर्णाङ्क २४, २०६६: ७)

मानव जीवनका पाटाहरू, सामाजिक संरचनाका यावत् पक्षहरू समयका विभिन्न आकारहरू, आध्यात्मिक जीवनका विविध आयामहरू लगायतका विविध पक्षहरूलाई उत्कृष्ट ढङ्गले आफ्ना गजलमा उतारेको पाइन्छ, निर्जल आकाशले ।

### ४.११.३ अञ्जानस्नेहा

शिवपुर ५, बर्दियामा वि.सं २०४५ भदौं ३ गते जम्मिएका अञ्नानस्नेहा विगत लामो समयदेखि निरन्तर साधनारत एक कुशल स्रष्टाका रूपमा रहेका छन् । मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान शाखा बर्दियाका वर्तमान अध्यक्ष, गजलमञ्जरीका प्रधान सम्पादकका साथै विभिन्न साहित्यिक सङ्घ संस्था तथा पत्रपत्रिकामा आवद्ध अञ्जानस्नेहा नेपाली गजल साहित्यमा अश्लिलता उन्मुलन अभियान २०६६ का अभियान कर्ता पनि हुन् । स्नेहाका केही गजलका सेरहरू :

सन्यासी अलि फरक छ गृहस्थी अलि फरक छ
मान्छेको बुझाइ र दृष्टि अलि फरक छ ।
सायद धैर्यताको परीक्षा हुँदै छ आज मेरो
हिजो, आज नियति अलि फरक छ ।

समय सधैँ एकैनास कहाँ हुन्छ र ?
आजभोलि परिस्थिति अलि फरक छ ।

जिउनकै लागि हो तर पनि जीवन
सजिलो छैन सोचे जति अलि फरक छ ।

तिमी मसँग सङ्गत कहिलेसम्म गर्छौ ?
मन्दिर अलि फरक छ भट्टी अलि फरक छ ॥
(अतिरिक्त, अङ्क २, २०६६ : २१)

गजल अभियन्ता तथा कुशल गजलकार अञ्जानस्नेहाका गजलहरूमा नारीकुण्ठा मानवतावादी समाजिक चिन्तन जस्ता विविध आयामलाई विविध तवरले केलाउने तथा उद्घाटन गर्ने काम गरेको पाइन्छ ।

### ४.११.४ अमृत ढकाल निर्जन

बर्दिया मगरागाडी ६ मा वि.स २०४४ चैत २८ गते जन्मिएका अमृत ढकाल निर्जन मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान उपशाखा मगरागाडी बर्दियाको संस्थापक अध्यक्ष, गजलगङ्गा पत्रिकाको प्रधानसम्पादक तथा विभिन्न साहित्यिक सङ्घ तथा पत्रपत्रिकामा संलग्न भएको पाइन्छ। नेपाली गजल साहित्यमा अश्लिलता उन्मूलन अभियान २०६६ का अभियान कर्ता निर्जन लामो समयदेखि अहोरात्र गजलमा समर्पित भएका प्रतिभावान् स्रष्टा हुन् निर्जन। एउटा गजल यस प्रकार छ :

म बिग्रेको नाइँ भन्न नसकेर मलाई थाहा छ
किन थिए चुपचाप त्यतिखेर ? मलाई थाहा छ।
कहाँबाट आएको थियो त्यो हुरी, कसले पठाएको थियो।
कता गयो जीवनको फुल झारेर ? मलाई थाहा छ।
मौनतामा चिच्याइरहेका छन् ओठ नबोले पनि
के सोच्दै छौ एकलास बसेर ? मलाई थाहा छ।
किन बद्लियौ तिमी ? जसरी बद्लिन्छ बादल
भो हेरे झैँ गरेर नहेर मलाई थाहा छ।
हावा झैँ बरालिन्छन् मायाका व्यापारीहरू
के गर्छन् चिठी च्यातेर ? मलाई थाहा छ॥

(गजलमञ्जरी, पूर्णाङ्क ८, २०६८ : २५)

समग्र मानवका पीडा, व्यथा, कुण्ठा, रोदन, क्रन्दन, चित्कार, सङ्किर्णता, अभाव, प्रेम लगायत विभिन्न क्षेत्र र भावमा कलम चलाउने निर्जन एक सशक्त गजलकार तथा गजल अभियन्ताका रूपमा चिनिन्छन्।

### ४.११.५ गोल्डेन उद्भास

चोटिला र गहकिला गजल सिर्जना गर्ने गजलकार गोल्डेन उद्भास २०४४ साल माघ १ गने बर्दियाको सानोश्रीमा जन्मेर गजलमा निरन्तर क्रियाशील रहेका स्रष्टा हुन्। नेपाली गजल साहित्यमा अश्लिलता उन्मूलन अभियान २०६६ का अभियानकर्ता उद्भास एक सशक्त गजलकार हुन्। गोल्डेनको एउटा गजल यस प्रकार छ :

आज कसैको भरोसा विश्वास कहाँ छ
हिजोको जस्तो धर्ती, आकाश कहाँ छ ?
हार्नेहरूको त इतिहास लेखिँदैन भने
युद्धै नलडनेहरूको इतिहास कहाँ छ ,
घन घोटी बन्चरो बन्छ बनाउन सके
आजका मान्छेमा धैर्यता र प्रयास कहाँ छ ?
काँडाको बीचमा मात्रै गुलाब भेटिन्छ अरे
खोज्दै मूर्खको भीडमा कालिदास कहाँ छ ?
धर्ती चम्कन्छ जूनले, जून चम्कन्छ घामले
गोल्डेलसित पनि आफ्नो उद्भास कहाँ छ ?

(गजल उद्यान, अङ्क १, २०६८:३३ )

समसामयिक परिवेशका विविध पक्षलाई विभिन्न तवरले आफ्ना गजलका सेरहरूमा उन्न माहिर उद्भासका गजलहरूमा प्रेम शान्ति, क्रान्तिचेत, राष्ट्रियताजस्ता कुराहरू पाइन्छन् ।

### ४.११.६ अञ्जु स्मारिका

दैलेख श्रीस्थानमा २०४६ साउन १६ गते जन्मिएर हाल बर्दियामा स्थायी रूपमा बसोबास गर्दै आएकी अञ्जु स्मारिका मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान शाखा, बर्दिया तथा उपशाखा गुलरियाका साथै विभिन्न साहित्यिक संस्थामा सङ्लग्न रहको पाइन्छ । शब्दसारथि साहित्य विविध पत्रिकाको सम्पादक तथा लामो समयसम्म रेडियो फूलबारी एफ.एम १००.६ मेगाहर्ज गुलरियाबाट गजल प्रधान कार्यक्रम गजलविम्बको सञ्चालन गरी गजलको उन्नयनमा लागिपरेकी स्मारिका एक सशक्त नारी गजल हस्ताक्षर हुन् । स्मारिकाको एउटा गजल यस प्रकार रहेको छ :

हदैसम्म गिर्छन् मान्छे गिर्न पाएपछि
मुहारमा झुटको नकाब भिर्न पाएपछि ।

तिम्रो मनमा राज गर्छु भन्छन् मनोमानी
अलिअलि गर्दै दिलमा छिर्न पाएपछि ।

कसले गर्दै रैछ यहाँ भावनाको कदर ?

छुरी रोपी छातीलाई चिर्न पाएपछि ।

सबलाई मोह हुँदो रैछ रुपियाँ पैसाको
ऋणभरि केहि नराखी तिर्न पाएपछि ।

हैकम चलाउन थाल्यौ तिमीले पनि अचेल
यो मुटुको चारै कुना फिर्न पाएपछि ॥

(सिर्जना सरोवर, अङ्क २, २०६७ :१३)

स्मारिका गजलमा विभिन्न मानवीय प्रवृत्तिहरू पाइन्छन् त्यसमा पनि नारीका पीडा, व्यथा, कुण्ठाका साथ गरिब, निमुखा तथा राष्ट्रभक्त, सचेत नागरिकको आवाज प्रतिबिम्बित भएको पाइन्छ ।

**४.११.७ पर्वत ढकाल**

सानै उमेरमा आफूलाई सफल गजलकारका रूपमा स्थापित गर्दै आइरहेका वि.सं २०४८ असोज २८ गने मगरागाडी ६ बर्दियामा जन्मेका पर्वत ढकाल मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान उपशाखा मगरागाडी र गजलगङ्गा पत्रिकामा आवद्ध रहेका छन् । सशक्त मुक्तक सङग्रह मूर्दावाद (२०६८) प्रकाशन गरेका पर्वत निरन्तर गजलमा सक्रिय छन् । पर्वतको गजलको एउटा छाल यस प्रकार रहेको छ :

कुटो र कोदालो समाउनेहरूको पेट किन आधा हुन्छ
अरुको खुसीमा रमाउनेहरूको पेट किन आधा हुन्छ ?

सरकारलाई मेरो एउटा प्रश्न छ यहाँ सँधै साँझबिहान
पसिना बगाउनेहरूको पेट किन आधा हुन्छ ?

जाऊ कर्णालीका भीर पाखाहरूलाई सोध
यो देश सदा रुनेहरूको पेट किन आधा हुन्छ ?

सुस्ता आँसु पुछ्ने अभियानमा लाग्यो भने थाहा पाउनेछौ

जन्मभूमिलाई अँगाल्नेहरूको पेट किन आधा हुन्छ ?

मलाई त लाग्छ आफैं मा अपूरो एउटा प्रश्न हो यो
माया मुटुभरि अँगाल्नेहरूको पेट किन आधा हुन्छ ??

(शिवपुरी सन्देश, पूर्णाङ्क ५, २०६७: ४१)

पवर्तका गजलकारहरूमा समसामयिक परिवेशका विभिन्न पक्ष, श्रृङ्गार, क्रान्तिचेत लगायतका कुराहरू प्रशस्त मात्रामा पाइन्छन् ।

**४.११.८ मानबहादुर खड्का**

छोटो र सानै उमेरमा अब्बल गजल लेख्ने स्रष्टा मानबहादुर खड्का शिवपुर ५ बर्दियामा वि.सं २०४८ असोज १६ गते जन्मेका हुन् । निरन्तर साधनारत खड्का विभिन्न तवरबाट गजलको उन्नयनमा लागिपरेका छन् । उनको एउटा गजल यस प्रकार छ :

मेरा बाका पनि बा छन्
विचार उनका पाका छन् ।

कसैलाई छल्न हुन्न बावु
भन्नु हुन्छ सबैका आँखा छन् ।

नसुनाऊ तिम्रो इतिहास
भोगेर सबैले बिताका छन् ।

रात त्रसित भएर चराहरू
बिहानी प्रहरमा निदाका छन् ॥

(मधुवन, अङ्क ३, २०६८ : २२)

समसामयिक परिवेशमा विभिन्न विषय र क्षेत्रलाई कटाक्ष गरी गजल लेख्ने खड्काका गजलमा मुख्यतः मानवीय संवेदना, भातृत्व, राष्ट्रियता, समतामूलक समाजको चाहना जस्ता कुराहरू समावेश रहेका  छन् ।

बर्दियाली गजल साहित्यमा छिटफुट रूपमा पत्रपत्रिकामा देखिएका केही स्रष्टाहरूका फुटकर गजलहरूलाई यसप्रकार देखाउन सकिन्छ :

**४.११.९ अञ्जुस्मारिका सिंह**

महान् त्यो सोचाइ उफ मानवता
पहुँच हुँदा हाइ हाइ उफ मानवता
कोही नहुने केही नहुने भयो
मलामी जाऔँ भन्दा नाइ उफ मानवता

आदर्शीलो भनाउँदोको व्यवहार हेर
दुःख पर्दा बधाइ उफ मानवता ।

साहेबहरू अचेत पैसाले मात्तेर
खाए हुन्छ गाई उफ मानवता ।

(गजलगङ्गा, अङ्क २, २०६६ :३०)

प्रस्तुत गजलमा मानवता समाजको विकृति विसङ्गति, धर्म परिवर्तन गर्न नेपालको चलनलाई व्यङ्ग्य गरेका छन् ।

**४.११.१० अञ्जु अमेजन**

धेरै दियौ पीडा अनि चोट नारीलाई
अझै नि लगाउँछौ खोट नारीलाई

खबरदार पुरुष अब छायौ भने
चाहिँदैन हजारौका नोट नारीलाई ।
धेरै पढिसके अनि जानी पनि सके
नसम्झ टि.भी को रिमोट नारीलाई ।

प्रस्तुत गजलमा नारीमाथि भएको व्यवहार र नारी कुण्ठा बेदना नारीलाई कमजोर सोच्ने नारी भावनालाई नबुझ्ने प्रति आवाज उठाएकी छिन् ।

**४.११.११ अभागी कान्छा**

दुस्मन इस्ट कदापि हुँदैनन
बाबुआमा दुस्ट कदापि हुँदैनन् ।
कोही नहोस कुकुर र बिरालो
यी दुई घनिष्ट कदापि हुँदैनन् ।

पागलको झैँ अङ्ग्रेजी बोल्दैमा
जो कोही टुरिष्ट कदापि हुँदैनन् ।
गलामा पेटी कम्मरमा टाइ कस्नेहरू
सबै वरिष्ट कदापि हुँदैनन् ।

(गजलगङ्गा, अङ्क ३, २०६६ :४५)

प्रस्तुत गजलमा पाश्चात्य व्यवहारप्रति व्यङ्ग्य गर्दै आफ्नोपन र समाजमा मिलेर बस्नुपर्ने र स्वच्छ समाजको निर्माणमा जुट्नुपर्ने कुरामा जोड दिएको देखिन्छ ।

**४.११.१२ अन्जान अनुरागी**

गणतन्त्रको मोडमा छौँ हामी आज
संविधान लेख्ने होडमा छौँ हामी आज ।
सुनौलो नेपालको सपना बोकी
लामो यात्राको रोइमा छौँ हामी आज ।
दश वर्षे जनयुद्धको विश्वास पश्चात
शान्त सुन्दर देशको जोडमा छौँ हामी आज ।
विश्वलाई नै चकित पार्ने किसिमको
संविधानको खोजमा छौँ हामी आज ॥

प्रस्तुत गजलमा संविधान र गणतन्त्र नेपालीको चाहाना हो र गणतन्त्रले नेपाली जनतालाई निरपक्ष स्वतन्त्रता र सुन्दरशान्त नेपाल निर्माण गर्ने कुरा अभिव्यक्त गरेका छन् ।

**४.११.१३ एम. के**

राखेहुन्छ उसैलाई तिम्रो दिलमा बस्दिनँ म
रूपी दलदलमा अब कहिल्यै फस्दिनँ म ।

संसारकै हौ तिमी भन्थ्यौ मुहार मेरो मुसारेर
मन भाँच्ने दिलको गाँठो अब कहिल्यै कस्दिनँ म ।

लाखौ पटक पछारिएँ माथि पुर्‍याई तिमीले छाड्दा
नपार भो धक्का ज्यानलाई जानी जानी खस्दिनँ म ।

गोमनले त के डस्छ र त्यती साह्रै डस्यौ मलाई
फाँसी देउ वा गला रेट तिमीलाई चाहिँ डस्दिँ म ॥

(गजलगङ्गा, २ अङ्क, २०६६ :४७) ।

प्रस्तुत गजलमा नारीलाई झुटो प्रेम गरेर आफ्नो जालमा फसाउने र नारीलाई विचलित पार्ने र मायामा भुलाउने गर्दा साँचो प्रेमको दुरुपयोग भएको कुरामा जोड दिएको पाइन्छ ।

**४.११.१४ कृष्ण गिरी मधुवन**

हाम्रो विजय यात्रा चलोस् चली रहोस
यो खुशियालीमा दील बनोस् बली रहोस् ।
पाखुरा बजारी श्रम गर्ने श्रमिकको लागि
नेपाली माटोमा सुन फलोस् फसिरहोस् ।
हामीलाई छल्न सम्म छल्ने तिमी नै हौ
अब तिमीलाई नियतिले छलोस् छलिरहोस् ।

प्रस्तुत गजलमा गिरीले श्रमिकको र समाजमा समानताको व्यवहारप्रति प्रेमको भावनालाई उल्लेखित गरेका छन् ।

**४.११.१५ तिर्थ थापा 'अविरल'**

काडा बिझेको घाउ नदुखोस अब कत्ति पनि
हिड्दै जाँदा तिम्रो पाउ नरुकोस् अब कत्ति पनि ।
कति दुःख कति पीडा मेरो भागमा परेको छ
तिम्रो शिर प्रेम पथमा नझुकोस् अब कत्ति पनि ।
काममा छ मेरो सुख शान्ति मिल्दै जाओस्
हिँड्दै जाँदा कहीँ कसैले नथुकोस् अब कत्ति पनि ।

(गजलगङ्गा, अङ्क ३, २०६६ : ४९)

प्रस्तुत गजलमा प्रेमको सन्दर्भलाई जोड्दै व्यक्तिमा साथित्व र प्रगतिशिल चिन्तनलाई व्यक्त गरिएको छ ।

**४.११.१६ निर्जल आकास**

खै कसले त्यस्तो मति बनायो
शिवजीका निम्ति सती बनायो ।
चराचर जगत्ले स्तुती गर्ने
देवी चण्डी, भगवती बनायो ।
सौन्दर्य प्रेम सदाचार करुणा
लाग्छ विधाताले अति बनायो ।

(गजल गङ्गा, अङ्क ३, २०६६ : २२)

प्रस्तुत गजलमा आध्यामिक र भौतिक जगत्मा देखिएका दुःख र अप्रत्याशित भावहरू व्यङ्ग्यात्मक ढङ्गले प्रस्तुत गर्न खोजिएको छ ।

**४.११.१७ प्रकाश थापा अनुपम**

देशलाई नै बचाउँदा मरेका सहिद
सबको लागि राम्रो काम गरेको सहिद ।
शत्रुहरूले देशमाथि आक्रमण गर्दा
नडराइ लड्न अघि सरेका सहिद ।

शोषण र अत्याचारको जरो उखेलेर
समानताको बीउ छरेको सहिद ।

प्रस्तुत गजलमा देशभक्ति, राष्ट्रियता, स्वतन्त्रताका निम्ती सङ्घर्ष र बलिदानका धारमा उभिएका राष्ट्रभक्ती र श्रद्धाभाव व्यक्ति गरिएको छ ।

**४.११.१८ प्रज्ञा काफ्ले**

समावेशी लोकतन्त्र देख्नु पर्छ संविधानले
जनताका पसिना सारा लेख्नु पर्छ संविधानले ।

निरङ्कुशता उखेलेर नयाँ पथमा हिँड्नु छ ।
रुढिवादी काँडामाथि टेक्नुपर्छ संविधानले ।

राजधानीमा मात्र होइन जुम्ला हुम्ला कर्णालीमा
राम्रो पार्न मनका घाउ सेक्नु पर्छ संविधानले ।

(गजल गङ्गा, अङ्क ३, २०६६ :४९)

प्रस्तुत गजलमा समाज परिवर्तनका नाममा शहर केन्द्रित विकाश प्रणालिलाई गाँऊ केन्द्रित गरी शोषित, उत्पीडित जन आवाजलाई राष्ट्रले नीतिगत रुपमा उल्लेख गरिनुपर्ने भाव व्यक्त गरिएको छ ।

**४.११.१९ प्रकाश न्यौपाने**

सीमा क्षेत्रमा छिमेकीको मनपरी चल्दै छ
देश बलभद्र जस्ता वीर सपुत खोज्दै छ ।
विदेशीको मारमा पिल्सिएछन् सीमाबासी
सावधान गिद्धले सिनोमाथि नजर लाउँदै छ ।

देशमा स्रोत हुँदा पनि छिमेकीको मुख ताक्ने
त्यसैले त विदेशीको चलखेल बढ्दै छ ।

प्रस्तुत गजलमा राष्ट्रियता र राष्ट्रिय स्वाधिनता र स्वतन्त्रताका पक्षमा वकालत गरिएको छ ।

**४.११.२० भागिरथ पौडेल**

ज्यान जाला तालुमा आलु फल्दै फल्दैन
पानी माथि कहिल्यै आगो बल्दै बल्दैन ।

ढिपी गर्दा आफ्नो नाश हुन्छ साथी
माफ गर्नुस् हिउँ झैं मन गल्दै गल्दैन ।

सकेसम्म गर्ने नै हो नभए के लाग्छ र
आयुभन्दा बढि मुटु चल्दै चल्दैन ।

(गजल गङ्गा, अङ्क ३, २०६६:११)

प्रस्तुत गजलमा असम्भव पक्षमा चिन्ता लिएपछि सम्भव बनाउन नसकिने र यथार्थमा रम्नु नै वास्तविकता हो भन्ने कुरा व्यक्त भएको छ ।

### ४.११.२१ यशु केसी

एक दिन बिदा सबले यहाा लिनुपर्छ साथी
को छ यहाँ ठूलो सानो को छ तल माथि
काटे रगत तिम्रो मेरै रातै आखिर
कसैलाई माना किन कसैलार्य पाथी ।

को पहाडी को मधेशी हामी नेपाली
मानव हाम्रो वर्ण एउटै महिला पुरुष जाति ।

(गजल गङ्गा, अङ्क ३, २०६६ : २७)

प्रस्तुत गजलमा दार्शनिक भाव समानता देशप्रेमको भावना व्यक्त भएको छ र वसुधैव कुटुम्बकम् भावनालाई प्रस्तुत गरिएको छ ।

### ४.११.२२ राधिका भुषाल

समानताको दियो जलोस् अनि मान्छु म तपाइँलाई
अन्धकारमा दियो बलोस् अनि मान्छु म तपाइँलाई

उथलपुथल मनभित्रका क्रन्दनलाई पन्छाएर
वैरभाव मनको ढलोस् अनि मान्छु म तपाईलाई

आफ्नो प्यारो संस्कृतिलाई सदा सम्मान दिएर
प्यारो जीवन फुलोस् अनि मान्छु म तपाईलाई ।

(गजल गङ्गा, अङ्क ३, २०६६:४३)

प्रस्तुत गजलमा दाम्पत्य जीवनमा सरलता बनाउन र राम्रो बनाउनका लागि हरेक काममा समानता भयो भने स्वच्छ जीवन र दिगो समाज निर्माण हुने कुराव्यक्त गरिएको छ ।

**४.११.२३ विदुर खनाल**

आँसु नै आँसुको उपहार तपाईलाई कस्तो लाग्छ
फूलको ढलाउने प्रहार तपाईंलाई कस्तो लाग्छ ?

एउटै छन् मानिस एउटै छन पन्छि अब
कलियुगको संसार तपाईलाई कस्तो लाग्छ ?

मुखमा राम राम वगलीमा छुरा यहाँ
ठीक उल्टो व्यवहार तपाईलाई कस्तो लाग्छ ?

(गजल गङ्गा, अङ्क ३, २०६६ :३८)

प्रस्तुत गजलमा समानता मानवता र भावनात्मक सम्बन्धमा हुने नकारात्मक भावलाई सकारात्मक भावको रुपमा लिदा राम्रो हुने कुराप्रति भावना व्यक्त गरिएको छ।

**४.११.२४ माल्दाई बी.सी**

न काम छ, न दाम छ
न फुर्सद छ, न आराम छ।

मिठो बोलेर सोझो बनी हिड्दा
सानो कुरामा मेरै बद्नाम छ।
जति अगाडि बढ्छु भन्दा पनि
आफ्नै मान्छेबाट पूर्णबिराम छ।

(गजल गङ्गा, अङ्क ३, २०६६ : १४)

प्रस्तुत गजलमा वर्तमान समयको वेरोजगारी प्रति र समाजमा रहेका सोझो व्यक्तिको निरुसाहित पनलाई देखाउन खोजिएको छ।

**४.११.२५ दत्तप्रसाद अधिकारी**

बालकैमा बिताएको बात बिर्सिएछौ।
मेचीकाली आफ्नै इतिहास बिर्सिएछौ।

वीर नेपालीका सन्तान हामी हाम्रै छाति माथि
दुश्मनले गरेको त्यो दुस्साहस बिर्सिएछौ।

कतिसम्म हेर्न सक्छौ खण्डित गरी यो देशलाई ।
विदेशीले गरेको त्यो सर्वनाश बिर्सिएछौ ।

देश दुख्दा तिम्रो पनि मुटु दुख्नुपर्ने आखिर
मुटु बेची देश बचाउने यादाश बिर्सिएछौ ।

(गजल गङ्गा, अङ्क ३, २०६६ : ३३)

प्रस्तुत गजलमा नेतालाई देशप्रति भईरहेको दुर्व्यवहार र राष्ट्रको चिन्तन राष्ट्रभक्तिमा नेताहरू समर्पण हुनुपर्ने र दिगो राष्ट्रको निर्माण हुनुपर्नेमा जोड दिइएको छ ।

**४.११.२६ अनुराधा गिरी सिर्जन**

फूल एउटै माली फेरियो
जमिन एउटै बाली फेरियो ।

वनमा डुल्ने वनचरीको
रुख एउटै डाली फेरियो ।

हिजोआज निर्मोहीको पनि
भाव उही गाली फेरियो ।

(गजल गङ्गा, अङ्क ३, २०६६ : १७)

प्रस्तुत गजलमा दासप्रथा र वालश्रमलाई अन्त्य गर्दै प्रेममा पनि आशावादी हुनुपर्ने कुरा अभिव्यक्त गरिएको छ ।

**४.११.२७ अशोक भण्डारी**

सुस्त सुस्त बढ्दै छ नि चाल हजुरको ।
कस्तो छ कत सरकार ढाल्ने चाल हजुरको ।
कोही असफल जितेर पनि
हारेर सांसाद बन्ने कमाल हजुरको ।

अधिकार छैन भने जनतालाई
मात्रै हो की नेपाल हजुरको ।

(गजल गङ्गा, अङ्क३, २०६६: १३)

प्रस्तुत गजलमा नेपालमा गुण्डागर्दी राष्ट्रदेशीप्रति सचेत रहन र जनता अधिकारमा वफादार रहनुपर्ने कुराप्रति सचेत गराउन खोजिएको छ ।

## ४.१२ बर्दियाली गजलका प्रवृत्तिहरू

नेपाली गजल साहित्यको आधुनिक युगमा आइपुग्दा बर्दियाली गजलले आफ्नो स्वरूप निर्धारण गरिसकेको देखिन्छ । गजलको लेखन बिन्दु २०२९ सालदेखि अहिलेसम्म आइपुग्दा बर्दियाली गजलका बाह्य संरचनात्मक स्वरूप र विषयवस्तुका साथसाथै गजलका प्रवृत्तिहरू पनि क्रमशः परिमार्जित हुँदै गएको पाइन्छ । युग परिवर्तनसँग समाज र राष्ट्रको अवस्थिति पनि परिवर्तन भएपछि विभिन्न सन्दभहरू पार गर्दै बर्दियाली गजलले युग चेतनालाई पनि आत्मसाथ गर्दै अगाडि बढेको पाइन्छ । विभिन्न स्रष्टाहरूको आगमन र लोपका साथै स्रष्टाहरूको जीवनगत उतारचढावले पनि गजललाई प्रभाव पारेको देखिन्छ । वस्तुतः गजल सानो संरचना भएकाले यसमा व्यक्तिवादी प्रवृत्ति बढी हावी भएको देखिएको छ । कृतिगत तथा फुटकर गजलहरूलाई समग्ररूपमा हेर्दा बर्दियाली गजलहरूमा निम्नानुसार प्रकृत्तिहरू भेट्न सकिन्छ :

देशभक्ति भाव, मानवतावादी स्वर, नारीवाद, विसङ्गतिवाद, राजनैतिक वितृष्णा आशावादी स्वर, अलङ्कारको प्रयोग, श्रृङ्गारिकता, यथार्थवाद, प्रगतिवाद, समसामयिकता । उपर्युक्त प्रवृत्तिहरूलाई निम्नानुसार क्रमशः चर्चा गरिन्छ :

### १. देशभक्तिभाव

बर्दियाली गजलहरूमा देशभक्तिको भाव प्रबल रूपमा प्रयोग भएको पाइन्छ । राष्ट्रिय चेतना, स्वदेशको माया, देशको अवस्थाप्रति चिन्ताव्यक्त जस्ता भावहरू बर्दियाली गजलको मूलप्रवृत्ति हो । यसका केहि उदाहरणहरू यस प्रकार छन् :

यो जन्मभूमिलाई छ कोटी नमन मेरो
मीठो सुगन्धले छ, गम्केको पवन मेरो

(राजापुरी : २०६२ : ६)

आँखाभरि नेपाललाई सजाउन साथी

झुठो लाग्ला मौनता यो भजाउन साथी

(ठकुरी, २०६५: पृ. ५३)

जलाएका मुनाहरू जगाउन सक्नेछ

देशको निम्ति रगत बगाउन सक्नेछ ।।

(सल्ली कुसुम द्०६९: ८९)

यो मलिलो माटो कसले बनायो बा

माटो माथि बाटो कसले बनायो बा ?

(सल्ली कुसुम : २०६९: ८८)

सीमाक्षेत्रमा छिमेकीको मनपरी चल्दै छ

देश बलभद्रजस्ता वीर सपुत खोज्दै छ ।॥

(गजलगङ्गा : २०६६ : ३४)

उपर्युक्त गजलहरूलाई हेर्दा बर्दियाली गजलको मूल प्रवृत्ति देशभक्ति हो भन्ने देखिन्छ । देशप्रतिको चिन्ताव्यक्ति स्वदेशको उन्नतिको चाहाना, देशमा सिमानामा दिनप्रति दिन अतिक्रमण भैरहेको प्रति आक्रोश व्यक्त गरेका पाइन्छ । यही राष्ट्रियमा बर्दियाली गजलको प्रवृत्ति देखिएको छ ।

## २. मानवतावादी स्वर

बर्दियाली गजलमा मानवतावादको प्रयोग भएको पाइन्छ । साहित्यले मानिसलाई नैतिकता र मानवताको पाठ सिकाउने प्रयत्न गर्दछ । भन्ने मान्यता राख्ने यसवादमा बर्दियाली गजलकारहरूले पनि कलम चलाएको पाइन्छ, कुनै पनि समाजमा त्यतिबेलासुखी, सम्पन्न र सम्वृद्ध हुन सक्दछ जतिबेला त्यस समाजमा रहने मानिसमा मानवता भन्ने कुरा रहन्छ त्यही विषयवस्तुलाई लैङ्गिक असमानता स्वतन्त्रता, सामाजिक मान्यता, सहयोगी भाव बर्दियाली गजलको प्रवृत्ति हो । यस प्रवृत्तिका केही गजलहरू यस प्रकार छन् ।

यो दुखीलाई सधै दुःख भन्ने थाहा छैन

के फुल्थ्यो र जिन्दगी यो ? काडा मात्रै रोपेपछि

(गजल मञ्जरी २०६९ : ३४)

यो बग्ने खोलाको पानी नतिम्रो नमेरो ।

सोचेजस्तो जिन्दगानी नतिम्रो न मेरो ॥

(आचार्य २०६९ : १४)

उही ढुङ्गे युग खोज्दै छौ तिमी

समाजमा मानवता छैन आजभोली

(गजल **उद्यान** २०६८ : १३)

नहार मान्छे तिनीले हार्दा मान्छेको हार हुन्छ

न जित मान्छे तिमीले जित्दा मान्छेमै प्रहार हुन्छ

(गजलगङ्गा २०६६ : ३०)

राम्ररी बगैचा सिगार्ने एउटा माली छ

त्यही मालीलाई मालिकको गाली छ

(सल्ली कुसुम २०६९ : ८०)

उपर्युक्त गजलहरूमा मानवतावादी स्वर रहेको र द्वन्द्व र हिंसाबाट टाढा रहेमा मात्र मानवताको विनाश हुने भाव रहेको, सङ्घर्ष र सत्य शादा जीवन नै वास्तवमा जीवन हो भन्ने मानवीय प्रवृत्तिहरूको गजलमा प्रयोग पाइन्छ ।

**३. नारीवाद**

कुनै पनि समाज वा राष्ट्रको आधा हिस्सा नारी भएतापनि अधिकांश ठाउँमा तिनीहरू पुरुषहरू भन्दा पछि छन् र यातना पारिरहेका छन् । हाम्रो देशमा त यसको पराकाष्टा नै देख्न सकिन्छ । पितृसत्तात्मक सोच भएको हाम्रो जस्तो राष्ट्रमा कतिपय नारीहरू अझैं पनि दोस्रो दर्जाका नागरिक झैं निरीह जीवन बाँच्न बाध्य छन् । त्यसैले सारा बन्धनहरू त्यागी लैङ्गिक विभेद मुक्त समातामूलक समाजको निर्माण गर्नु पर्दछ भन्ने आह्वानका साथ विभिन्न बर्दियाली गजलकारहरूले यस भाव धारामा कलमहरू चलाएका छन् ।

यस प्रवृत्तिका केही गजलहरू यस प्रकार छन् :

यी नारीहरू छुट्टै पहिचान खोज्दै छन्
गुमेको आफ्नो स्वाभिमान खोज्दै छन्

(करारा, २०६८ : ७३)

इज्जत गर्न जानिएन नारीलाई यहाँ
पुरुष सरह ठानिएन नारीलाई यहाँ

(पूर्णिमा २०६७ : २४)

सधै प्रश्न खडा हुन्छ नारीमाथि किन
नियम कानुन कडा हुन्छ नारीमाथि किन

(गिरी २०६६ : १)

तिम्ले विश्वास दिलाएर आसमा पार्‍यो मलाई
बाचेर नि आज जिउँदो लासमा पार्‍यो मलाई

(गजलगङ्गा, २०६६ : ३८ )

सँधै काम सँधै दाम किन ? हजुर जिन्दगीमा
मेरो निम्ति बात चलोस् अनि मान्छु म तपाइलाई

(गजलगङ्गा, २०६६ : ४१)

अस्तित्वहीन ठानी पलाँस जस्तै माने पनि
यो संसारलाई नारीको अभाव उस्तै छन्

(गिरी, : २०६६ : १२ )

उपर्युक्त गजलहरूमा नारी दमन, शोषण र व्यवहारप्रति गजलकारहरूले पुरुष वा समाज प्रति व्यङ्ग्य गरेका छन् र नारी शुद्ध र सत्यको प्रतिमूर्ति हो श्रृष्टिको प्रमुख नारी नै रहेको हुदा नारीसँग सहकार्य र हातेमालो गरेर अघि बढेमा देश, समाजमा राम्रो हुने र समुन्नत राष्ट्र निर्माण

हुने कुरामा जोड दिएको र नारीमाथि दमन, शोषण अत्याचारलाई रोक्न आह्वान र सचेत गरेको पाइन्छ ।

### ४. राजनैतिक वितृष्णा

कुनै पनि राष्ट्र शासन व्यवस्थामा निर्भर रहने गर्दछ । शासन व्यवस्था असल र सभ्य छ भने अवश्य पनि त्यो राष्ट्र समुन्नत रहने गर्दछ, अन्यथा अव्यस्थित अशान्ति जस्ता कुराहरूको सिकार हुने गर्दछ । देशको शासन व्यवस्थाप्रति राजनीतिज्ञहरू भ्रष्ट र देशको उन्नयनमा लागेर स्वार्थी र जनताको हितलाई नसम्झिई आफ्नो परिवार र आफन्तवाद प्रति वितृष्णा जगाउँदै समुन्नत राष्ट्रको अपेक्षा गरी बर्दियाली गजलकारहरूले कलम चलाएका छन् । यस प्रवृत्तिका केही गजलहरू यस प्रकार छन् :

मोटो रकम समाउनेले देश विगारे
कुर्सीमा सत्ता चलाउनेले देश विगारे

(आरम्भ, २०६४ : ९)

प्रतिस्पर्धात बाहिरी शत्रुसँग हुनुपर्ने हो
आफ्नो देशभित्र मेरो जित तेरो हार किन ?

(लहर, २०६१ : २३)

घुम्ने मेचमा अन्धोलाई बसालेर पूजा गर्ने
हे भगवान्  कहिले अन्त्य होला प्रथा यो सहरमा

(अतिरिक्त, २०६७ : १७)

अनुशासनभित्र बस्दा आत्तियौकि कुन्नी
विकृतिको एउटै संसार बनाएछौ नेपाल

(गजलगङ्गा, २०६६ : ३२)

माफ गर्नु होला स्वाभिमानलाई कैद गरेर
कोशेली बोकी हजुरको घरधाउन सकिएन

(सल्ली कुसुम २०६९ : ७२)

उपर्युक्त गजलहरूको प्रवृत्तिलाई केलाउँदा राजनैतिक खिचातानी भ्रष्टाचार र शोषण जस्ता राजनैतिक विषयवस्तुमा व्यङ्ग्य प्रहार गर्न बर्दियाली गजलको प्रवृक्ति बन्न पुगेको  छ ।

## ५. विसङ्गतिवाद

मान्छेले भौतिक विकास सँगसँगै विभिन्न किसिमका सामाजिक तथा मानवीय  विसङ्गतिको विकासगर्दै आएको पाइन्छ । सामाजिक र व्यक्तिगत मर्यादा विपरीत कदम चलाउने क्रियाकलापलाई साहित्यमा विसङ्गतिवाद भनिन्छ । यो वाद वर्तमान साहित्यमा ज्यादै प्रचलित वाद हो । यस वादमा बर्दियाली गजलकारहरूले पनि कलम चलाएका छन् । यस प्रवृत्तिका केही गजलहरू यस प्रकार छन् ।

विहान राम राम जप्ने भलादमीको

वगलीमा छुरा हुन्छ रात परेपछि ।

(कृष्णसार ,२०६० : ७)

सारा मिली निर्जनलाई कात्रो ढाकी दिँदा

आफ्नै लास काँधमाथि उठाएर बाँचे

(बर्दियाली गजल सरोवर, २०६५ : ३१)

बर्दियाली गजलका विभिन्न पाटाहरूलाई केलाउँदा गजलमा विसङ्गतिबाद मूल प्रवृक्तिका रूपमा आएको छ । निराशा कुण्ठा, अव्यक्त पीडा, स्वार्थमा लोलुपता मानवजीवन तथा अमिल्दो सामाजिक संरचनाका कारण सम्पूर्ण मानवजीवन विसङ्गत छ भन्ने भाव गजलहरूमा भेट्न सकिन्छ ।

## ६. आशावादी स्वर

मानिस सधै एउटा न एउटा आशामा बाचेको हुन्छ । आशावादी हुनु हरेक मानिसको साझा विशेषता हो । सुन्दर भविष्यको कल्पना गर्दै मानिसलाई बाँच्न सङ्घर्ष गर्न र आशावादी रहन सिकाउँछ र गजलकारहरूले पनि आफ्ना गजलहरूमा मानवमा हुने आशालाई विषयवस्तु बनाएर गजल लेखेको पाइन्छ । बर्दियाली गजलीय कलमहरू पनि यस भाव धारामा चलेका छन्, जुन केही गजलहरू यस प्रकार रहेका छन् :

संविधानमा नेपालीको पहिचान लेखिदेऊ ।

यस राष्ट्रको गौरव र स्वाभिमान लेखिदेऊ ।

देशका लागि जसले दिए आहुती प्राणको
ती देशभक्त शहिदको बलिदान लेखिदेऊ

(गजलगङ्गा, २०६७ : २२)

काडाँ बिझेको घाउ नदुखोस् अब कति पनि
हिड्दै जाँदा तिम्रो पाउ नठोकियोस् अब कति पनि
कामना छ मेरो सुख शान्ति मिल्दै जाओस्
हिँड्दै जाँदा कहीँ कसैले नथुकोस् अब कति पनि

(गजलगङ्गा, २०६६ : १७)

काडा बीचको फूल जस्तै हाँस्न सके पो जिन्दगी
बिर्सिएर अतीतहरू बाँच्न सके पो जिन्दगी
जतिसुकै पीडा परोस् सङ्घर्ष हो सम्झिएर
गाई गीत मिलनका नाच्न सके पो जिन्दगी

(सल्ली कुसुम, २०६९ : ७७)

बर्दियाली गजलमा आशाका स्वरहरू प्रशस्त भेटिएका छन् । जीवनवादी चेतना सुनौलो भविष्यको चाहना, सङ्घर्षदेखि विचलित नहुने भाव आदि बर्दियाली गजलमा देखिएको आशावादी प्रवृत्ति हो ।

**७. शृङ्गारिक धारा**

प्रेम त्यो चिज हो, जसको अभावमा मान्छे मान्छे रहँदैन । प्रेमले दुई भावनालाई मिलाउने गर्दछ । कुनै पनि प्राणी प्रेमको अस्तित्वमा रहने गर्दछ । गजल साहित्यको परिप्रेक्ष्यमा हेर्दा त यसको सुरुवात नै श्रृङगारबाट भएकाले यसको बढी महत्त्व रहेको देखिन्छ । बर्दियाली गजलकारहरूले पनि यस धारालाई विषयवस्तु बनाई श्रृङ्गारिक धारामा लेखिएको केही गजलहरू यसप्रकार रहेका छन् :

निश्चल आकाशमा तारा नाचेको बेला
चाँदनीको चहकसँगै चन्द्रमा हाँसेको बेला
किन किन मन मेरो प्रफुल्ल छ आज

तिमीसँग नौलो प्रीत गासेको बेला

(पूर्णिमा २०६७ :१२)

गगनबीच तारा कति छन् कति छन् ।
खुशीका नजारा कति छन् कति छन्
तिमी बुझ्न सक्छयौ भनी प्रीतलाई
नयनका इशारा कति छन् कति छन्

(गजलगङ्गा २०६६ : ४३)

मञ्जुर भए त्यो दिलमा बास मागेकी छु ।
कल्पनामा हराउने आकाश मागेकी छु ।
सक्छौ भने देऊ प्रिये स्मरणको चोखो प्रीत
अलिकति आफ्नोपनको आभाष मागेकी छु ।

(सल्ली कुसुम २०६६ : ९९)

फूलको जवानी नसोध मलाई
अतीतका कहानी नसोध मलाई ।
दाउको लागि पाउ समाउँछौ
को, कसको सिरानी ? नसोध मलाई

(सल्ली कुसुम, २०६९ : १०९ )

बर्दियाली गजलका विभिन्न श्रृङ्गारिक विषयवस्तुलाई अवलोकन गरी प्रायः जसो सबै गजलमा प्रेम, प्रणय, धोका, स्वार्थी आकषर्ण र फितलो सम्बन्धका आभाष पाइन्छ । श्रृङ्गारिकता गजलको एउटा अङ्ग भएकाले पनि बर्दियाली गजलहरूमा विभिन्न श्रृङ्गारिक भेटिन्छन् ।

## ८. यथार्थवाद

समाजमा रहेका कुरालाई यथार्थ रूपमा वा जस्ताको त्यस्तै आफ्नो सिर्जनामा उतार्ने कार्यलाई यथार्थवाद भनिन्छ । यसबाट समाजमा देखिएको प्रत्यक्ष कुरालाई देखाउने काम गरिन्छ । हरेक मानवीय पक्षसँग अत्यन्त नजिक रहने भएकाले यस बादलाई साहित्यमा अति नै रुचाइएको पाइन्छ । बर्दियाली गजलकारहरूले पनि यस बादमा रहेर गजल रचना गरेका छन् : यथार्थवादी केही उदाहरणहरू यसप्रकार रहेका छन् :

राम्ररी काँचा सिगार्ने एउटा माली छ

उही मालीलाई मालिकको गाली छ
यो लोकमा के रित आयो प्रभु
त्यही गालीलाई आफ्न सबैको तालि छ

(गजलगङ्गा : २०६६ : २५)

दुस्मन इष्ट कदापि हुनैनन्
बाबु आमा दुष्ट कदापि हुदैनन्
कोही नहोस कुकुर र बिरालो
यी दुई घनिष्ठ कदापि हुदैनन्

(गजलगङ्गा : २०६६ : ९)

घात प्रतिघात यहि भएको छ
बिना यहि भएको छ
आफ्नैको हातबाट विश्वासको हत्या
मलाई जन्मजात यही भएको छ ।

(गजलगङ्गा २०६६ : १९)

बर्दियाकी गजलका विभिन्न विषयवस्तु यथार्थका नजिक रहेका छन् । स्थानीय जीवनका आरोह अवरोध, सामाजिक, कुसंस्कार र जीवन भोगाइका यथार्थ पक्षलाई गजलहरूले समेटेका छन् । विभिन्न कालखण्डमा परम्परा संस्कार र सामाजिक बन्धनबाट मानिसले पाएको पीडा बाहिरी आडम्बरभित्र लुकेको वास्तविक मानिसको परिचयलाई गजलले खोतलेकाले बर्दियाली गजलमा यथार्थवाद प्रस्तुत भएर आएको छ ।

## ९. प्रगतिवाद

हरेक पल समय परिवर्तन भइरहेको हुन्छ, समय परिवर्तनसँग हरेक कुरा परिवर्तन हुँदै जान्छन् । यथास्थितिमा रहेको समाजले काँचुली फेर्ने कामलाई प्रगतिवाद भनिन्छ । मान्छे आफैँमा प्रगतिशील हुने भएकाले सदा प्रगतिको अपेक्षा वा कार्य गरिरहेको हुन्छ र प्रगतिवादले व्यक्तिलाई प्रगति तर्फ उन्मुख गराउने काम गर्दछ । यस वादमा पनि थुप्रै बर्दियाली गजलकारहरूले कलम चलाएको प्रगतिवादमा उन्मुख रहेर लेखिएका केही गजलहरू यस प्रकार रहेका छन् :

सधै हलो जोतेर गयो बाबा जीवन

अनि चट्टान फोडेर गयो बाबा जीवन
हाम्रैलागि रह्यौ पसिनाको खोला
खेति बाली गोडेर गयो बाबा जीवन

(सल्ली कुसुम २०६९: ६७)

सम्झौता र विवाद कति भए कति
जीवनका अनुवाद कति भए कति ।
आजादी खोज्ने धर्तीका छोराहरू
पिजडाभित्रै आजाद कति भए कति

(गजलगङ्गा २०६९ : ९३)

जलाएका मुनाहरू जगाउन सक्नेछ
देशको निम्ति रगत बगाउन सक्नेछ ।
उठ सारा नेपाली धर्तीबाट उठ
नत्र आफै तिमीलाई भगाउने सक्नेछ ।

(सल्ली कुसुम २०६९ :८९)

बर्दियाली गजलको मूल विषयवस्तुमा गरिबी थिचोमिचो, असमानता र सामाजिक असमानताको विद्रोह पर्दछन् । प्रगतिवाद अनुसार जातीय अन्त्य शोषणको विरोध दमन अव्यवहार र कुरितिको भण्डाफोर गर्नु बर्दियाली गजलको प्रवृत्ति हो ।

**१०. समसामयिकता**

नजिक रहेको समसामयिकता, वर्तमान अवस्थामा भए गरेका कुराहरूको बिम्ब हो । जीवन जगत्का यावत् कुराहरू समावेश गरिएको यस भावधारामा प्रेम, स्वार्थ, पैसामुखी जीवन र बाँच्नका लागि  सङ्घर्ष गर्नु पर्ने तीतो यथार्थ, नातावाद कृपावाद जस्ता कुतत्वले गाजेको समाज देखावटी र आडम्बरी प्रवृत्ति बर्दियाली गजलमा भेट्न सकिन्छ । वर्तमान समयमा देखिएका उपर्युक्त कुराहरूलाई समसामयिक भावधारमा रहेर लेखिएका केही गजलहरू यस प्रकार रहेका छन् :

यो सुन्दर शान्त देश हो ध्यान देऊ
मन उर्वर हुने यो खेत हो ध्यान देऊ
तिम्रो छिमिकीले किन यति उचाली रहेछ
यो कुनै खतराको संकेत हो ध्यान देऊ

(बर्दियाली प्रतिनिधि गजल २०६९ : २७)

समयको गति पर्खन्न कसैलाई
भेरी, राप्ती पर्खन्न कसैलाई
आफ्नै धुनमा मस्त भई हिड्छन्
नयाँ दम्पत्ती पर्खन्न कसैलाई

(बर्दियाली प्रतिनिधि गजल २०६९ : १९)

के जमाना आयो कठै ! सुन्ने हैन सल्लाहरू
बढी बाठा कुरा गर्छन् भाउँ भन्दा चल्लाहरू ।
यस्तो खाले जभातसँग होलान् विर्तिकले ?
एकै खोली बनाउँभन्दा, हुँदैन खै पल्लाहरू

(गजलगङ्गा २०६९ : ११)

बर्दियाली गजलको प्रकृत्तिहरूमा समसामयिकता टड्कारो रूपमा देखिएको छ । वर्तमान अवस्थामा देखिएका विकृति र विसङ्गतिहरूको पर्दाफास गर्नु बर्दियाली गजलको मूल प्रवृत्ति बनेको छ । समसामयिक धारा अन्तर्गतका समाज, राजनीति, प्रेम सम्बन्ध जीवनशैली आदि विभिन्न विषयवस्तुमाथि चोटिलो प्रहार गर्नु बर्दियाली गजल साहित्य समसामयिक प्रवृत्ति हो ।

**४.१३ निष्कर्ष**

बर्दियाली गजलमा साहित्यिक रूपले अन्तरक्रिया गर्ने, नियमित रूपमा प्रकाशन र गजल गोष्ठीहरू गर्ने परम्पराको विकास नभए पनि केही हद सम्म प्रयासहरू हुने क्रम शुरु भएको भने देखिन्छ ।  बर्दियाको उर्दू गजल साहित्य विगतका तुलनामा हाल आएर अस्तित्व रक्षाको अवस्थामा पुगेको छ भने अवधी भाषीहरूको सङ्ख्या बर्दियामा ठूलो भएर पनि यहाँ अवधीमा कसैले गजल लेखेको देखिएको छैन । यस जिल्लामा थारु भाषामा विभिन्न विधामा कलम चलाउने राम्रा राम्रा सर्जकहरू भए पनि थारु भाषामा गजल लेख्ने स्रष्टाहरू पनि खासै देखिएका छैनन् ।

यी केही कमीकमजोरीहरूका बाबजुद छोटो समयभित्र बर्दियाली गजल साहित्यले केही राम्रा प्रतिभाको उदय हुने र गजलको विकास हुने केही राम्रा संभावनाको संकेत गरेको छ । यस अर्थमा बर्दियाली गजल स्रष्टाहरूबाट भविष्यमा राम्रा राम्रा गजलहरूको आविष्कार हुन सक्ने विश्वास गर्न

सकिन्छ र बर्दियाली गजलले विभिन्नवादलाई अँगालेर गजलको भावधारालाई अगाडि बढाउने काम गरेको छ ।

## पाँचौ परिच्छेद

## उपसंहार तथा निष्कर्ष

नेपाली साहित्यमा गजलविधालाई भित्र्याउने काम मोतीराम भट्टले गरेका हुन् । भारतीय उर्दू गजलबाट नेपाली कविता साहित्यमा एउटा छुट्टै विधाका रुपमा स्थापित गराउने मोतीराम भट्टले मोतीमण्डलीका नाममा एउटा गजलकारहरूको समूह नै खडा गरे । वि.स. १९४० दशक देखिसुरु भएको गजल लेखनलाई मोतीराम पछिका थुप्रै गजलकारहरूले निरन्तरता दिँदै नेपाली गजलको विकासमा महत्वपूर्ण योगदान पुऱ्याए । नेपालको काठमाडौँबाट सुरु भएको गजल विधा कालान्तरमा नेपालभरि फैलियो । यसको प्रभावले आधुनिक कवितालाई ओझेलमा पाऱ्यो । देशका युवाप्रतिभाहरू गजलतर्फ सजिलै आकर्षित भए । वर्दिया जिल्लामा गजल लेखनको सुरुवात वि.स. २०२९ सालदेखि भएको भेटिन्छ । वर्तमान समयसम्म आइपुग्दा बर्दियामा गजलकृति तथा गजलकारहरूको एउटा समूह नै खडा भैसकेको छ । नेपाली गजल परम्परालाई पछ्याउँदै गजल लेख्न थालिएको बर्दिया जिल्लाको विभिन्न कृति तथा पत्रिकामा प्रकाशित गजललाई आधार मानेर । गरिएको प्रस्तुत शोधपत्रको यस परिच्छेदमा क्रमबद्ध रुपमा विभिन्न सारांश निष्कर्ष सहित प्रस्तुत गरिएको छ ।

प्रस्तुत स्नातकोत्तर तहको दोस्रो वर्षको दसौँ पत्रको शोधप्रयोजनका लागि लेखिएको बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा विषय परिचय समस्या कथन, शोधकार्यका उद्देश्यहरू पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य, महत्व र उपयोगिता तथा सीमाङ्कन, शोधविधि, सामग्रीसङ्कलन विधि, विश्लेषण विधि र शोधपत्रको रुपरेखा विभिन्न शीर्षकमा विभाजन गरेर शोधपत्रको प्रस्तावनाको रुपमा राखिएको छ । यस परिच्छेदमा वर्दिया जिल्लाका गजलका वारेमा, लेखिएका विभिन्न लेख, गजलका कृति, तथा अनुसन्धानात्मक सामग्रीहरू पूर्वकार्यको समीक्षाका रुपमा राखिएको छ भने निष्कर्ष सहित यस परिच्छेदमा समावेश गरिएको छ । प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा गजलको परिचय, गजलको व्युत्पतिगत अर्थ, कोशीय अर्थ परिभाष गजलका तत्वहरू, नेपाली गजल साहित्यमा प्रयोग हुने उर्दू, बहर, नेपाली लोकलय तथा गजलका विभिन्न बहरहरूको परिचय निष्कर्षसहित प्रस्तुत गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा बर्दिया जिल्लामा प्रकाशित एकल, संयुक्र गजलकृति तथा विभिन्न पत्र पत्रिकाहरूमा प्रकाशित गजल र गजलकारहरूको परिचय कृति विश्लेषण र

प्रवृतिहरूको चर्चा निष्कर्ष सहित प्रस्तुत गरिएको छ । शोधपत्रको चौथो परिच्छेदमा नेपाली गजलको संक्षिप्त परिचय इतिहास, विकासक्रम, विभिन्न चरणहरूमा विभाजन गरेर प्रस्तुत गरिएको छ भने त्यसपछि बर्दिया जिल्लाको सामान्य परिचय, बर्दिया जिल्लामा रहेका विभिन्न गजलहरूको परिचय, तिनका कृतिका आधारमा बर्दियाली गजलको वस्तुस्थिति विकासक्रम, गजल सम्बन्धी पत्र पत्रिका तयार कृतिहरूको परिचय निष्कर्ष सहित प्रस्तुत गरिएको छ ।

बर्दियाली गजलहरूको सर्वेक्षण तथा विश्लेषण गर्नु नै प्रस्तुत शोधपत्रको मूल उद्देश्य हो । बर्दियाली गजल साहित्यको इतिहासलाई हेर्दा वि.स. २०२९ सालदेखि लेख्न आरम्भ गरिएको गजल विभिन्न अवस्था चरण र कालखण्डलाई विभिन्न धारा र प्रवृत्तिसँगै अगाडि बढेको पाइन्छ ।

बर्दियाको गजल २०५० को दशकको प्रारम्भमा अङ्कुरित भएर आठ वर्षमै हलक्क बढ्दै २०६० को दशकको मध्यतिर आइपुग्दा राम्रै गरि झाङ्गिएको देखिन्छ । बर्दियाली समकालीन गजलमा प्रकट भएको स्वरले धेरैका कान र हृदयमा अचम्मसित स्पर्श गरेका महसुस भएको छ भने बर्दियाको गजलमा यतिखेर देखिएको गति र उडानलाई हेर्दा २०६० को दशकको अन्त्यतिर यसले राष्ट्रिय स्तरमा आफ्नो विशिष्ट स्थान बनाउने प्रबल संभावना देखाएको छ ।

हुन त बाँकेको नेपालगञ्ज जस्तै बर्दियाको गुलरिया र राजापुरमा पनि उर्दू गजल साहित्यको लामो परम्परा र जीवन्त इतिहास भेटिन्छ । तर नेपालगञ्जको जस्तो बर्दियामा भने उर्दू र नेपाली गजलको सहकार्य भएको इतिहास त्यति लामो भेटिदैन । स्वर्गीय प्रकाश राजापुरीको निधनपछि बर्दियाको उर्दू गजल रानो बिनाको मौरीजस्तै बन्न पुगेको छ ।

बर्दियाको गजल साहित्यको आधारशिला खडा गर्नमा पचासको दशकमा नेपालगञ्ज र गुलरियाबाट प्रकाशित भएका विभिन्न्न दैनिक तथा साप्ताहिक पनि ठूलो योगदान रहेको पाइन्छ । यसका अतिरिक्त देशका विभिन्न स्थानबाट प्रकाशित भएका साना-ठूला आकारका साहित्यिक पत्रपत्रिकाहरूले पनि बर्दियाका गजल लेख्ने स्रष्टाहरूलाई अवसर दिँदै आएको देखिन्छ । गुलरियाबाट बर्दियाली साहित्य समानद्वारा प्रकाशित **लहर** र बाँसगढीबाट पौडेल विवादित विद्रोहीको सम्पादकतवमा प्रकाशित **अविरल** जस्ता साहित्यक पत्रिकाहरूले पनि बर्दियामा धेरै गजलकारहरू जन्माउनमा योगदान पुऱ्याएका छन् । त्यस्तै बगनाहाका युवा प्रतिभा श्रेष्ठ समनश्रीले काठमाडौँमा बसेर **नयाँ मुलुक** नामको साहित्यिक द्वैमासिक हवाई पत्रिकाको सम्पादन गरेर बर्दियाली गजल साहित्यलाई मलजल गरिरहेका छन् । त्यस्तै बर्दियाका साहित्यिक पत्रिकाहरूको कुरा गर्दा पहिले

दीपक आचार्य **जलन** र पछि रेशम थापा **अन्जानस्नेहा**को सम्पादकत्वमा प्रकाशित हुँदै आइरहेको **गजलमञ्जरी** र अमृत ढकाल निर्जन तथा डम्मर वी. सी. द्वारा सम्पादित **गजलगंगा** जस्ता गजलप्रधान पत्रिकाहरूको बर्दियाली गजलको स्तरोन्नयनमा अग्रणी भूमिका खेलेको देखिन्छ भने **गजलउद्यान** र **शब्दसारथी** पत्रिकाहरूको पनि केही न केही योगदान गरेको पाइन्छ ।

एक सय बढि गजलकारहरू साधनारत रहेको यस बर्दिया जिल्लाको गजल विकासक्रमलाई विभिन्न कोणबाट हेर्ने गरिएको छ, प्रकाशनको हिसाबले होस् या दशकीय हिसावले । जे जस्तो कोणबाट हेरिए पनि बर्दियाली गजल लेखनको जगारम्भ पचासको दशक शुरुदेखी भएको हो । क्याम्पसका हवाई पत्रिका, अन्य पत्रपत्रिका तथा स्मारिकाहरूमा बर्दियाली गजलकारका फुटकर गजलहरू वि.स. २०५०/०५१ साल तिरै प्रकाशित भएको पाइएको छ भने गजल संग्रहकै रुपमा मधु साश्रुको **पीडा अनन्त हुन्छ** (२०५७) बर्दियाको पहिलो प्रकाशित गजलसङ्ग्रह हो । त्यस यताको झण्डै दुई दशकीय गजल यात्रामा यो पुस्तक सहित व्यक्तिगत र संयुक्त संग्रहहरू गरि जम्मा १४ वटा गजल यात्रामा प्रकाशित भैसकेका छन् । त्यसैगरी झण्डै आधा दर्जन बढि साहित्यिक पत्रिकाहरू बर्दियाबाट प्रकाशित भएका छन् । गजलकार मधु साश्रु र श्रेष्ठ समनश्रीका गजलहरू संगितबद्ध पनि भैसकेका छन् । प्रकाश राजापुरी, मधु साश्रुदेखि साठीको दशकको अन्त्यसम्म आईपुग्दा बर्दियाली गजल लेखनले निक्कै फड्को मारेको छ । यो बिचमा केहि पुस्ता भारतीय सायर दुष्यन्त कुमारको गजललाई गजल अर्थात् शृंगारिक विधाको उपमा मात्र नदिई त्यसलाई समाज परिवर्तन, समसामयिकता र जीवन दर्शनको शक्तिका रुपमा उन्मुख गरिनुपर्छ भन्ने धारणाको विस्तृत प्रभाव पछिल्लो समयमा रचिएका बर्दियाली गजलहरूमा प्रष्ट देख्न सकिन्छ । बर्दियाली गजलहरूले समाजका तीतामीठा भोगाईहरू, जीवन दर्शनका कुरा, मानवीय संवेदना र समसामयिक घटनाक्रमलाई विशेषत : प्रतिनिधित्व गरेका छन् । यसो भन्दै गर्दा यो होइन कि प्रेम, शृङ्गार र शराबका कुरा छदै छैनन् । र, यहि ने र यो भन्नै पर्छ बर्दिया नै त्यो एउटा जिल्ला हो जहाँबाट 'अश्लिलताविरुद्ध गजल अभियान' को शुरुवात् पनि गरिएको थियो । प्रस्तुत शोधमा प्रत्येक गजलकाहरूका व्यत्तिगत जानकारी तथा उनीहरूको गजल प्रवृत्तिलाई पनि केलाउने प्रयास गरिएको । साथै नेपाली गजल साहित्यको राष्ट्रिय इतिहासमा बर्दियाली गजल साहित्यले स्थान प्राप्त गरेको छ ।

बर्दियाको पहिलो पुस्ताका गजलकारले केही वर्षसम्म सस्तो भावुकता हल्का शब्दहरूलाई कनिकुथी तानतुन गरि काफिया तथा रदिफको संरचना मिलाएर गजलको बिडो थामे । त्यसपछिको

पुस्ता धेरै वर्षसम्म आफ्ना गजलमा अल्लारे उमेरको प्रेम आशक्ति पोखेर एफ. एम. मै रमाए शैलीमा हाटहुटे र लहडी गजल लेख्नेहरूको भीँडमा कतै साहित्यिक मर्म बोकेका गजल लेख्नेहरूको पिढी नै तयार हुँदैन कि भन्ने चिन्ता अहिले नेपालको राष्ट्रिय गजल साहित्यमा देखिएजस्तै बर्दियामा पनि त्यो चिन्ता नदेखिएको होइन । तर 'कमल हिलोमै फुल्छ' भन्ने उखान बर्दियाली साहित्यमा पनि चरितार्थ भएरै छाड्यो । आज बर्दियामा बौद्धिकताले भरिपूर्ण, मर्मस्पर्शी र गम्भिर गजल लेख्ने गजलकारहरूको यौटा पिढी तयार भैसकेको देखिन्छ ।

मान्छे- मान्छेबीचको व्यवहारहरूमा भेटिने छलकपट, स्वार्थी प्रवृत्ति, मानवताबादको खस्कदो अवस्था, सामाजिक स्वभाव तथा मानिसका चरित्रमा आएको पतन, नैतिकता, आस्था तथा अनुशाशनमा आएको बिचलन, समाजमा बढ्दै गएको भ्रष्टाचार, बेइमानी र विसङ्गतिका साथसाथै राजनीतिको नाममा बढ्दै गएको अपराधिकरण र व्यापारिकरणप्रति पनि बर्दियाका गजल स्रष्टाहरूले आफ्ना गजलहरूबाट तिखो प्रहार र व्यङ्ग्य गर्ने गरेका छन् । यसबाट उनीहरूले आफ्नो सामाजिक दायित्व तथा इमान्दारिता निभाएको देखिन्छ ।

पछिल्लो समयमा आएर बर्दियाली गजल साहित्यमा केही आशलाग्दा प्रतिभाहरूले आफूलाई स्थापित गर्दै ल्याएको देखिए पनि बर्दियाली गजलमा केही समस्याहरू पनि देखिन थालेका छन् । नयाँ पुस्तामा केही समय गजल लेखेर यस विधामा प्रतिबद्ध भएर लाग्न नसकी छिट्टै पलायन हुने देखिन्छ । तन्नेरी उमेरमा देखिने उमेरजन्य प्रभाव र माया प्रेमको आवेगका कारणले लहैलहैमा लागेर कहिलेकाही गजल लेख्नेहरूको ठूलो भिंड देखिए पनि गजललाई बौद्धिक र साहित्यिक किसिमले बुझेर गम्भिरतापूर्वक लाग्नेहरू भने औलामा गन्न सकिने मात्र देखिन्छन् । गजल लेख्नेहरू पनि प्राय मायाप्रीति र शृङ्गारिकतामै बढि केन्द्रित हुने गरेको देखिएको छ । अलिकति अगाडी पुग्न खोज्नेहरू राजनीतिको भूँमरीलाई छिचोलेर अगाडी बढ्नै सक्दैन । राजनीतिको आग्रह, पूर्वाग्रह र आरोपप्रत्यारोप भन्दा माथि उठ्न नसकेर बर्दियाका धेरै संभावनायुक्त गजलस्रष्टाहरू बाटैमा हराएका छन् । काव्यको मर्म बुझैर समय, जीवन र समाजका विभिन्न विषयवस्तूहरूलाई आफ्ना गजलमा उतारेर गजलमा अनूभूति, अभिव्यक्ति र बौद्धिकताको कला भर्ने काममा बर्दियाका गजल स्रष्टाहरूले अझै ठूलो कसरत गर्न बाँकी नै रहेको प्रतीत हुन्छ ।

बर्दियाली गजलमा साहित्यिक रुपले अन्तरक्रिया गर्ने, नियमित रुपमा प्रकाशन र गजल गोष्ठीहरू गर्ने परम्पराको विकास नभए पनि केहि हद सम्म प्रयासहरू हुने क्रम शुरु भएको भने देखिन्छ । बर्दियाको उर्दू गजल साहित्य विगतका तुलनामा हाल आएर अस्तित्व रक्षाको अवस्थामा

पुगेको छ भने अवस्थी भाषीहरूको संख्या बर्दियामा ठूलो भएर पनि यहाँ अवधीमा कसैले गजल लेखेको देखिएको छैन । यस जिल्लामा थारु भाषामा विभिन्न विधामा कलम चलाउने राम्रा राम्रा सर्जनहरू भए पनि थारु भाषामा गजल लेख्ने स्रंटाहरू भने खासै देखिएका छैनन् प्रस्तुत शोध कार्यमा बर्दिया जिल्लाका गजलहरूको सर्वेक्षण यथा रुपमा राख्ने प्रयास गरिएको छ ।

## सन्दर्भग्रन्थ सूची


अधिकारी, सञ्जीव र अन्य, (२०६५), **अनन्त आकाशको यात्रा**, नेपालगञ्ज : मध्यपश्मिाञ्चल गजल प्रतिष्ठान ।

अधिकारी, महेश (सम्पा.) (२०६४), **आरम्भ** (अङ्क १) बर्दिया : श्री नेपाल राष्ट्रिय उच्च मा.वि बाँसगढी ।

आचार्य, दीपक जलन, (२०६३), **आँसुको अविरल यात्रा**, बर्दिया : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

आचार्य दीपक जलन, (सम्पा.) (२०६५), **बर्दियाली गजल सरोवर,** बर्दिया : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

आचार्य, दीपक जलन, अञ्जानस्नेहा (सम्पा.) (२०६८), **गजलमञ्जरी** (अङ्क १, २, ८, ८) बर्दिया : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

आचार्य, यादवप्रसाद बादल, (सम्पा.), (२०६८), **बबई पुञ्ज** (अङ्क १) बर्दिया : बबई बहुमुखी क्याम्पस ।

आभास, इन्द्रजित (सम्पा.), (२०६७), **सिर्जना सरोवर** (अङ्क२) रुकुम : स्वर्णवस्ती साहित्य समाज ।

उदासी, टीकाराम, (२०६७), **अतिरिक्त** (अङ्क २) दाङ्ग : अतिरिक्त साहित्यिक त्रैमासिक ।

करारा, अनुपमा विवश, (२०६८), **आँशुको अनुवाद,** नेपालगञ्ज : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

करारा, अनुपमा विवश र अन्य (२०६५), **टहटह जुन**, नेपालगञ्ज : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

किरण, प्रभाती, (सम्पा.) (२०६४), **नेपाली गजल : विगत र वर्तमान,** काठमाडौं : अनाममण्डली, ।

खनाल, लक्ष्मी अभी, (सम्पा.) (२०६७), **शब्दसारथि** (अङक १), बर्दिया : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

गिरी , प्रकाश निश्चल, (२०६२), **सपनाको मुस्कान**, बर्दिया : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

गिरी , सुमित, (२०६६), **स्मित**, मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान, बर्दिया : उपशाखा मगरागाडी ।

गैरे, सागर, (सम्पा) (२०६७), **पूर्णिमा** (पूर्णाङ्क २४) कोहलपुर : पूर्णिमा साहित्य समाज ।

ढकाल, अमृत निर्जन (सम्पा.), (२०६५-२०६८), **गजलगङ्गा** (अङक १,२,३,४,५) बर्दिया : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

ढकाल, महानन्द (२०६३), **अव्यक्त प्रत्याशा,** नेपालगञ्ज : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

ढकाल, घनश्याम, (सम्पा.), (२०६२), **यथार्थवादी नेपाली समालोचना,** कास्की : गण्डकी साहित्य संगम ।

तिमील्सिना, पुष्पराज, सुवास संगम (सम्पा.), (२०६७), **साहित्य गजल सरोवर** (अङ्क १) बर्दिया : शान्ति एकता क्लव सत्घरुवा ।

तिमील्सिना, हरिप्रसाद, (२०६८), **केही टिप्पणी केही समालोचना**, नेपालगञ्ज : भेरी साहित्य समाज ।

थापा बी.बी भिनाजु (२०६३), **वेदनाका बुँदहरू,** बर्दिया : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान ।

धिताल, राजेन्द्र (सम्पा.) (२०६१), **लहर,** बर्दिया : बर्दियाली साहित्य समाज गुलरिया ।

नेपाल, देवी, (२०६२), **छन्दपराग,** काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

पहाडी, विद्या निर्दोष (सम्पा.), (२०६८), **गजलउद्यान,** बर्दिया : मध्यपश्चिमाञ्चल गजल प्रतिष्ठान उपशाखा ।

परिश्रमी, न्यौपाने, घनश्याम, (२०६४), **गजलसौन्दर्य मीमांसा,** रूपन्देही : सनसाइन उ.मा.वि. ।

बराल, कृष्णहरि (२०६४), **गजल : सिद्धान्त र परम्परा,** काठमाडौँ : साझा प्रकाशन ।

भण्डारी, पारसमणि र पौडेल, माधवप्रसाद, (२०६३), **साहित्यशास्त्र र नेपाली समालोचना,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

मरासिनी, शशि (२०६०), **नजुरेको धुन**, बर्दिया : दघिराम मरासिनी स्मृति प्रतिष्ठान ।

रिमाल, हरि आँसु, (सम्पा.),(२०६७), **शारदासुधा**, बर्दिया : श्री शारदा उच्च मा.वि मैनापोखर।

साश्रु, मघु, (२०५७), **पीडा अनन्त** हुन्छ, बर्दिया : स्वयं प्रकाशक ।

शर्मा, केशवराज (२०६०), **कृष्णसार**, बर्दिया : कर्माचारी मिलन केन्द्र ।

रावल, ललिजन, (सम्पा.), (२०६५), **प्रतिनिधि नेपाली गजलहरू,** काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

शर्मा, मोहनराज र लुइँटेल, खगेन्द्रप्रसाद, (२०६२), **शोधविधि**, काठमाडौँ : साझा प्रकाशन ।